नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

# नेडम मिसन पत्रिका

अङ्क ५/वर्ष ५/नोभेम्बर २०१२ November 2012



'... यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ'

'मिलाप गराउने काम त परमेश्वर आफैले ख्रीष्ट प्रभुको क्रूसमा गरी सिध्याउनुभयो। अब यो खुशीको खबर मानिसहरूकहाँ पुऱ्याउने कामको जिम्मेवारी उहाँले हामीलाई दिनुभएको छ। परमेश्वरले यो कामको अभिभारा स्वर्गदूतहरूलाई दिनुभएन। मानिसहरूसम्म मिलापको सुसमाचार पुऱ्याउने काम मानिसले नै गर्नुपर्ने भयो।'

# सम्पादकीय

पचपन्नौं वर्ष पार गरेको नेपाली इसाई मण्डली यसको सुरुवातदेखि नै मिशनको काममा सक्रिय रहँदै आएको छ । पास्टर रोबर्ट कार्थक गुरुबाको अगुवाइमा उहाँका सहकर्मीहरू मिशनको काममा सक्रिय हुनुभएकै कारण आज नेपाली इसाई मण्डली नेपालभरी र नेपालभन्दा बाहिर पनि फैलिएर गएको छ । काठमाडौं उपत्यकामा नेइम ज्ञानेश्वर, नेइम ललितपुर, नेइम गोंगबूँ, नेइम जोरपाटी लगायत १४ वटा मण्डलीहरू रहेका छन् । हाल नेपालभित्र एकसय भन्दा बढी शाखा-आबद्ध मण्डलीहरू रहेका छन् भने नेपालभन्दा बाहिर धेरैजना मिसनरी परिवारहरू कार्यरत हुनुहुन्छ । नेइमका सबै मण्डलीहरूले मिशनको कामलाई मुख्य प्राथमिकता दिएका छन् । यसै अनुरूप नेइमसित सम्बन्धित सबै मण्डलीहरूको मिशनलाई प्रोत्साहन दिने, मिशनको काममा सहायता गर्ने र परमेश्वरको राज्य बृद्धिको लागि सहजकर्ताको भूमिका खेल्नको लागि नेइम मिशन विभाग रहेको छ । पास्टर डाक्टर राजेन्द्र कुमार रोंगोंगको अध्यक्षतामा हाल मिशन विभागले कार्य गर्दै छ । मिशनको काममा टेवा पुऱ्याइरहेको छ ।

नेइम मिशन विभागको दर्शन "सारा संसारभरि ख्रीष्टको राज्य विस्तार गर्ने ।" रहेको छ र यसले "ख्रीष्टको राज्य विस्तार गर्न समान दर्शन भएका मण्डली तथा संस्थाहरूसित सहकार्य गरी सुसमाचार प्रचार र मण्डली स्थापना तथा सुदृढ गर्ने कार्य गर्दछ ।" यसको लागि हाल मिशन विभागले निम्न मुख्य कार्यहरू गर्दै आइरहेको छः

- स्थानीय मण्डलीहरूसित सहकार्य गरी मिशनेरीहरू तयार गर्ने तथा पठाउने र मण्डली स्थापना गर्ने ।

- शाखा-आबद्ध मण्डलीहरूलाई सुदृढ गराउन आवश्यक आत्मिक, शैक्षिक तथा भौतिक लगायतका सहयोगहरू उपलब्ध गराउने ।

- स्थानीय मण्डलीहरूलाई मिशनको काममा अभिप्रेरित गरी प्रार्थना सहित सहभागी गराउने र परिचालन गर्ने ।

- स्थानीय मण्डलीका आउटरिच संगतिहरू, शाखा-आबद्ध मण्डलीहरू तथा मिशनेरीहरूले सुरु गर्नु भएका मण्डलीका अगुवाहरूलाई आवश्यक पर्ने तालिम उपलब्ध गर्ने तथा गराउने ।

- दर्शन मिल्ने विभिन्न मण्डली, मिशन संस्थाहरूसित सहकार्य गर्ने । समान दर्शन भएका देशभित्र तथा बाहिरका मण्डलीहरूसितको सहकार्यमा मिशनेरीहरू पठाउने र मण्डली स्थापना गर्ने ।

- मण्डलीका सदस्यहरूलाई आ-आफ्नो गाउँ-ठाउँमा फर्किएर सुसमाचार प्रचार गर्न र मण्डली स्थापना गर्नको लागि प्रोत्सानमूलक काम गर्ने र त्यसका लागि आवश्यक सहयोग गर्ने ।

मिशनको काम मिशन विभाग आफैले मात्र गर्ने होइन र गर्न पनि सक्दैन । मिशनको काम परमेश्वरको काम हो र यसमा परमेश्वर अगुवाइ र अनुग्रह रहेको छ । त्यसको अलावा मिशनको काममा स्थानीय मण्डली र विश्वासीहरूको सक्रिय योगदान रहँदै आएको छ । डोल्पा, रुकुम, जाजरकोट जस्ता विकट जिल्लाहरूमा अहिले धेरै मानिसहरू प्रभुमा आइरहेका छन् । त्यतिमात्र नभई भाषाको कठिनाइ भए तापनि तराइबासी मधेसी समुदायको बीचमा पनि मानिसहरू प्रभुमा आइरहेका छन् । देशमा मात्रै नभएर देश बाहिर पनि मिशनरीहरूको सेवकाइद्वारा धेरैले उद्धार पाइरहेका छन् ।

नेइम मिशन विभागले यो पत्रिकामार्फत मिशन सम्बन्धी भइरहेका केही कामहरूलाई समेट्ने प्रयास गरेको छ । तर यहाँ प्रकाशन गरेको भन्दा धेरै कामहरू नेइममा भइरहेका छन् । तर हामीले थोरै मात्र यसमा समेट्न सकेका छौं । सबै मण्डलीहरूका कामहरू वा गतिविधिहरू यस पत्रिका प्रकाशन गर्न सकिएको छैन साथै सबैजनाको साक्षी वा लेखहरू पनि यहाँ राखिएको छैन । आगामी अकंहरूमा सकेसम्म समेट्ने कोशिष गर्ने नै छौं । तसर्थ आगामी अकंहरूको निम्ति साक्षी, लेख, मण्डली गतिविधि वा यस्तै केही सामाग्रीहरू छन् भने पठाउनुहुन पनि हामी अनुरोध गर्छौं । यस पत्रिका प्रकाशनमा विभिन्न लेख, सामाग्री तथा गतिविधिहरू पठाउनुभएका सम्पूर्ण महानुभावहरूप्रति हामी आभारी छौं । साथै अन्य सहयोग गर्नुहुने र विज्ञापनदाताहरू प्रति पनि हामी धन्यवादी छौं । नेइम मिशन विभागमा सबै सहयोगीहरूप्रति आभार व्यक्त गर्दै पाठकहरूको अमूल्य सुझाव र सहयोगको हामी सदैव अपेक्षा गर्छौं । धन्यवाद ।

## नेइम मिसन विभाग
## मिसन पत्रिका

संरक्षक तथा निर्देशक
पा. डा. राजेन्द्र कुमार रोंगोंग

सम्पादक समूह
पा. अशोक मुखिया
ए. साइमन खालिङ्ग
ए. पासाङ्ग डेविड शेर्पा
डि. अमृता कार्थक

सम्पादक
लेखनाथ पौडेल

भाषा सम्पादन
पा. डा. राजेन्द्र कुमार रोंगोंग
डि. सिमोन पाठक
श्री पिटर लिम्बू

लेआउट तथा ग्राफिक्स
श्री लेखनाथ पौडेल
श्री सुरसिंह मोक्तान

टाइपिङ्ग तथा लेख संकलन
सुश्री सविना महर्जन

प्रकाशक
नेइम मिसन विभाग

आभार तथा धन्यवाद
यस पत्रिका प्रकाशनमा सहयोग पुऱ्याउनुहुने समस्त महानुभावहरूप्रति



प्रतिक्रियाका लागि सम्पर्क ठेगाना
नेइम मिसन विभाग
पो.ब.नं. ११३१, धोबिखोला
कालोपुल, काठमाडौं, नेपाल।
Email: nim.mission@gmail.com
Web: www.nim.org.np/mission
Tel: 977-1-4414489
977-1-4412172


# विषयसूची


अङ्क ५/वर्ष ५/नोभेम्बर २०१२



मिसन विभागको तर्फबाट सन्देश — पृष्ठ सं. ४
पा. डा. राजेन्द्र कुमार रोंगोंग (अध्यक्ष-नेइम मिसन विभाग)

परमेश्वरको मिसन — पृष्ठ सं. १०
ए. पासाङ्ग डेविड शेर्पा

स्वर्गीय पादरी गंगा प्रसाद प्रधान — पृष्ठ सं. १२
पास्टर एल. पी. न्यौपाने

नेपालको संक्षिप्त मण्डली इतिहास — पृष्ठ सं. १४
लेखनाथ पौडेल

हामी जानैपर्छ — पृष्ठ सं. १६
पास्टर बर्णबास श्रेष्ठ

जीवन गवाहीहरू — पृष्ठ सं. ३३

सामाजिक क्षेत्रमा नेइम — पृष्ठ सं. ३६

पाँच वर्षसम्म गाउँघरमा आएर ... — पृष्ठ सं. ४०


मेलमिलाप गराउने छोराहरू
पास्टर रोबर्ट कार्थक गुरुबा
पृष्ठ संख्या ६


ख्रीष्टको मिसन
डि. सिमोन पाठक
पृष्ठ संख्या ८


परमेश्वरको महान काम
डि. गोपाल शर्मा
पृष्ठ संख्या १३


फलदायक कृषि तालिम
डि. अमृता कार्थक
पृष्ठ संख्या १७


मिसन गतिविधि तथा समाचार
मिसन विभाग
पृष्ठ संख्या १८


मिसन सम्मलेन-२०११
मिसन विभाग
पृष्ठ संख्या १८


मिसनरी गतिविधि
मिसन विभाग
पृष्ठ संख्या २२


शाखा-आबद्ध मण्डली गतिविधि
मिसन विभाग
पृष्ठ संख्या २५


प्रार्थनाबाट सुरु गरेको यात्रा ...
श्रीमती लक्ष्मी पाख्रिन
पृष्ठ संख्या ३८

# मिसन विभागको तर्फबाट सन्देश

-पास्टर डा. राजेन्द्र कुमार रोंगोंग



**नेइमका सबै पास्टरगुरुबा, गुरूजनहरू, एल्डर, डिकन, डिकनेस, शाखा आबद्धका सबै पाष्टरहरू अगुवाहरू तथा मिसनरीहरू र मण्डली परिवारलाई नेइमको मिसन विभागको तर्फबाट जयमसीह !**

सबैभन्दा पहिले म परमेश्वरलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । मलाई थाहा थिएन मिसनले कसरी काम गर्छ तर अहिलेसम्म जसरी भइरहेको छ यसमा प्रभुको प्रत्यक्ष अगुवाई हामीहरूले अनुभव गरिरहेका छौं । मण्डलीबाट हामीलाई धेरै नै सहयोग प्राप्त भइरहेको छ । हामीले भन्नुपर्दा खेरी अरू मिसन र हाम्रो नेइमको मिसन अलि फरक छ । फरक यो अर्थमा हाम्रो मिसनले सुसमाचारको कार्यमा जोड दिएको छ । त्यो हाम्रो प्राथमिकता हो । त्यसको निम्ति हाम्रो मण्डलीबाट प्रचार गर्ने कति जना अगुवाहरू हुनुहुन्छ उहाँहरूलाई हामी सहयोग गर्छौं । त्यसबाहेक मण्डली स्थापना भइसकेपछि मण्डलीका अगुवाहरूलाई पनि सहयोग गर्दै आएका छौं । सायद अब भविष्यमा कसरी हुन्छ थाहा छैन हालसम्म बाहिरका जति नयाँ मण्डली स्थापना हुन्छ त्यहाँ उहाँहरूलाई चाहिएको विभिन्न सहायता जस्तै कतिलाई आर्थिक सहयोग, कतिलाई शिक्षामा चाहिएको सहयोग गर्दै आएका छौं । तर हाम्रो विशेष जोड शिक्षाको क्षेत्रमा छ । शिक्षाको निम्ति हामीले मुलुकभरका मण्डलीलाई भौगोलिक रूपमा क्षेत्र-क्षेत्र गरी बाँडेका छौं । त्यसअनुसार वर्षको कमसेकम एकचोटी एउटा क्षेत्रमा गएर विभिन्न कुराहरू सिकाउने र तालिम दिने गरेका छौं । नजिकको पायक पर्ने क्षेत्रहरूमा उहाँहरूले माग गरे अनुसार तालिमको आयोजना पनि गरिरहेका छौं । तालिममा हाम्रो विशेष जोड चाहिँ नेइमले विश्वास गरेको धर्मशास्त्रीय सिद्धान्तको बारेमा, बाइबल अध्ययन, प्रचार तरिका, मण्डली व्यवस्थापन तथा प्रशासन सम्बन्धी कुराहरू र आर्थिक व्यवस्थापनका कुराहरू सिकाउने गरेका छौं । अहिले बाहिरको मण्डलीका जवानहरूले स्तुति प्रशंसामा सहयोग माग्दै आउनुभएको छ । यसको निम्ति स्तुति प्रंशसाको क्षेत्रमा अगुवाइ गरिराख्नुभएकाहरूलाई हामीले सहयोग माग्छौं र उहाँहरू गएर तालिम दिने गरिरहनुभएको छ । त्यसबाहेक कति ठाउँमा हामीहरूले मण्डली भवन निर्माणको काममा पनि सहायता गरिराखेका छौं ।

अनि यो सबैको मुख्य उद्देश्य चाहिँ चर्चको संख्या बढाउनु, विश्वासीहरूको संख्या बढाउनु होइन । हाम्रो मान्यता मण्डली सक्षम हुनुपर्छ भन्ने हो । सक्षम मण्डली भएपछि त्यो आफै बढ्दै जान्छ अनि हामीहरूले त्यो अहिले देखेका छौं । अब यसमा मिलाउन पर्ने कुराहरू अझै धेरै होलान् । सायद, हामीले सबै ठाउँमा जति सहायता पुऱ्याउन पर्ने हो त्यो सकेका छैनौं होला, तर त्यसको बारेमा हामीहरू प्रार्थना सहित विचार गर्दै छौं । अब नेइमका सबै मण्डलीहरूलाई अझै बलियो शिक्षा चाहिएको छ त्यसको निम्ति हामीहरूलाई केही नियमित प्रकारका तालिमहरू चाहिएको छ ।

फेरि पनि म भन्दैछु यो जति पनि कुरा भइरहेको छ यो चाहिँ नेइम मण्डली बढाउने एकदम ठूलो बनाउने वा नेपालव्यापी बनाउने होइन तर बलियो बनाउने हो । मण्डलीलाई जुन शिक्षा चाहिएको छ त्यो शिक्षा पाउनुपर्छ । मण्डली आफ्नो स्थानमा आफै खडा हुन सक्नुपर्छ अनि त्यहाँबाट अरू ठाँउमा प्रभाव पार्दै बढेर जानसक्ने हुनुपर्छ ।

अब मिसनसम्बन्धी दोस्रो पक्ष भनेको मिसनरीहरू तयार गर्ने र पठाउने काम हो । अनि मिसनरी को हो त ? हाम्रो पालोमा विदेशबाट आउने सबैजनालाई हामी मिसनरी भन्थ्यौं तर त्यो होइन रहेछ ! जति जनाले प्रभु येशूलाई ग्रहण गरेका छन् र पवित्र आत्माबाट अभिषेक पाएका छन् तिनीहरू जम्मै मिसनरी हुन् । यो भन्दा भन्दै पनि हाम्रा विभिन्न कामहरू छन् कतिलाई सुसमाचार प्रचारकै निम्ति छुट्याइएको छ अथवा पठाइएको छ । हामीकहाँ तीन किसिमका मिसनरीहरू छन् ।

पहिलो, देशबाहिर भारत तथा बेलायतमा सेवकाइ गरिरहनुभएका मिसनरीहरू हुनुहुन्छ । हाल भारतको मुम्बईमा श्रीमान/श्रीमती जेम्स नेपाली, पुनामा श्रीमान/श्रीमती प्रदीप बज्राचार्य, गढवालमा श्रीमान/श्रीमती नरेन्द्र सिंह, सिलिगुढीमा श्रीमान/श्रीमती लोक गुरूङ्ग र बैङ्गलोरमा श्रीमान/श्रीमती तिमोथी थापा हुनुहुन्छ । बेलायतमा श्रीमान/श्रीमती अब्राहाम श्रेष्ठले सेवकाइ गरिरहनुभएको छ । हामीले उहाँहरूलाई विभिन्न प्रकारले सहयोग गरिरहेका छौं । उहाँहरूलाई रूपैया पैसाको सहयोग अवश्य नै चाहिन्छ तर त्यो बाहेक उत्साह पनि चाहिँदो रहेछ । अनि हामीले वर्षमा एकचोटी उहाँहरूलाई यहाँ बोलाउने र भेटघाट तथा तालिम प्रदान गर्ने काम गरिरहेका छौं । तर मण्डलीका भाइबहीनीहरूलाई मेरो अनुरोध यही छ, कि केही नभए पनि ख्रीष्टमसको समयमा वा इष्टरको समयमा कार्ड पठाइदिनुभयो अथवा बेलाबेलामा कस्तो हुनुहुन्छ, के गर्दैहुनुहुन्छ भनी सोधिदिनुभयो भने पनि

धेरै उत्साह हुनेछ ।

अर्को, अहिले हाम्रो जोड नेपालभित्रै छ । विभिन्न ठाँउमा मण्डली स्थापना गर्नको लागि मण्डलीका सदस्यहरूलाई उत्साह दिने र ठाउँ ठाउँमा पठाउने काम पनि भइरहेको छ । यो भन्दा मलाई निकै खुसी लाग्छ, कि डोल्पा जस्तो ठाउँमा तीनवटा मण्डली स्थापना भइसकेका छन् । हरेक ठाउँमा यो वृद्धि जारी छ ।

अब अर्को किसिमको मिसनरी हुनुहुन्छ जो कामको लागि विभिन्न ठाउँमा जानुभएको छ । हामी उहाँहरूको लागि प्रभुलाई धन्यवाद दिन्छौं । उहाँहरूको जुन उत्साह छ प्रभुलाई जुन प्रकारले प्यार गर्नुहुन्छ र जुन प्रकारले मण्डलीमा काम गरिराख्नुभएको छ हामीलाई धेरै उत्साह मिलेको छ । अब अहिले अरब मुलुक, सिंगापुर, मलेसिया, जापानतिर पनि हेर्नुपर्ने हो कि, हामीले मिसनरी नै पठाउनुपर्छ कि, कोही त्यही गएर बस्नुपर्ने हो कि भन्ने लाग्न सक्छ तर सायद त्यो असम्भव होला । तर विभिन्न प्रकारले हाम्रो शिक्षा त्यहाँ पठाउनको लागि हामी पहल गर्न सक्छौं । विदेशमा मण्डली स्थापना भएपछि त्यो नेइमको मण्डली हुँदैन । त्यो त्यहींकै मण्डली हुन्छ । तर यदि उहाँहरूलाई नेइमको शिक्षा चाहियो भने त्यो हामीले हेर्नुपर्ने हुन्छ । तपाईंहरू जो अहिले विदेशमा काम गर्दैहुनुहुन्छ म तपाईंहरूलाई भन्दैछु त्यहाँ तपाईंहरू हुनुहुन्छ, मण्डली स्थापना गर्न चाहनुहुन्छ र नेइम ज्ञानेश्वरको शिक्षा चाहनुहुन्छ भने हामीसँग सम्पर्क राख्न सक्नुहुन्छ । कुन किसिमले हुनसक्छ त्यो हामी गर्नसक्छौं अथवा मिलेर गरौं न के हुने रहेछ !

तपाईंहरू जतिजना मिसनरी भएर काम गरिराख्नुभएको छ र नयाँ मण्डली सुरु गर्नुभएको छ, तपाईंहरूको जिम्मेवारी विशेष छ र त्यसमा मण्डलीका सबै अगुवाहरूले उहाँहरूलाई सहयोग दिनुपर्छ । यो कुरामा हामी मिलेर काम गरौं । जाऊ, चेला बनाऊ, पिता पुत्र पवित्र आत्माको नाउँमा बप्तिस्मा देऊ र मैले सिकाएका कुरा पालन गर्नलाई सिकाऊ भन्ने उहाँको आज्ञाअनुसार हामी काम गर्दै जाऔं ।

हाम्रो मिसनको मुख्य प्राथमिकता सुसमाचार प्रचार हो । त्यो हुनैपर्छ तर त्यो सँगसँगै हाम्रो अरु पनि आवश्यकता छ । हाम्रो मन र हृदयलाई शिक्षा चाहियो साथै हाम्रो शरीरको निम्ति भौतिक आवश्यकता पनि छ । म आफै बनेको छैन भने मण्डली आफै बलियो छैन भने अरूलाई कसरी सहायता गर्न सक्छु । यसैले मिसनले अहिले मानिसहरूको मुक्तिको सवाङ्गीण पक्षमा जोड दिएको छ ।

केन्द्रमा हुनेको लागि मेरो विशेष अनुरोध, मिसनको काम मिसन विभागले मात्र गर्ने होइन तर हामी सबैले मिलेर गर्नुपर्छ । हामी मिलेर गरौं अनि मिलेर गर्दा कति कुरा छोड्नपर्ने हुन्छ, कति कुरा लिनुपर्ने हुन्छ अनि त्यो चाहिँ आफ्नो-आफ्नो ठाउँमा बसेर तर्क वितर्क गर्नुभन्दा पनि प्रभुकहाँ जाऔं, प्रभुले के देखाउनुहुन्छ । हाम्रो मण्डलीको आवश्यकता अनुसार बुझेर कुन-कुन प्रकारको शिक्षा चाहिने रहेछ सो अध्ययन गरी त्यसको एउटा खाका बनाउन हालैमा ईश्वरशास्त्र पढेर आउने मित्रहरूलाई हामीले अनुरोध गरेका छौं । मण्डलीभन्दा खेरी हाम्रो यहाँ मात्र होइन तर नेपालभरिको नेइमका आबद्ध मण्डलीहरू हुन् । मण्डलीमा जुन किसिमको बृद्धि भइरहेको छ यसको निम्ति आर्थिक आवश्यकता पनि पर्दोरहेछ त्यसको लागि पनि प्रार्थना गरिदिनुहोस् ।

पास्टरगुरूबा रोबर्ट कार्थक र म हामी दुइजना बुढाहरू भेट्दा हामी प्रभुलाई धन्यवाद चढाउँदछौं । हालसम्म मण्डलीमा पाष्टरको रूपमा प्रभुको सेवकाइमा ८० वर्ष नाघेका हामी दुइ जना मात्रै छौं । हाम्रै जीवनकालमा प्रभुले नेपालमा आश्चर्यकर्म देख्न दिनुभएको छ । झण्डै शून्यबाट यत्तिका विश्वासीहरू मुलुकभर अहिले देख्न पाएका छौं अनि यो कामचाहिँ अझै बढेर जानुपर्नेछ र मलाई लागेको कुरा जति काम प्रभुले हाम्रो जीवनमा गर्नुभयो । यो बृद्धि हुनुमा हाम्रो मात्र प्रयास थियो भन्ने अर्थ नलागोस् । परमेश्वरले आफ्नो समयमा विभिन्न स्थानमा आफ्ना अन्य सेवक-सेविकालाई ल्याई आफ्नो काम गर्नुभयो । त्यसैको फल हो यो । त्यो भन्दा धेरै गर्नुपर्ने कामहरू छन् अनि त्यस्ता काम गर्नेहरू धेरैलाई प्रभुले मण्डलीमा ल्याउनुभएको छ । नयाँ नियमका कुरा हेर्दा पनि प्रभुले १२ चेलाहरू छान्नुभयो अनि तिनीहरूपछि अरु चेलाहरू आए । अब अहिले संसारमा हेर्ने हो भने ठूला-ठूला कामहरू भइरहेका छन् । जुन काम पहिले प्रभुले पृथ्वीमा छँदा गर्नुभएको थियो त्यो भन्दा ठूला-ठूला कामहरू अहिले भइरहेका छन् । एकै पटकमा लाखौंले प्रभुलाई ग्रहण गरेको कुरा हामीले सुनिरहेका छौं त्यो कुरा किन नेपालमा हुन सक्दैन । यो जिम्मा तपाईं आउने पुस्ताहरूको हो । एउटा डरचाहिँ के हो भने ठूलोबाट सुरु भएर त्यत्तिकै विलाएर जाने नहोस् । प्रभुकै महिमाको निम्ति जति छौं सानोबाट यहाँसम्म आइपुगेका छौं यो भन्दा अझै ठूलो हुँदै जाऔं । यो कुरा चाहिँ मानिसबाट नहुँदो रहेछ भनी पास्टरबाबु र मैले एउटा कुरो सिकेका छौं । प्रभुले भन्नुभयो, 'तिमीहरूले यी भन्दा ठूला-ठूला कामहरू गर्नेछौ ।' अनि म त्यही भन्न चाहन्छु, जति काम भयो त्यो भन्दा अझै ठूला कामहरू हामी गर्न सक्छौं । प्रभुसँग सम्बन्ध ठीक राख्नोस्, सोध्नोस्, उहाँ के भन्दै हुनुहुन्छ सुन्नुहोस्, गर्नोस् । फेरि पनि तपाईंहरूलाई परमेश्वर पिता, परमेश्वर पुत्र परमेश्वर पवित्र आत्माले आशीर्वाद देऊन् । धन्यवाद ।

# मेल मिलाप गराउने – परमेश्वरका छोराहरू

*- पास्टर रोबर्ट कार्थक*

**'मिलाप गराउने काम त परमेश्वर आफैले ख्रीष्ट प्रभुको क्रूसमा गरी सिध्याउनुभयो। अब यो खुशीको खबर मानिसहरूकहाँ पुऱ्याउने कामको जिम्मेवारी उहाँले हामीलाई दिनुभएको छ। परमेश्वरले यो कामको अभिभारा स्वर्गदूतहरूलाई दिनुभएन। मानिसहरूसम्म मिलापको सुसमाचार पुऱ्याउने काम मानिसले नै गर्नुपर्ने भयो।'**



"यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिगएको छ, हेर नयाँ आएको छ । यो सब परमेश्वरबाट भएको हो जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो र हामीलाई मिलापको सेवा दिनु भयो । अर्थात् स्वयं ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदै हुनु हुन्थ्यो । तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनु भएको छ । यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनु भएको छ । ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ ।" २ कोरिन्थी ५:१७-२० ।

पवित्र परमेश्वर र पापी मानिसहरूको बीचमा पापको कारणले चलिरहेको युद्ध अब येशूको क्रूसमा समाप्त भइसकेको छ । युग युगदेखिको शत्रुता अब खत्तम भएको छ । ख्रीष्ट येशूलाई पापीहरूको पापको दण्ड भोग्न लाएर परमेश्वर आफैले हामीलाई आफूसँग मिलापमा ल्याउनु भएको हो, र हामीले उहाँबाट पाप क्षमा मात्र होइन तर मिलाप पनि पाएका छौं । "किनकि हामी शत्रु छँदै उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने झन् बढी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं" (रोमी ५:१०) । हाम्रा अनाज्ञाकारिता र बागीपनाको कारणले हाम्रो विरुद्धमा रहेको उहाँको सम्पूर्ण क्रोध क्रूसमा झुण्डाइनुभएको ख्रीष्ट येशूमाथि परमेश्वरले खन्याउनुभयो । अब ख्रीष्टलाई मुक्तिदाता र प्रभु भनी ग्रहण गर्ने हरेक पापीलाई परमेश्वरले क्षमा गर्नुहुन्छ र आफ्नो सन्तान बनाउनुहुन्छ । उहाँका छोराछोरीहरूलाई उहाँले माया गर्नुहुन्छ, प्यार गर्नुहुन्छ, प्रेम गर्नुहुन्छ । अघि शत्रु छँदा हामी परमेश्वरको दृष्टिमा दोषी थियौं, दण्ड-योग्य ठहरिएका थियौं । हामी उहाँसँग डराउँथ्यौं, उहाँबाट टाढा-टाढा भागी हिँड्थ्यौं । तर अब सबै बद्लिएको छ । ख्रीष्ट येशूको क्रूसको महा पवित्र बलिदानको कारणले हामी विश्वास गर्नेहरू सबै उहाँका प्यारा छोरा-छोरी बन्न पाएका छौं । उहाँ हामीलाई पवित्र आत्माद्वारा आफ्नै पुत्र येशूको रूपमा बद्लँदै हुनुहुन्छ (रोमी ८:२९, २ कोरिन्थी ३:१८) ।

येशू प्रभुको जन्ममा स्वर्गदूतहरूले गाएका थिए, "सर्वोच्चमा परमेश्वरलाई महिमा, – पृथ्वीमा मानिसहरूलाई मिलाप" (लूका २:१४) । मुक्तिदाता येशू प्रभुमा शत्रुतालाई अन्त्य गरेर परमेश्वरले पापी मानिसहरूलाई आफूसँग मिलापमा ल्याउनुहुनेछ भन्ने परमेश्वरपट्टिबाटको घोषणा थियो ।

परमेश्वर मानिसहरूसँग रिसाउनुभएको कारणले नै संसारमा सबै किसिमका रोग-बिमार, दुःख-कष्ट, अनिकाल, महामारी, भूइचालो, हुरी-बतास, आँधी-बेरीहरू आएका हुन् भन्ने मानिसहरूको विचार छ। परमेश्वरले नै मानिसहरूलाई दण्ड दिनलाई यी पठाएका हुन् भनी कतिले भन्छन् । यसैले उनीहरू धर्म-कर्म, पूजा-पाठ गरेर रुष्ट परमेश्वरलाई मनाउन चाहन्छन्, खुशी बनाउन खोज्छन् । दान-पुण्य, पूजा-पाठ, धर्म-कर्म गरेर उहाँलाई रिझाउन सके उहाँको रीस मर्छ र उहाँले यी सबै सराप, दुःख-कष्टहरू पठाउनु हुन्न भन्ने तिनीहरूको धारणा हो । तर परमेश्वरले मानिसहरूलाई दण्ड दिनलाई यसरी दुःख-कष्टहरू पठाउनु भएको होइन । उहाँ अब हामीसँग रिसाउनुभएको छैन । उहाँ हामीलाई प्रेम गर्नुहुन्छ, माया गर्नुहुन्छ । शत्रुता क्रूसमै समाप्त भइसकेको छ ।

परमेश्वरले हामीलाई खीष्ट येशूद्वारा आफूसँग मिलाप गराउनुभएको मात्र होइन, उहाँले मिलापको सेवा नै हामीलाई दिनुभएको छ (२ कोरिन्थी ५:१८) । प्रभु येशूमा विश्वास गरेर परमेश्वरसँग मिलाप पाएकाहरूले नै यो सुसमाचार अरुहरूलाई सुनाएर उनीहरूलाई पनि परमेश्वरसँगको मिलापमा ल्याउनुपर्ने भयो । पापी मानिसहरूको अपराधको लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ । (२ कोरिन्थी ५:१९) अब खीष्टका राजदूत भएर हामीले खीष्टकै पक्षमा मानिसहरूलाई उहाँमाथि विश्वास गरेर परमेश्वरसँग मिलापमा आउनलाई आग्रह गर्नु परेको छ, अनुरोध गर्नु परेको छ (२ कोरिन्थी ५:२०) ।

मिलाप गराउने काम त परमेश्वर आफैले खीष्ट प्रभुको क्रूसमा गरी सिध्याउनुभयो । अब यो खुशीको खबर मानिसहरूकहाँ पुऱ्याउने कामको जिम्मेवारी उहाँले हामीलाई दिनुभएको छ । परमेश्वरले यो कामको अभिभारा स्वर्गदूतहरूलाई दिनुभएन । मानिसहरूसम्म मिलापको सुसमाचार पुऱ्याउने काम मानिसले नै गर्नुपर्ने भयो ।

खीष्ट येशू प्रभुले क्रूसमा "अब सिद्धियो" भनी कराउनु भएको समयदेखि नै हाम्रो मुक्तिको काम सिद्धियो, परमेश्वरसँगको मेल-मिलापको काम पनि सिद्धियो । अब परमेश्वर हामीलाई आफ्नो शत्रु ठान्नु हुन्न, हामीसँग रिसाउनु हुन्न, रुष्ट हुनुहुन्न । यशैया ५४:९ मा परमेश्वर भन्नुहुन्छ, "यो त मेरो निम्ति नोआको पालाका दिनहरू जस्तै छ, किनकि जसरी मैले नोआको समयमा सपथ खाएको थिएँ कि म जलप्रलयको पानीले पृथ्वीलाई फेरि डुबाउनेछैन, त्यसरी नै अबदेखि तँमाथि रीस गर्नेछैन, म तँलाई कहिल्यै हप्काउनेछैन भनी मैले शपथ खाएको छु ।" अब हामी उहाँका मित्र भएका छौं । उहाँ हामीलाई माया गर्नुहुन्छ, प्यार गर्नुहुन्छ । उहाँ हामीसँग प्रसन्न हुनुहुन्छ । हामी उहाँका कृपा-पात्र, उहाँका प्यारा छोरा-छोरी भएका छौं ।

मुक्तिको यो सुसमाचार सुनेर येशू प्रभुलाई आफ्ना मुक्तिदाता प्रभु भनी ग्रहण गर्नेहरूले सित्तैमा मुक्ति पाउँछन् । परमेश्वरलाई मनाउनलाई, खुशी पार्नलाई हामीले अरु केही गर्न पर्दैन, खालि खीष्ट येशू प्रभुमा विश्वास गरे पुग्छ ।

यसैले खीष्ट प्रभुले स्वर्ग जानुभन्दा अघि आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयो, "सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५) ।

"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाइ दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ । मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु" (मत्ती २८ :१८-२०) ।

मण्डलीले प्रभुबाट पाएको 'महान् आज्ञा' यही हो । मुक्तिको यो सुसमाचार सुनाउने जिम्मेवारी हामीलाई दिइएको छ । सुसमाचार सुनाएर नरक जान लागेका अविश्वासीहरूलाई स्वर्ग जाने विश्वासी बनाउनु मात्र होइन तर प्रभुले दिनुभएका आज्ञाहरू पलन गर्न सिकाएर ती विश्वासीहरूलाई प्रभुका आज्ञाकारी चेलाहरू बनाउने जिम्मेवारी पनि हाम्रो नै हो ।

यही हाम्रो कर्तव्य हो, यही हाम्रो बोलावट हो, प्रभुबाट पाएको यही हाम्रो मिसन हो ।


## Quilts and Things Boutique

*Located next to Shuvatara School in Sanepa, Patan*

*Beautiful products of export quality.*

*wall-hangings, placemats, potholders, aprons, table runners, cross-stitch, bed quilts (sizes: infant to deluxe queen), many baby items*

*hours: 10 - 5 Thursday (Other times by appointment.)*

*email: Thquilts@gmail.com*

*office: 553-5631 / mobile: 9851083766 - Sharon Rongong - owner*

*mobile: 9803218414 - Bobbie Clinton - design consultant*

*(Quilts also made to your specifications by special order.)*

# ख्रीष्टको मिसनः दयाले भरिएको मिसन



सिमोन पाठक

नेपाल देशमा मण्डलीहरूको जन्मसँगै धेरै ख्रीष्टियान सघं-संस्थाहरूको पनि जन्म भएको छ । प्रत्येक मण्डली वा संस्थाहरूको आ-आफ्नो मिसन हुन्छ । मण्डलीहरू र ख्रीष्टियान सघं-सस्थाहरूको कार्य क्षेत्र फरक-फरक भए तापनि एउटा साझा उद्देश्य वा मिसन भनेको प्रभुविना आशाविहीन जीवन बिताइराखेकाहरूलाई आशा दिनु वा मुक्तिदाता प्रभु येशूले दिनुहुने अनन्त जीवनको मार्गमा डोऱ्याउनु हो । मण्डली वा सघं-संस्थाहरूको मिसन सफल हुनका निम्ति विभिन्न स्रोत तथा साधनहरूको आवश्यक्ता पर्दछ । यदि कसैले प्रभु येशूले सुरु गर्नुभएको मिसनलाई निरन्तरता दिनको निम्ति हामीलाई कुन कुरो अति आवश्यक छ भनेर प्रश्न गऱ्यो भने प्रश्नको जवाफमा दिइने धेरै उत्तरहरू मध्ये पैसाले महत्त्वपूर्ण स्थान ओगट्न सक्ला । हो, परमेश्वरको काम गर्नलाई हामीलाई पैसा चाहिन्छ तर पैसा नै सबै कुरो होइन । हुन त पैसाको बलमा चलेका थुप्रै मिसनहरू छन् । कति सफल भइराखेका छन् भने कति असफलताको भुमरीमा हराइराखेका छन् । प्रभु येशूले सुरु गर्नुभएको मिसनको मूल जरो जुन थियो त्यही जरो नै आजका मण्डलीहरू वा सघं-संस्थाहरूको हुन सक्यो भने निश्चय नै प्रभुको महिमा ती मिसनहरूद्वारा हुनेछ । येशूले जुन मिसन लिएर स्वर्गबाट पृथ्वीमा आउनुभएको थियो त्यो मिसन पूरा गर्नलाई पैसा मुख्य साधन थिएन । हो, रोमी सरकारलाई कर तिर्न उहाँलाई पैसा चाहिएको थियो । तर उहाँको मिसन फैलिएर जानुमा पैसा मुख्य साधन थिएन । प्रभु येशूले जग बसाल्नु भएको मिसनको जरो चाहिँ के हो त ?

## हृदयबाट उत्प्रेरित मिसन

प्रभु येशूले सुरु गर्नुभएको मिसनको मुख्य कडी चाहिँ दया थियो । जब-जब उहाँले भीडहरूलाई देख्नुहुन्थ्यो, उहाँको हृदय दयाले भरिन्थ्यो । मत्ती ९:३५-३६ मा यसरी लेखिएको छ, "येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो । तर भीडहरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो । किनभने तिनीहरू गोठालाविनाको भेंडाहरूजस्तै हैरान र असहाय भएका थिए ।" सुसमाचारका पुस्तकहरूले येशूको मिसन चाहिँ दयाले भरिएको मिसन थियो भन्ने कुरालाई जोर दिएको पाउँदछौं ।

येशूले आफ्नो सेवकाइको दौरानमा धेरै अचम्म र उदेकका कामहरू गर्नुभयो । धेरै लङ्गडाहरूलाई हिँड्न सक्ने तुल्याउनुभयो । धेरै बहिराहरूलाई सुन्न सक्ने बनाउनुभयो, धेरैअन्धाहरूलाई देख्न सक्ने बनाउनुभयो । धेरै कुष्ट रोगीहरूलाई निको पार्नुभयो । संसारमा थिचिएका, मिचिएका, शैतानबाट पेलिएकाहरूलाई स्वतन्त्र गराउनुभयो । येशू प्रभुले यस्ता कामहरू मानिसहरूको माझमा गरेर आफू महान् सेवक तथा अगुवा हुँ भनेर मानिसहरूलाई प्रभाव पार्ने उद्देश्यले गर्नुभएको थिएन । उहाँले मानिसहरूलाई निको पार्ने अथवा जे जति आश्चर्यकर्महरू गर्नु भयो ती सबैको पछाडि एउटै कुरो लुकेको थियो, त्यो चाहिँ परमेश्वर पिताको हृदयमा मानिसहरूप्रति भएको दया प्रकट गर्नु हो । किनकि त्यो समयका मानिसहरूले परमेश्वर पिता कस्तो हुनुहुन्छ भन्ने कुरा बुझेका थिएनन् । हामीहरूले येशूको बलिदानद्वारा परमेश्वर पिताको प्रेमलाई बुझ्न सकेका छौं । तर येशू यस संसारमा पुत्र बनेर आउनु अघिको समय मानिसहरूले पिताको हृदयमा मानिसहरूप्रति भएको दयालाई बुझ्न सकेका थिएनन् । येशूले आफ्नो सेवकाइको दौरानमा मानिसहरूलाई जुन प्रकारले टिठाउनुभयो, त्यसद्वारा मानिसहरूले पिताको हृदयलाई बुझ्न सकेका थिए । ख्रीष्ट येशूको मिसन दयाले भरिएको मिसन थियो । आज हाम्रो मिसन कुन कुरोले उत्प्रेरित भइराखेको छ ?

## ठीक अभिप्रायद्वारा उत्प्रेरित मिसन

येशूको समयमा चिन्ह-चमत्कारको काम गर्ने धेरै मानिसहरू थिए । उनीहरूले अचम्मका कामहरू गरेर मानिसहरूलाई आफूतिर खिच्ने काम गर्दथे । मानिसहरूबाट स्याबासी पाउन वा लोकप्रिय बन्नका लागि मानिसहरूको माझमा चमत्कारका कामहरू गर्दथे । प्रेरित ८:९-१० मा यसरी लेखिएको छ, – "सिमोन नाउँ भएको एक जना मानिस त्यहाँ थियो । त्यसले अगाडिदेखि नै त्यस सहरमा जादूगरी गरेर सामरियाका मानिसहरूलाई आश्चर्यचकित पारेको थियो, र आफूलाई मै हुँ भनी ठान्दथियो । त्यस मानिसलाई सानादेखि ठूलासम्म सबैले यसो भनेर मान्थे, 'यो मानिस परमेश्वरको त्यो शक्ति हो, जसलाई महाशक्ति भनिन्छ' ।" नेपाल, भारत र संसारका कति ठाउँहरूमा यस किसिमको चमत्कारका कामहरू गर्ने मानिसहरू थुप्रै पाउँछौं । उनीहरूले जे-जति आश्चर्यका कामहरू गर्छन् ती सबैको पछाडि व्यक्तिगत स्वार्थ लुकेको पाउँछौं । मानिसहरूबाट



मान, इज्जत र ठूलो बन्ने अकांक्षाले उनीहरूको मिसन उत्प्रेरित भएको हुन्छ । तर येशू प्रभुको मिशन त्यस्तो थिएन । उहाँले जति पनि आश्चर्यका कामहरू गर्नुभयो ति पितालाई महिमा दिनलाई थियो ।

## दयाले उत्प्रेरित मिसन

मानिसहरूबाट स्याबासी पाउनका लागि हामीले परमेश्वरको काम गरिराखेका छौं भने त्यसले परमेश्वरको महिमा हुन सक्दैन । प्रभुविना जीवन बिताइराखेका मानिसहरू, विशेष गरी ती मानिसहरू जोहरू आशाविहीन छन्, संसार र शैतानबाट पेलिएका छन् । त्यस्ता मानिसहरूलाई देख्दा हाम्रो हृदय येशू प्रभुको जस्तै दयाले भरिन्छ के ? हामीले परमेश्वरको नाउँमा गरेको सेवाको पछाडि दया जोडिन्छ के ? दयाविनाको सेवाको कुनै अर्थ हुँदैन । हामीले प्रभुको नाउँमा धेरै कामहरू गर्न सक्छौं । धेरैलाई सुसमाचार सुनाएर प्रभुमा डोऱ्याउन सक्छौं । धेरै मण्डलीहरू स्थापना गर्न सक्छौं । तर पावलले १ कोरिन्थी १३:१-३ मा भने जस्तै "मैले मानिसहरू र स्वर्गदूतहरूको भाषामा बोले तापनि ममा प्रेम छैन भने, म हल्ला मचाउने घण्टा र झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुन्छु । मसगँ अगमवाणी बोल्ने शक्ति होला, र सबै रहस्य र सबै ज्ञानहरू बुझ्न सकूँला, र पहाडहरू हटाउन सक्नेसम्मको सम्पूर्ण विश्वास मसित होला, तर ममा प्रेमचाहिँ छैन भने म केही पनि होइनँ । यदि मैले सारा सम्पत्ति बाँडिदिएँ, र मेरो शरीर जलाउनलाई दिइहालेँ, तर मसित प्रेम छैन भने मलाई केही लाभ छैन ।"

दया वा प्रेमविनाको मिसनचाहिँ झ्याइँ-झ्याइँ गर्ने झ्याली मात्र हुने भएको हुनाले हामीले येशूको नाउँमा गर्ने प्रत्येक काममा दया वा प्रेमले स्थान पाएको हुनुपर्दछ । इतिहासमा धेरैले शक्तिद्वारा आफ्नो राज्यहरू फैलाए तर उनीहरूले सुरु गरेको मिसन उनीहरूको मृत्युसँगै बिलाएर गएको धेरै उदाहरणहरू हामी पाउन सक्छौं । तर येशू प्रभुको दया वा प्रेमको मिसन २१ औं शताब्दीमा पनि बढ्दै गइराखेको छ । यो अझै बढ्दै नै जानेछ । संसारको कुनैपनि शक्ति वा शासनले येशूको मिसनलाई बन्द गर्न सक्दैन । प्रभुले मण्डलीलाई जुन मिसन सुम्पनुभएको छ त्यसको जराचाहिँ सधैं नै दया वा प्रेम हुनु अति आवश्यक छ । मिसनको जग विनाप्रेम भयो भने अन्तमा त्यो मिसन बिलाएर जानेछ तर दयाले उत्प्रेरित मिसन अनन्तसम्म रहिरहनेछ ।

हामीले मिसनको काममा दिइराखेको भेटी, समय र प्रार्थना प्रेमले उत्प्रेरित हुनुपर्छ । हामीले करमा परेर वा मैले मिसनको काममा पनि भेटी दिँदै छु, समय दिँदै छु, प्रार्थना गर्दैछु भन्ने मनासयले मिसनमा गरेको लगानीको कुनै अर्थ रहँदैन । मिसनको काममा उदार चित्तले दिनेहरू हुन् वा मण्डलीको मिसनको कामलाई नेतृत्व प्रदान गर्नेहरू हुन् । सबैमा मानिसहरूप्रति दयाले भरिएको हृदयको सृजना हुनु अति आवश्यक छ । दयाविनाको मिसन बालुवामा पानी हाले सरह नै हो । खीष्टको मिसन दयाले भरिएको मिसन भए जस्तै हाम्रो मिसन पनि सधैं  दयाले भरिएको हुन सकोस् जसले मण्डलीलाई सधैं जीवित राख्नेछ ।

# परमेश्वरको मिसन



ए. पासाङ्ग डेविड शेर्पा

k/d‡j/sf]ld;g @! cf}+ztflAbsf d08nLx¿sf]ld;g eGbf 7hf]5.

**परमेश्वरको मिसनको वास्तविकताः** (The truth about Missio Dei)

ईश्वरिय मिसनको परिभाषाः **परमेश्वरको काममा उहाँका चुनिएका सन्तहरूको सक्रिय सहभागिता।**

- **परमेश्वरको कामः** परमेश्वरले आफ्नो महान अभिप्राय अनुसार मिसनलाई जन्माउनु भएको हो । मण्डलीले मिसन जन्माएको होइन ।
- **सहभागीताः** मिसन एउटा अमूर्त र व्यक्त गर्न नसकिने कार्य होइन । मिसनले मण्डलीको वास्ताविक पहिचान प्रदान गर्दछ । मण्डली मिसनमा सहभागी भएन भने, उसको यस पृथ्वीमा बस्ने कुनै औचित्य नै छैन ।
- **परमेश्वरका सन्तहरूः** मिसनको मुख्य अभिनेता परमेश्वर स्वयं हुनुहुन्छ, मण्डली होइन यसै कारण मण्डलीलाई आफुखुसी परमेश्वरको मिसनको आधारभूत कार्यपद्धति र कार्यनीति तर्जुमा गर्ने अधिकार छैन । येशू प्रभु स्वयंले पनि आफ्नो योजना यस पृथ्वीमा आएर आफुखुशी बनाउनु भएन । पिताको योजना नै उहाँको योजना थियो ।

परमेश्वरको मिसन "पठाइएका" को नभएर "पठाउनेको" हो । परमेश्वरको मिसनको सम्बन्धमा प्रभु येशूले स्पष्टसँग भन्नुभयो, **"किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनु भएको छ ... यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।"** यूहन्ना १२:४९-५०

यूहन्ना ५:१९ मा येशूले भन्नुभयो, **"साँच्चै म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ पुत्रले त्यसै गर्छ। किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ।"**

**परमेश्वरको मण्डली दुइ आधारभूत् यथार्थमा खडा छः**

- **परमेश्वरको मिसनद्वारा मण्डलीको जन्म भएको हो ।**
- **परमेश्वरको मिसनमा मण्डली सहभागी भएको कारणले यसको अस्तित्व यस संसारमा छ ।**

डेविड बोस्चको भनाई अनुसार, "मिसन मण्डलीको मुख्यतः क्रियाकलाप नभएर, परमेश्वरको स्वभाव हो ।" यो तथ्यलाई बुझ्नु जरुरी छ, मण्डलीको कुनै मिसन छैन । बाइबलीय ईश्वर–सिद्धान्त अनुसार यो मिसनलाई Mission of God (Latin: Missio Dei) अर्थात परमेश्वरको मिसन भनेर सम्बोधन गरिएको छ, मण्डलीको मिसन होइन । परमेश्वरले मण्डलीलाई संसारको उद्धारको मिसनमा सहभागी र सहकर्मी हुनलाई बोलाउनु भएको हो । यो महान र गरीमामय मिसन त्रिएक परमेश्वरबाट जन्मेको हो । परमेश्वर पिताले पुत्रलाई पठाउनुभयो, पिता र पुत्रले पवित्र आत्मालाई पठाउनुभयो, र पिता, पुत्र अनि पवित्र आत्माले मण्डलीलाई संसारमा पठाउनुभयो । यो मिसन त्रिएक परमेश्वरको सिद्ध सामञ्जस्यताको प्रतिफल हो । आजको मण्डलीले गरिने मिसनमा परमेश्वरको सहभागीता कम मानिसको सहभागीता धेरै देखिन्छ । परमेश्वरको महिमा कम, मानिस वा संघसंस्थाको महिमा ज्यादा भएको हामी पाउँछौं । त्रिएक परमेश्वरको सल्लाहभन्दा, सांसारीक कार्यपद्धतिहरू (methodology) कार्यान्वयन गरेको हामी धेरै भेट्टाउँछौं । हजारौं पुस्तकहरू बजारमा छन् (सबै होइन) जसले मण्डलीले मिसन कसरी गर्नुपछ भन्ने बारे सिकाउँछन्, मण्डलीले बाइबल कम, छिटो-मीठो सल्लाह दिने पुस्तकहरूलाई "बाइबल" बनाएका छन् । यस प्रकार को मिसन पिता, पुत्र र पवित्र आत्माको सामञ्जयस्तामा भएको हुँदैन । परमेश्वरको मिसनको पराकाष्ठा चाहिँ पिता, पुत्र र पवित्र आत्माको महिमा पुऱ्याउनु हो, कुनै व्यक्ति वा संस्थाको होइन । प्रभु येशूले लगभग साढे तीन वर्षमा जे काम गर्नुभयो, आज कतिपय मण्डलीले १०० वर्षमा पनि गर्न सकिरहेको छैन । परमेश्वरको काम उहाँकै तरिकाले गर्नुपर्छ यसको अरु कुनै वैकल्पिक उपाय छैन ।

**मण्डलीको वास्तविक पहिचान**

हामी मण्डलीले देशको कुना-कुना र विदेशमा पनि मिसनरी पठाउनुपर्छ भनी घोषणा गर्छौं, हाम्रो मण्डली मिसनरी मण्डली हुनुपर्छ भनी हामी नारा लगाउँछौं, धेर थोर कति ठाँउमा मिसनरी पनी पठाउने काम गर्छौं । कति मण्डली यसैमा दीर्घ–सन्तुष्टि भएर मग्न भएको हामी देख्न पाउँछौं । के हाम्रा प्रभुले मण्डलीलाई मिसनरी पठाउने अधिकार दिनुभएको छ ? हाम्रो मण्डलीको वास्ताविक बाइबलीय पहिचान के हो ? २१औं शताब्दिका मण्डलीले कस्तो पहिचान वर्तमान पुस्ताहरूलाई दिँदैछन् ? वास्तवमा हामी पठाइएकाहरू हौं या पठाउनेहरू ? परमेश्वरको

मिसनमा खेतालाहरू पठाउने अभिभारा कसको हो ? मत्ती ९:३८ अनुसार प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, *"फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन् ।"* हामीले मण्डलीको वास्तविक पहिचानलाई पुन:स्पष्टीकरण गर्नुपर्ने आवश्यक देखिएको छ ।

गुडर डयरेल भन्नुहुन्छ ... *Either we are defined by mission, or we reduce the scope of the gospel and the mandate of the church. Thus, our challenge today is to move from church with mission to missional church."* वास्तममा परमेश्वरको मिसनको सन्दर्भमा मण्डलीको वास्ताविक पहिचान "पठाइएको"मा छ, यसर्थ पठाउने काम मण्डलीले गर्दैन, तर मण्डली आफै पठाइएका हुन् भन्ने कुरा बुझेर मण्डलीको पूरै शरीर परमेश्वरको महान मिसनमा सहभागी हुन्छन् । वील मन्चिनीको भनाईलाई उद्धृत गर्दै, *"Perhaps the best motto of the reorientation is the imperative to " be the church. " Church is not something you do or a place you go to, but what you are."* वील मन्चिनीको खोजपूर्ण यात्रामा धेरै मण्डलीहरू मिसनको काममा यति व्यस्त भए, कि उनीहरूले हामी को हौं भन्ने कुरा नै बिर्सिदिए, अर्को शब्दमा भन्नुपर्दा मण्डलीले आफ्नो वास्तविक पहिचान नै गुमाएका छन् । यसैकारण आज संसारमा मण्डलीको छाप त्यति प्रभावकारी वा सकारात्मक छैन । परमेश्वरको मिसनमा मण्डली सहभागी भएको कारण मण्डलीको अस्तित्व छ । याद रहोस् परमेश्वरको मिसनमा गति र प्रगति दुवै आउनु हो भने यो सत्य वर्तमान मण्डलीले बुझ्नु जरुरी छ । परमेश्वरको मिसन संसारमा भएका मानिसहरूको उद्धार गर्नु हो, जसमा मण्डली एउटा अभिकर्ताको रूपमा मात्र परमेश्वरले प्रयोग गर्नुहुन्छ । यसैकारण ईश्वरीय मिसन मण्डलीले प्राय: गर्ने साप्ताहिक वा बार्षिक कार्यक्रममा मात्र सीमित छैन यसको आयाम त्यो भन्दा चौडा छ ।

आजको मण्डलीले गरिरहेको मिसनलाई हामीले विश्लेषण गर्‍यौं भने यो सीमित परिधिभित्रै सन्तुष्ट भएको हामी भेट्टाउँदछौं । यसको आज एउटा गलत धारण हाम्रो मगजभित्र पसेको छ, त्यो के हो भने, बाहिर मिसन फिल्डमा गएका मात्र मिसनरी हुन् तर शनिवार मण्डलीमा आउनेहरू साधारण विश्वासीहरू मात्र हुन् मिसनरी होइनन् । हामीलाई यो लाग्न थाल्यो कि मिसनरी भनेको थोरै विशिष्ट चुनिएकाहरूले मात्र पाउने परमेश्वरको वरदान हुन् र परमेश्वरबाटको विशेष बोलावट भएकाले मात्रले यो मिसनको काम गर्न सक्छन, मिसनल बाइबलीय ईश्वर सिद्धान्त अनुसार यो बिल्कुल गलत हो । यस प्रकारको मानसिकता बोकेको कारण मण्डलीमा प्रभुको मिसनले आवश्यक गति लिन सकिरहेको छैन । तर यो Missio Dei को रूपान्तरणको आन्दोलनमा हामी आउनै पर्छ । यो आन्दोलनमा आउनको निम्ति हरेक विश्वासीलाई **(क) परमेश्वरको राज्यको सपनालाई सञ्चारित गर्नुपर्छ (ख) वचनबाट प्रेरणा प्रदान गर्नुपर्छ (ग) पवित्र आत्माद्वारा सशक्तिकरण गर्नुपर्छ** । तब परमेश्वरको मिसनमा पठाउने काम मण्डलीले गर्दछ । यसले परमेश्वरको मिसनमा हरेक विश्वासीलाई मिसनरीको तालिम प्रदान गर्दछ, र म एउटा चेला/चेली मात्र होइन तर म परमेश्वरद्वारा पठाइएको एक मिसनरी पनि हुँ भन्ने बोध यो Missio Dei को सिद्धान्तद्वारा प्रेरणा प्रदान गर्दछ ।

प्रभु येशूको आफ्नै भाषामा भन्नु पर्दा परमेश्वरको मिसन पिताको कार्यलाई देखी त्यसको अक्षरश अनुकरण गर्नु हो । परमेश्वरको मिसनमा आन्दोलन आउनु हो भने, मण्डलीले आफुखुसी गर्न छाडेर येशू प्रभुको माथीको नमूनालाई पछ्याउनु जरुरी छ । पिताले जे गर्नु भएको देख्छ मण्डलीले त्यही मात्र गर्नु नै Missio Dei सहि अर्थ हो ।

**हृदयस्पर्शी इसाई गीत संगीतले पूर्ण नेइम गोंगबूँ चर्चका जवानहरुद्वारा निकालिएको एल्बम "मेरो गीत" सुनी आजै लाभ उठाउनुहोस् ।**




**एल्बम खरीदको लागि नेइम ज्ञानेश्वर चर्च, नेइम ललितपुर चर्च, नेइम गोंगबूँ चर्च तथा नेइम जोरपाटी चर्चमा सम्पर्क गर्नुहोला। सम्पर्क नं. ९८४१९९२६९५**

## स्वर्गीय पादरी गंगा प्रसाद प्रधानको सेवकाइबारे छोटो जानकारी साथै उहाँको १६१ औं जन्म स्मृतिको उपलक्ष्मा पत्र-पत्रिकाबाट "टिपन-टापन"



प्रस्तुतिः पास्टर एल. पी. न्यौपाने

श्री रूप नारायण प्रधान र श्रीमती राजमती प्रधानका कान्छो छोरो गंगा प्रसाद प्रधान, उहाँको जन्म काठमाडौंको ठमेल (अहिलेको पर्यटकहरूको मुख्य केन्द्र) मा असार २२ गते १९०८ तदानुसार जुलाई ४, १८५१ मा भएको थियो । कलिलै उमेरमा अर्थात् ९-१० वर्षको हुँदा उहाँ सपरिवार दार्जीलिंगको गींग चिया बगानमा बसोबास गर्न पुग्नुभयो । उहाँ १९-२० वर्षको उमेरमा गींग चिया बगानमा चियाका कलिला सुइरो, मुना टिप्नुहुन्थ्यो ।

बेलायतबाट दार्जीलिंगमा मिसनरी भएर आएका Rev. Macfarlane ले त्यही गींग चिया बगानमा स्कूल खोले, ठूलै उमेरमा भएपनि उहाँ भर्ना हुनुभयो, परिवारको आर्थिक स्थिति कमजोर भएको हुनाले पढाइमा निरन्तरता दिनसक्नु भएन । तर ज्ञानी, परिश्रमी र दक्षता भएको व्यक्ति हुनाले उहाँ त्यही स्कूलमा नै एक शिक्षकको रूपमा नियुक्त हुनुभयो ।

त्यस समय दार्जीलिंगमा नेपाली भाषा छाप्ने काम, प्रकाशनमा ल्याउने काम त्यति थिएन तर पनि उहाँको अथक परिश्रम र धेरै त्यागले नेपाली भाषालाई लिपिवद्ध गराउन उहाँ लागिपर्नुभयो । यस काममा धेरै भनाई र प्रतिवादहरू पनि उहाँले खप्नु पऱ्यो, अन्तमा सन् १९०० मा गोर्खा प्रेस खोल्न सफल हुनुभयो जहाँबाट उहाँले “गोर्खे खबर कागत” नामक मासिक पत्रिका १९०१ देखि प्रकाशनमा ल्याउनुभयो । उहाँले त्यस प्रेसबाट पत्रिका मात्र छाप्नुभएको होइन तर स्कूले किताबहरू जस्तैः गणित, व्याकरण, इतिहास आदि समेत छाप्नुभयो, कति किताबहरू आफैले लेख्नुभयो भने कति अनुवाद पनि गर्नुभयो । उहाँ दार्जीलिंगका एक अग्रज साहित्यकार, कथाकार, रचयिता साथै संगितकार पनि हुनुभयो ।

उहाँले खीष्टियान जगतको निम्ति खीष्टिय भजन “गीत संग्रह” नामक किताब आफ्नै शब्द र भाका हाली छाप्नुभयोः ‘यो जग कहिले छैन स्थिर, कहिले रुनु कहिले हाँस्नु ...’ ‘प्रभु अर्जी सुनिलेओ, गोर्खालिले मुक्ति पाउने ढोका खोलिदेउ ...’ जस्ता मार्मिक हृदय छुने गीतहरू लेख्नु भएर नेपालमा प्रभु चिनाउने काम साथै अरु व्यक्ति मार्फत सुसमाचार भित्र्याउने काम पनि गर्नुभयो ।

उहाँले सन् १८८३ देखि १९१२ सम्ममा प्रथम नेपाली बाइबल पूरानो नियम र नयाँ नियम गरी जम्मा ६६ ओटा पुस्तकहरू अनुवाद गर्नुभएर सन् १९१४ मा भारत कलकत्ताबाट ब्रिटिश और फरेन बाइबल सोसाइटी कलकत्ता अक्जिलियारि द्वारा नेपाली खीष्टिय जगतमा पहिलो बाइबल प्रस्तुत गर्नुभयो । यसले खीष्टियान जगतमा ठूलो ऐतिहासिक भूमिका खेलेको छ । यदि उहाँले परमेश्वरबाट यो प्रेरणा नपाउनु भएको भए आज हामीले नेपाली भाषामा बाइबल पढ्न पाउने थिएनौं । उहाँ हामी इसाई जगतको निम्ति बहूमुल्य रत्न हुनुभएको छ । उहाँको योगदानबारे नेपालीले, विशेष गरी नेपाली खीष्टियानहरूले इतिहासको पानामा सुनको अक्षरले लेखिनुपर्ने छ । ९८ वर्ष अघिको बाइबललाई नै भारत बाइबल सोसाइटी र नेपाल बाइबल सोसाइटीले भाषा परिमार्जित गर्दै अझ सरल रूपमा अहिले हामीले पढ्न पाइराखेका छौं ।

सन् १९१४ (९८ वर्ष अघिको) बाइबल, पादरी गंगा प्रसाद प्रधानले अनुवाद गर्नुभएको भाषा यस प्रकार छः (पूरानो नियमबाट) यशायाह् ५३ः४ - **सांचिनै हांमिहरूकैं रोग उसैले भोग्यो अनि हांमिहरूकैं दुक्ख उस्ले उठाइ लग्यो, तैपनि हांमिहरूचइंले उस्लाइ रोगी र ईश्वरले हिर्कायेको र कष्टित पाऱ्येको लेखामां ल्याउंद थियूं ।**

(नयाँ नियमबाट), यूहन्ना ३ः१६ - **किनभन्ये ईश्वर्ले संसार् सङ येस्तो प्रेम् गऱ्यो उस्ले आफ्नु एक्ले पुत्रलाई दियो उस् मांथि बिश्वास् गर्ने जनंगे नष्ट न हवस् तर त्येस्लाइ अजम्मरे जीउंनि हव्स भन्न्ये खातिर्ले ।**

कति साहित्यकारहरूले गंगा प्रसादलाई तपाईंले चलाउनु भएको भाषा अड्भङ्गे, असजिलो, अपरिस्कृत भनेर होच्याए तरै पनि ती शब्दहरूले नेपाली भाषाको “मुटु” छुन्छ । आलोचना धेरै आएता पनि उहाँ एक खीष्टको सेवक भएर ती सबै आलोचनाको वास्ता नगरी प्रभु येशू खीष्टको क्रूसको निशानातिर बढ्नुभयो, आफ्नो काम पूरा गरी परमेश्वरको महिमा गर्नुभयो ।

अन्त्यमा उहाँ सन् १९३२ सालमा ८१ वर्षको उमेरमा परमेश्वरको घरमा सदाको निम्ति विश्राम लिनुभयो ।

# परमेश्वरको महान काम

**डि. गोपाल शर्मा**



झण्डै १३ वर्ष अघिसम्म सुदूर पश्चिममा अवस्थित कैलाली र कञ्चनपुरमा रहेका राना थारुहरू सुसमाचार नपुगेका जाति समूहमा पर्दथे । तर अहिले स्थिति बदलिएको छ । उनीहरू माझ सुसमाचार पुगिसकेको छ । वचनको प्रचार, परमेश्वरको सहकार्य, साथमा भएको चिन्हहरू, शक्तिका कामहरू, शारीरिक चङ्गाई, दुष्टात्माबाट छुट्कारा, बालिनाली बस्तुभाउहरूमा आशिष् र अन्य थुप्रै कार्यहरूबाट परमेश्वरले आफैलाई उनीहरूमाझ सामर्थी प्रकट गर्नुभएको छ । फलत: अघिसम्म भिन्दै विश्वास राखी प्रभुको सृजनालाई पुज्नेहरू अहिले हजारौंको संख्यामा साँचो परमेश्वरलाई पुज्नेहरू भएका छन् । यो परमेश्वरको महान काम हो र हाम्रो दृष्टिमा साह्रै उदेकको छ ।







समग्र थारु जाति समूह उनीहरूको उद्गम थलो र विकासक्रमका सम्बन्धमा विद्वानहरू मत-मतान्तर राख्छन् । तर राना थारुहरू मुगलकालिन भारतबाट तत्कालिन राजनीतिक एवं सामाजिक परिवेशका कारण विस्थापित भई तितर वितर भएको र आफूहरू राजपुतका संतति भएको बताउँछन् । भाषा, भेष-भूषा एवं संस्कृतिका धनि राना थारुहरूको नेपालको कैलाली र कञ्चनपुर तथा भारतको नैनिताल, खिरी, उदमसिंहनगर आसपासमा उपस्थिति बाक्लो पाइन्छ ।

धार्मिकताले जातिहरूको उत्थान गर्छ न कि फगत राजनीतिले । सुसमाचारले ल्याउने परिणती यही हो, रूपान्तरण । यत्र-तत्र भएका विश्वासीहरू माझ गएमा उनीहरूको गाथा केवल पाप क्षमा र शारीरिक चङ्गाईमा मात्र सीमित नभएको तर सर्वाङ्गीण जीवनमा भएको रूपान्तरण मध्य दिनको घाम जस्तै छ । विश्वास गर्नेहरूका निम्ति सुसमाचार त परमेश्वरको शक्ति हो ।

यसो भन्दा सबै कुराहरू असलै छ, सिद्ध छ भन्न खोजिएको अवश्य होइन । जाओ ... चेला बनाओ भन्ने प्रभुको आज्ञा अद्यावधिक छँदैछ । अबको लक्ष्य भनेको चाहिँ चेलापनको हो, प्रभुको देह निर्माणको हो जसको मुख्य कोशे ढुङ्गो स्वयं खीष्ट नै हुनुहुन्छ ।

युवा पुस्ता रूपमान्तरणका संवाहक हुन सक्छन् । त्यस भेगका मण्डलीहरू तथा संगतिहरूमा युवा पुस्ताको उपस्थितिको बाहूल्यता हुनु स्वयंमा आसलाग्दो कुरो हो । उनीहरूलाई प्रभुमा ठीक प्रकारले हुर्काउनु आजको आवश्यकता हो । परमेश्वरको महान काम जारी छ ।

# नेपालको संक्षिप्त मण्डली इतिहास्

नेपाल हिमाल, पहाड र तराई मिलेर बनिएको एउटा सुन्दर देश हो । यहाँ विभिन्न जात-जाति र भेष-भूषाका मानिसहरू बसोबास गर्छन् । उत्तरमा विशाल चीन र पूर्व, दक्षिण र पशिचममा भारतले घेरिएको देश नेपाल एउटा भू-परिवेष्टिक देश हो । वर्षौंदेखि यो देश एकमात्र हिन्दू राष्ट्रको रूपमा परिचित थियो । तर वि.स. २०६२/६३ मा भएको जनआन्दोलनबाट यो देश धर्मनिरपेक्ष देश बनेको छ । हाल ने पालमा विभीन्न धर्मावलम्बीहरू बसोबास गर्छन् । हाल नेपालको जनसंख्या करीब ३ करोड रहेको जनगणना २०६८ को प्रतिवेदनले बताएको छ जसअनुसार नेपालमा १५ लाखको हाराहारीमा खीष्टियान धर्मावलम्बीहरू रहेका छन् । हुनत सरकारी तथ्याकं त्यति भरपर्दो नभएको र हाल करीब पन्ध्र लाख नेपालीहरू खीष्टियान रहेको दाबी गरिन्छ जुन प्रतिशतको हिसाबले देशका जनसंख्याको ५ प्रतिशत हुन आउँछ । हाल नेपालभरिमा करीब ५००० को संख्यामा मण्डलीहरू रहेको अनुमान गरिएको छ । मण्डली बृद्धिको दृष्टिकोणले नेपाल एशियामा दक्षिण कोरिया पछि दोस्रो स्थानमा आउँछ । सन् १९९० को दशकमा प्रजातन्त्र पुनर्स्थापना भएपछि नेपालमा मण्डली बृद्धि तीब्र हुन गएको हो ।

यो देशको इतिहासलाई पल्टाएर हेर्ने हो भने पहिले गोपाल वंशीहरूले राज्य गरेका थिए र त्यही समयबाट नै यो देश हिन्दू राष्ट्रको रूपमा स्थापित भएको थियो । गोपाल वशीहरू पछि, किरातवशी राजाहरूले राज्य गरे भने त्यसपछि लिच्छिवी र मल्लकाल हुँदै अन्तिम पटक शाह वंशीय राजाहरूले यो देशमा राज्य गरे । हिन्दू राष्ट्रको रूपमा परिचित भएको र यहाँका धेरै जसो मानिसहरूले पनि हिन्दू धर्म नै अवलम्बन गरेको कारण नेपालमा सुसमाचार प्रचारको काम गर्न त्यति सजिलो थिएन । नेपालमा सबभन्दा पहिले कहिले सुसमाचार आयो भनी पक्का प्रमाण हामी पाउँदैनौं तापनि इतिहास अनुसार सन् १६२८ मा “साउथ टिबेटेन मिसन” का एकजना जेसुइष्ट फादर जीन क्यारल नेपाल आएका थिए । मल्लकालीन राज्यको समयमा सन् १७१५ मा रोमबाट रोमन क्याथोलिक चर्चका २ जना कपुचिन फादरहरू काठमाडौं आइपुगेका थिए । तिनीहरू तिब्बत जानको निम्ति नेपालको बाटो भएर जानु पर्ने भएकोले नेपाल आएका थिए । केही समय यहाँ बसेर उनीहरू तिब्बतमा गए र उता धेरै समय बस्न नसकेपछि उनीहरू पुनः काठमाडौं (त्यतिबेला काठमाडौंमा कान्तिपुर, भादगाउँ र पाटन गरी तीनवटा मल्ल राज्य थियो) आइपुगेका थिए । त्यतिबेलाका मल्लकालीन राजाहरूले इसाई कपुचिन फादरहरूलाई राम्रो व्यवहार गरेका थिए । भादगाउँका राजा रणजित मल्लले “कपुचिनहरूलाई धर्म प्रचार गर्ने, सिकाउने तथा हाम्रा प्रजालाई खीष्टियान धर्ममा दीक्षित गर्ने आज्ञा छ, हाम्रा रैतिहरूले निर्भयतापूर्वक त्यो धर्म ग्रहण गर्न पाउनेछन् । हामी फादरहरूलाई कति दुःख दिनेछैनौं, तथा उनीहरूको धर्म प्रचारको काममा कुनै बाधा पुऱ्याउने छैनौं ।” भनी उर्दी जारी गरेका थिए । ती फादरहरूको केही समयको नेपाल बसाइँपछि उनीहरू फर्केर गए ।

त्यसको केही वर्ष पछि भारतबाट अरु फादरहरू नेपालमा आए । त्यतिबेलाका कान्तिपुर र पाटनका मल्ल राजाले पनि उनीहरूलाई सदाशयता देखाएका थिए । उनीहरूले सदाशयता पाउनुको अर्को कारण उनीहरूले गरेको सामाजिक सेवा पनि थियो । उनीहरूको सेवाकालमा भादगाउँ र ठमेलमा दुइवटा मण्डली स्थापना भएको र करीब ८०-९० जना नेवारहरू खीष्टियान भएका थिए भनी इतिहास्विदहरू बताउँछन् ।

गोरखा राज्यका शाह वंशीय राजा पृथ्वी नारायण शाहले काठमाडौंलाई आफ्नो अधीनमा लिएपछि नेपालमा खीष्टियानहरूलाई देश निकाला गर्ने काम भयो । उनले कट्टर हिन्दूबाट शिक्षादीक्षा लिएको कारण खीष्टियानहरू प्रति उनको नकारात्मक धारणा थियो । उनले कान्तिपुरलाई राजधानी बनाएको वर्षमा नै अर्थात् सन् १७६९ मा नेपाली खीष्टियानहरू नेपाल छोडी भारतको बेतियामा निर्वासित हुन बाध्य भए । नेपालबाट बेतियामा गएका कतिपय खीष्टियानहरू भारतको दार्जीलिङ्गतर्फ बसाइँ सर्दै गएका थिए । सन् १८७० मा दार्जीलिङ्गमा चर्च अफ स्कटल्याण्डका मिसनरी मेक फर्लेनले



नेपालीभाषीहरूको बीचमा सेवकाइ सुरु गरे । त्यतिबेला स्कटल्याण्डको मिसनले दार्जीलिङ्गमा शिक्षाको क्षेत्रमा पनि काम गरेको थियो र भनिन्छ त्यतिबेलाको पाठ्यक्रमको रूपमा बाइबललाई नै प्रयोग गरिन्थ्यो । सन् १९०२ मा दार्जीलिङ्गमा रहेका नेपालीहरूले गोरखा मिसन सुरु गरेका थिए । नेपालभित्र सुसमाचार पुऱ्याउने उद्देश्यले खोलिएको उक्त मिसनको प्रचारको रूपमा बुद्धिसिङ भन्ने व्यक्तिलाई नियुक्त गरिएको थियो तथापि उक्त मिसनको बारेमा अरु थप जानकारी पाइदैन । काठमाडौंको ठमेलबाट बसाइँ सराइँ गरेर गएको परि वारका एक सदस्य पादरी गंगा प्रसाद प्रधान नेपाली मण्डली इतिहासमा सबैभन्दा मुख्य नाउँ रहेका व्यक्ति हुन् । सन् १९०० मा दार्जीलिङ्ग बाहेक खर्साङमा सुर्यमान मुखिया, कालिपोङ्गमा स्कटल्याण्डका सदरल्याण्ड, सिटोङमा नाम्याक रोंगोंग र सिलिगुडीमा बोरो पास्टर नियुक्त हुनुभएको थियो । पादरी गंगा प्रसाद प्रधान सन् १९०० मा दार्जीलिङ्गमा पास्टरको रूपमा अभिषेक भएका थिए । नेपाली भाषामा सबै भन्दा पहिले बाइबल अनुवाद गर्ने व्यक्तिको रूपमा पनि उनलाई चिनिन्छ । उनकै जीवनकालमा करीब ४० जनाको टोली नेपालमा सुसमाचार प्रचारको लागि आएका थिए तथापि त्यतिबेलाका राणा शासक चन्द्र शमसेरले उनीहरूलाई नेपाल बस्ने अनुमति दिएनन् ।

भारतबाट तिब्बत जानको लागि काठमाडौं केरुङ मार्ग भएर जाने गरिन्थ्यो । भारतका प्रख्यात मिसनरी साधु सुन्दर सिंह तिब्बत जाने क्रममा काठमाडौं आएको र आफ्नो मिसन यात्राको बारेमा भारतको केरलामा रहेको एउटा मण्डलीमा बाँडेको इतिहासमा पाइन्छ । भनिन्छ, उनले भारतको केरलामा रहेका मण्डलीमा नेपालको बारेमा बताएपछि त्यहाँ रहेका तीन जना महिला दिदीबहिनीहरूले आफ्ना छोराहरूलाई नेपालमा सेवकाइको निम्ति पठाउने प्रण गरेका थिए । काठमाडौं उपत्यकाको सबैभन्दा पहिलो मण्डली पुतलीसडक चर्च स्थापनाका लागि सन् १९५३ मा केरलाबाट आएका तीनजना जवान मिसनरीहरू तीनै महिलाहरूका छोराहरू थिए ।

भारत लगायत अन्य देशहरूबाट थुप्रै मिसनरीहरू नेपालमा आउन इच्छा गरेको भएता पनि राजनीतिक कारणले सन् १९५० सम्म नेपालको ढोका सुसमाचारको निम्ति बन्द थियो । सन् १९५० मा प्रजातन्त्र बहाली भए लगत्तै केही अन्तराष्ट्रिय मिसन संस्थाहरू नेपाल प्रवेश गरे । नेपालमा सबै भन्दा पहिले प्रवेश गरेको अन्तराष्ट्रिय मिसन संस्था इन्टरनेशनल नेपाल फेलोशिप (आई.एन.एफ.) हो ।

सन् १९५२ मा औपचारिक रूपमा नेपालको पहिलो मण्डली रामघाट चर्च पोखरा स्थापना भएको हो । दोस्रो मण्डली नवलपरासीमा ए.जी.को मण्डली सन् १९५२ मा स्थापना भएको थियो । तेस्रो मण्डलीको रूपमा सन् १९५४ मा पुतली सडक चर्च स्थापना भएको हो । भक्तपुरमा सन् १९५४ मा यू.एम.एन. को डिस्पेन्सरी थियो, जहाँ तीर बहादुर देवान, उहाँको परिवार र दुइ जना विदेशी सिस्टर (नर्स)हरू हुनुहुन्थ्यो । त्यहाँ मण्डली त थिएन तर संगति थियो । सन् १९५७ मा नेइम ज्ञानेश्वर चर्च स्थापना भयो । त्यही दशकमा नै तानसेनमा समेत मण्डली स्थापना भयो ।

नेपालमा मण्डलीहरू स्थापना हुन लागेको केही वर्ष बित्न नपाउँदै सन् १९६० मा तत्कालीन राजा महेन्द्र शाहले पञ्चायती व्यवस्था लागू गरेपछि नेपाल कानूनतः विश्वको एकमात्र हिन्दू अधिराज्यको रूपमा कायम भयो । सन् १९६० देखि सन् १९९० सम्म तीस वर्षे पञ्चायती व्यवस्थामा धेरै नेपालीहरू ख्रीष्टियान बने साथै धेरै सतावटहरूको सामना पनि गरे ।

सन् १९९० मा प्रजातान्त्रिक व्यवस्था स्थापित भएपछि नेपालमा मण्डलीहरूको संख्या ह्वात्तै बढेर गयो । हाल नेपालमा करीब ५००० वटा मण्डलीहरू र करीब १५ लाख मानिसहरू ख्रीष्टियान रहेका छन् । नेपालमा स्थापना भएका मण्डलीहरूबाट भारत, यूरोप, अमेरिका र अन्य मुलुकहरूमा मिसनरीहरू पनि पठाइसकेका छन् । मण्डली बृद्धिको दृष्टिले एशियाकै अग्रस्थानमा रहेको नेपालमा हाल धेरै मानिसहरूले ख्रीष्टलाई ग्रहण गरिरहेका छन् । नेपालमा अहिले एनसीएफ अगापे, एजी, प्रेस्बेटेरियन, ब्याप्टिष्ट तथा अन्य सम्प्रदायका मण्डलीहरू रहेका छन् भने तिनीहरूलाई टेवा दिनको निम्ति सैयौं गैर सरकारी संस्थाहरू नेपालमा कार्यरत छन् ।

प्रस्तुति लेखनाथ पौडेल



# हामी जानै पर्छ

नेपाल विभिन्न जातजातिहरूको वाहुल्यता भएका गाउँहरूले सजिएको देश हो । यहाँको आ–आफ्नै भाषा, भेषभुषा र संस्कृती छ । यस्तै अनेक जाति मध्येका एक गुरुङ्ग जातिहरूको बाहुल्य भएको ठाउँहरू होः लम्जुङ्ग जिल्लाको घलेगाउँ, मालीङ्ग, नाल्मा, इत्यादी । हालसालै मण्डलीका एक सदस्य जो नाल्माका स्थानीयवासी हुनुहुन्छ (हाल नेइम गोङ्गबूँ मण्डलीको सदस्य) उहाँको अनुरोधमा उहाँको गाउँठाउँमा सुसमाचारको लागि हामी ५ जनाको टोली (गोपी गुरुङ्ग, मिरा गुरुङ्ग, सुरेस पाण्डे, खिममाया र बर्णवास) प्रस्थान गऱ्यौं । गाउँसम्म पुग्ने काम सजिलो थिएन तर पुगेपछिको आनन्द अर्कै थियो । थकित थियौं, तर साँझको करिब ८ बजेतिर गाउँका विश्वासीहरू संगतिको लागि लिन आउँदा हतार-हतार गयौं । अघिबाटै करिब २०/२२ जनाको संख्यामा भेला भएका विश्वासीहरूसँग भेटेर संगति गर्न पाउँदा सबै थकाइ हरायो । प्रायः सबै जसो उत्पीडित समुदाय ( जसलाई दलित समुदायका भनिने गरिन्छ) प्रभुलाई विश्वास गरेपछिको उनीहरूको अनुहारमा शान्ति र स्वतन्त्रता प्रष्ट देखिन्थ्यो । उनीहरू आफ्ना छिमेकीहरूको लागि बडो जोरसँग प्रार्थना गर्दै आएका थिए । हाम्रो उद्देश्य सुनेपछि हाम्रा विश्वासी परिवारहरू निक्कै उत्साही बने ।

दोस्रो दिन बिहान सबेरैदेखि हामी तयार हुन थाल्यौं । समाजले बनाएको गाउँको माझमा रहेको घरमा (जसलाई ठांटी भनिदो रहेछ) करिब १५/१६ जनाको संख्यामा जम्मा भएकाहरूको बीचमा सुसमाचार सुनाउन सुरु गऱ्यौं । बिस्तारै संख्या बढ्दै गयो । गाउँका मुख्य व्यक्ति (जसलाई सबैले अति आदर गर्नुहुदोरहेछ) अति ध्यानमग्न भएर सुनिरहनु भएको थियो । आफ्नो नातीले दुःख दिँदा तुरुन्तै अरुको जिम्मा लगाएर पुनः सुन्न ध्यान मग्न हुनुभयो । अन्तमा सबैलाई सुसमाचारीय पर्चा दिँदैगर्दा गा.वि.स. अध्यक्षज्यू पनि आउनुभयो । सुसमाचारलाई सबैले सकारात्मक तवरले लिए । उहाँहरूले सुसमाचारसम्बन्धी फिलीम देखाउन पनि अनुरोध गर्नुभयो ।

दोस्रो दिन काफल र ऐसेलु खाँदै करिब ४ घन्टाको यात्रापछि मालीङ्ग पुग्यौं । केहीबेर कुराकानी गरिसकेपछि हाम्रा अगुवाले कटुवाललाई बोलाएर बेलुकी ठांटी घरमा जम्मा हुन उर्दी दिन पठाए । त्यसै दिन आमा समुहको मिटिङ्ग भएको कारण करिब साढे नौ बजेतिर मानिसहरू भेला भए । करिव ५५/६० जनाको संख्यामा (त्यो पनि रातको समयमा) भेला भएको देखेर हामी छक्क पऱ्यौं । सबैले ध्यानसँग सुसमाचार सुने । अर्को दिन बिहान पनि झन्डै त्यत्तिकै संख्यामा मानिस भेला भएको देख्दा मानिसहरूमा प्रभुको विषयमा जान्ने इच्छा स्पस्टै थाहा गर्न सकिन्थ्यो । त्यहाँको एक विश्वासी परिवारले आफैलाई एक्लै महसुस गर्थे तर हाम्रो उपस्थितीले उहाँहरूलाई निकै उत्साह प्रदान गऱ्यो ।



पास्टर बर्णबास श्रेष्ठ

तेस्रो दिन निकै ओरालो र त्यसपछिको त्यतिनै उकालो काट्दै करिब ६ घण्टाको हिँडाइपछि हामी नाल्मा पुग्यौ । यो गाउँ हाम्रो विश्वासी दाइको आफ्नो गाउँ पनि हो । हाम्रो आसाको विपरित उहाँका परिवारहरूको अति नकारात्मक प्रतिक्रिया र रुवाबासीले सुसमाचार सुनाउने हाम्रो योजनामा समस्या ल्यायो । हामी प्रार्थना गर्दै बस्यौं । परमेश्वरले हाम्रो प्रार्थना सुन्नु भयो । गाउँको एक भलादमीसँग हाम्रो भ्रमणको उद्देश्यको विषयमा कुराकानी भयो, उनीबाट थाहा भयो कि त्यस गाउँका मानिसहरू खीष्टियानहरू प्रति त्यति सकारात्मक छैनन् । तर उनले नै गाउँको कटुवाललाइ बोलाएर गाउँलेहरूलाई ठांटीमा भेला हुन खवर गर्न पठाए । रातको करीब ९ बजे जब हामी ठांटीमा पुग्यौं त्यहाँ कोही पनि थिएन । प्रार्थना गऱ्यौं र त्यो अँध्यारो ठाँउमा गीतहरू गाउन थाल्यौं । विस्तारै मानिसहरू भेला हुन थाले । गाउँकै एक जवान भाइ हाम्रो प्रवक्ता जस्तै भएर सबैलाई सकारात्मक प्रकारले सम्झाउन लागे । हामीले सुसमाचार सुनाउँदै गर्दा मानिसहरूले टर्चहरू बालेर उज्यालो बनाए । सुसमाचार राम्रोसँग सुने । राम्रोसँग बताइदिएकोमा धन्यवाद दिए र फेरि-फेरि आउन निम्तो पनि दिए ।

आज हाम्रो देशमा धेरै मानिसहरू छन् जसले खीष्टियानहरूको बारेमा, खीष्टिय धर्मको बारेमा केही मात्रामा सुनेका छन् तर खीष्ट येशू प्रभुको बारेमा र उहाँको महान प्रेम र महान अनुग्रहको बारेमा सुनेका छैनन् । जब सुन्छन् र बुझ्छन् तब मात्र विश्वास गर्छन् । विश्वास गरिहाल्न नसके पनि विरोध गर्न गाहारो पर्छ । अझै पनि धेरै गाउँहरू छन् जहाँ सुसमाचार पुग्न सकेको छैन । खीष्टको सम्बन्धमा राम्रोसँग बताउने जिम्मा मण्डलीमाथि आएको छ । हामी जानैपर्छ कारण आज पनि धेरैले खीष्टको बारेमा राम्रोसँग सुन्न वा बुझ्न पाएका छैनन् ।

"गुणात्मक शिक्षा, उपयुक्त शुल्क, सुरक्षित वातावरण"





"स्वच्छ, शान्त वातावरणमा दक्ष एवम् अनुभवी शिक्षक शिक्षिकाहरूद्वारा बिशिष्ट शिक्षा दिदैं आएको छ।

बिद्यार्थीहरूको शैक्षिक लगायत आत्मिक, नैतिक, सामाजिक, भावनात्मकता सिर्जनशिल व्यक्तित्व बिकास गरी युगले चाहेजस्तो सुयोग्य नागरिक बनाउनु नै हाम्रो अभिष्ट लक्ष्य हो।"

*Your Children Deserve.....*

# निर्मल स्कूल

नख्खु जलबिनायक मार्ग, सिद्धीपार्क-६, ललितपुर

फोन नं. ५०१५१९९

"दुइ दशक भन्दा बढी गुणात्मक शिक्षामा समर्पित"

# मिसन गतिविधि तथा समाचार

## नेइम मिसन सम्मेलन -२०११






यही कार्तिक २०-२३ गते तदनुसार नोभेम्बर ६-८ तारिखसम्म भएको मिसन सम्मेलन निकै उत्साहजनक र प्रेरणादायक रूपमा सु-सम्पन्न भएको थियो । उक्त सम्मेलनमा गत वर्षका वक्ता-"पा.चार्ल्स स्मिथ" हुनुहुन्थ्यो भने यसपालिको वचन प्रेरितीय हृदयमा आधारित रहेको थियो।

उक्त सम्मलेनमा नेपालका विभिन्न भू-भागमा अवस्थित नेइमका शाखा तथा आबद्ध मण्डली, आउटरिच संगति लगायत मित्र राष्ट्रमा मिसनरी बनेर नेपालीहरूको बीचमा सेवकाइ गरिरहनुभएका अगुवाहरूको उपस्थिति रहेको थियो। उक्त सम्मेलनमा पा.अशोक मुखिया ज्यूले संचालन गर्नुभएको थियो र लगत्तै विभिन्न भू-भागमा अवस्थित नेइमका शाखा तथा आबद्ध मण्डली, आउटरिच संगति लगायत मित्र राष्ट्रमा मिसनरी बनेर नेपालीहरूको बीचमा सेवकाइ गरिरहनुभएका अगुवाहरूलाई स्वागत गर्ने काम पनि सुसम्पन्न भयो।

उक्त सम्मेलनका वक्ता पा.चार्ल्स स्मिथले प्रेरितीय हृदयलाई पिताको हृदयको रूपमा चित्रण गर्नुभएको थियो। ३ दिनको सम्मेलनमा उहाँले पावलका पुस्तकहरूबाट सिकाउनुभएको थियो। जब प्रत्येक अगुवाहरूमा पिताको हृदय सृजना हुन्छ तब त्यो मण्डलीको बृद्धि हुने, नमुना लगायत त्यस मण्डलीको काम रहिरहने कुरा छर्लङ्ग्याउनुभएको थियो । त्यसै गरी दोस्रो दिनमा सबै मण्डलीका अगुवाहरूले आ-आफ्ना मण्डलीको बार्षिक प्रतिवेदन दिनुभएको थियो। तेस्रो दिनमा "रमाइलो साँझ" कार्यक्रम राखिएको थियो र सबै मण्डलीका सहभागीहरूले आ-आफ्ना भाषाका गीतहरू गाएर, नाचेर परमेश्वरलाई महिमा दिनुभएको थियो।

यसरी ३ दिनको मिसन सम्मेलनमा सिकेका सम्पूर्ण शिक्षाबाट निकै प्रभावित भएर नेइमका शाखा तथा आबद्ध मण्डली, आउटरिच संगति लगायत मित्र राष्ट्रमा मिसनरी बनेर नेपालीहरूको बीचमा सेवकाइ गरिरहनुभएका अगुवाहरू आ-आफ्ना सेवकाइका क्षेत्रहरूमा पिताको हृदय सृजना गरी मण्डलीलाई परमेश्वरमा डोऱ्याउने निर्णयका साथ फर्कनुभएको थियो ।

## भारत मिसन यात्रा -२०११



सन् २०११ सालको डिसेम्बर महिनाको ९ देखि १९ सम्म पास्टर रोबर्ट कार्थक, पास्टर राजेन्द्र कु. रोंगोंग, पास्टर बर्णबास श्रेष्ठ र लेखनाथ पौडेल भारतको पुना, मुम्बईमा रहेका मिसनरी परिवार तथा मण्डली र बैंगलोरमा रहेको नेपाली संगतिलाई भेट्घाट् गर्न भारत मिसन यात्रामा जानुभएको थियो । सोही अवसरमा पुनामा रहनुभएका मिसनरी श्री प्रदीप बज्राचार्यलाई आदरणीय पास्टर गुरुबाद्वारा पास्टरको रूपमा अभिषेक गरियो ।

## पास्टर अभिषेक कार्यक्रम तथा तालिम –सिलिगुढी तथा झापा

माघको पहिलो साता पास्टर रोबर्ट कार्थक र पास्टर अशोक मुखिया भारतको सिलिगुढीमा रहेको क्राइष्ट फेमिली चर्चमा तालिम सेवकाइको लागि जानुभएको थियो । साथै झापाका एल्डर बी.बी. खड्कालाई पास्टरको रूपमा अभिषेक गरिएको थियो । हाल पा. बी.बी. खड्का क्यानाडामा सेवारत हुनुहुन्छ ।

## विशेष पास्टर अगुवा तालिम कार्यक्रम – ग्रेस मिसन



फाल्गुनको दोस्रो हप्तामा ग्रेस मिसनमा नेइमका विभिन्न शाखा-आबद्ध मण्डलीका अगुवाहरूको ११ दिने विशेष तालिम कार्यक्रम सम्मपन्न भयो । विभिन्न १६ वटा मण्डलीबाट आउनुभएका २८ जना सहभागीहरूले लिनुभएको उक्त तालिम कार्यक्रममा मण्डलीलाई अत्यावश्यक रहेका विषयवस्तुहरू सिकाइएको उक्त तालिमका सहभागीहरूले बताउनुभयो ।

## मण्डली व्यवस्थापन तालिम – दाङ्ग




दाङ्गको लमहीमा फाल्गुनको १९ देखि २० सम्म मण्डली व्यवस्थापन तालिम सम्पन्न भयो उक्त तालिममा ३५ जना अगुवाहरूको सहभागीता थियो । श्री पिटर लिम्बू, लेखनाथ पौडेल, रञ्जना ढुङ्गेल र सुश्री रविना महर्जनले उक्त तालिममा सिकाउनुभएको थियो ।

## मण्डली व्यवस्थापन तालिम –डोल्पा



फागुन महिनामा डोल्पाको दुनैमा मण्डली अगुवा तालिम कार्यक्रम सम्पन्न गरियो उक्त तालिममा डोल्पा, रुकुम र जाजरकोटका ९ वटा मण्डलीका ३५ जना अगुवाहरू सहभागी हुनुहुन्थ्यो । उक्त तालिममा पास्टर तुलबिर धरला तथा अरु त्यहाँका अगुवाहरूले सिकाउनुभएको थियो । स्थानीय स्तरमा नै सबै खर्चहरू उठाएर तालिम सम्पन्न गरिएको थियो ।

## मण्डली व्यवस्थापन तालिम –जुम्ला



चैत्रको दोस्रो हप्ता जुम्लामा मण्डली व्यवस्थापन तालिम सम्पन्न गरियो । ३ वटा मण्डलीबाट करीब ३६ जना अगुवाहरूको सहभागीता रहेको उक्त तालिम कार्यक्रमका मुख्य वक्ता पा. महेश थान्जु हुनुहुन्थ्यो । साथै उक्त अवसरमा मण्डलीका एल्डर दत्त ब. महत्तरालाई पास्टरको अभिषेक गरिएको थियो ।

## भवन अर्पण तथा अगुवा तालिम -मकवानपुर

चैत्रको दोस्रो हप्ता पास्टर गुरुबा र पा. अशोक मुखिया तथा अरु अगुवाहरू मकवानपुरको फुर्केचौर भवन अर्पण तथा हेटौंडा ख्रीष्टिय मण्डलीको एकदिने अगुवा तालिम कार्यक्रमका लागि त्यसतर्फ जानुभएको थियो ।

## मण्डली व्यवस्थापन तालिम -सिन्धुली

२०६९ बैशाख २-४ सम्म नेइम बोहोरेटार चर्च, सिन्धुलीमा क्षेत्रीय अगुवा तालिम सम्पन्न भयो । उक्त क्षेत्रमा रहेका पाँचवटा मण्डली/संगतिका १७ जना अगुवाहरू सहभागी रहेको तालिमका शिक्षकहरू डि. अमृता कार्थक, श्री पिटर लिम्बू र सुश्री रञ्जना ढुङ्गेल हुनुहुन्थ्यो ।

## संगीत तालिम -काठमाडौं

मकवानपुर र धादिङ्गमा रहेका नेइम शाखा-आबद्ध मण्डलीका जवानहरूलाई २०६८ चैत्र २७ गते देखि २०६९ बैशाख ५ गते सम्म संगीत सम्बन्धी तालिम नेइम ज्ञानेश्वर चर्च, काठमाडौंमा सम्पन्न गरियो । मकवानपुरका ९ जना र धादिङ्गका ९ जना गरी जम्मा १८ जना सहभागीहरूले गितार, किबोर्ड, भ्वायोलिन र भोकल सम्बन्धी तालिम लिनुभएको थियो । उक्त तालिमका शिक्षकहरू ए. पासाङ्ग डेविड शेर्पा, श्री प्रशान्त सिंह, श्री लाक्पा लामा र श्री प्रतिबिम्ब खालिङ्ग हुनुहुन्थ्यो ।



## मण्डली व्यवस्थापन तालिम- मकवानपुर

२०६९ बैशाख ६-८ सम्म खैरेनी जिउँदो मण्डली नामटारमा क्षेत्रीय मण्डली  व्यवस्थापन तालिम सम्पन्न गरियो । नेइमका पश्चिम क्षेत्रमा रहेका शाखा-आबद्ध मण्डली र अन्य छिमेकी मण्डली गरी छवटा मण्डलीका ६० जना सहभागीहरू रहेको उक्त तालिमका शिक्षकहरू पा. महेश थान्जु, श्री पिटर लिम्बू र सुश्री रञ्जना ढुङ्गेल हुनुहुन्थ्यो ।



## युवा सम्मेलन -कञ्चनपुर

बैशाख १-३ सम्म पश्चिम नेपालमा रहेका मण्डलीहरूका जवानहरूको विशेष सम्मेलन सम्पन्न भयो उक्त सम्मलेनमा कैलाली र कञ्चनपुरमा रहेका करीब २३ वटा मण्डलीका ३०० जना जवानहरूको सहभागीता थियो । उक्त सम्मेलनका मुख्य वक्ता पास्टर शामुयल कार्थक हुनुहुन्थ्यो, साथै आर अन्जान घले र प्रकाश राई पनि उक्त सम्मलेनका लागि जानुभएको थियो ।

## मण्डली व्यवस्थापन तालिम - मोरङ्ग

२०६९ बैशाख १८-२० सम्म गिधनिया ख्रीष्टिय मण्डली, मोरङ्गमा क्षेत्रीय मण्डली व्यवस्थापन तालिम सम्पन्न भयो । नेइमका पूर्वाञ्चलको झापा, मोरङ्ग तथा सुनसरीमा रहेका शाखा-आबद्ध मण्डलीहरू र भारतको सिलिगुढी, आसाम र बिहारमा रहेका मण्डलीका ६० जना अगुवाहरू सहभागी उक्त तालिमका शिक्षक पा. महेश थान्जु (मण्डली व्यवस्थापन) र श्री सुनिल मुनिकार (संगीत सम्बन्धी) हुनुहुन्थ्यो ।

# मिसनरीहरू तथा शाखा-आबद्ध मण्डलीका पास्टर/अगुवाहरूको विशेष तालिम







मे १३-१७, २०१२ तद्नुसार २०६९ बैशाख ३१-जेठ ४ सम्म नेइम ज्ञानेश्वर चर्च कालोपुल काठमाडौंमा नेइमका मिसनरीहरू र शाखा-आबद्ध मण्डलीका मुख्य पास्टर तथा अगुवाहरूको विशेष पास्टर/अगुवा तालिम कार्यक्रम सम्पन्न भयो । उक्त तालिम कार्यक्रममा भारतको गढवाल, सिलिगुढी, पुना, बैंगलोर र मुम्बईबाट मिसनरीहरू आउनुभएको थियो भने नेपालका प्राय: सबै शाखा-आबद्ध मण्डलीहरूका मुख्य क्षेत्रीय अगुवाहरू आउनुभएको थियो । उक्त तालिममा १९ वटा जिल्लाहरूमा अवस्थित नेइमका करीब ८० वटा मण्डलीका करीब ५० जना अगुवा प्रतिनिधीहरू (क्षेत्रीय मुख्य पास्टर तथा अगुवाहरू) सहभागी हुनुहुन्थ्यो। विशेष कारणवश सुदुर पश्चिम तराईबाट पास्टर तथा अगुवाहरू आउनसक्नुभएको थिएन। नेपाल बन्द र आमहड्ताल लगायत देशको विषम परिस्थितिका वावजूद पनि पास्टर तथा अगुवाहरू कैयौं दिनको कठिन पैदल, गाडी र हवाईयात्रा मार्फत काठमाडौं आइपुग्नुभएको थियो। पास्टर गुरुबाको वचनबाट सुरु भएको, उक्त तालिममा विभिन्न विषयहरू सिकाइएका थिए।

मण्डली जागृति तालिमको अन्तिम दिन १ घण्टाको विशेष आराधना राखिएको थियो । विभिन्न बाजागाजा, झ्याली र तुरही अनि परमेश्वरको नाउँ लेखिएका झण्डाहरू फहराउँदै गरिएको उक्त विशेष आराधनामा स्वर्गको उपस्थिति महसुस गरेको धेरै जना सहभागीहरूले बताउनुभयो । तालिम कार्यक्रम समापनको समयमा कतिपय सहभागीहरूले रुँदै नेइम ज्ञानेश्वर मण्डलीप्रति रहेको प्रेम दर्शाउनुभएको थियो । पाँच दिनसम्म रहेको उक्त तालिम पास्टर गुरुबाको वचन तथा प्रभुभोजबाट समापन गरिएको थियो । यस पालिको तालिम कार्यक्रमबाट सेवकाइको निम्ति नयाँ उत्साह र उर्जा मिलेको अनि त्यसलाई आ-आफ्नो मण्डलीमा गएर सिकाउने र कार्यान्वयन गर्ने प्रतिबद्धता सहभागी पास्टर/अगुवाहरूले गर्नुभयो । समग्रमा यस पालिको तालिम आशिष्मय र सफल भयो । यसको लागि प्रार्थना तथा सहायता गर्नुहुन्न मण्डली परिवारलाई मिसन विभाग धन्यवाद ज्ञापन गर्दछ ।

## पाष्टरका श्रीमतीहरूको विशेष तालिम- काठमाडौं

पास्टरहरूको श्रीमतीहरूको विशेष तालिम जुनको पहिलो हप्ता ग्रेस मिसनमा सम्पन्न भयो । उक्त तालिममा बाइबलीय शिक्षा र परामर्शसम्बन्धी विषयवस्तुहरू थियो । साथै केक बनाउने तालिम पनि दिइएको थियो । विभिन्न जिल्लाबाट आउनुभएका सहभागीहरूले उक्त तालिममा निकै राम्रो व्यवहारिक विषयहरू सिकेको बताउनुभयो ।

# फलदायक कृषि तालिम

नेइम भालटार मण्डलीमा भालटारका शाखा मण्डली तथा छिमेकी सदस्यहरूको लागि, मौसमी तथा बेमौसमी तरकारी तालिम, पौष १९–२४, २०६८ तदनुसार जनवरी ३–८, २०११ मा ६ दिनको तालीमको आयोजना गरिएको थियो । उक्त आयोजित मौसमी तथा बेमौसमी तरकारी तालिममा उन्नत जातको मौसमी तथा बेमौसमी तरकारी खेतीबारी साथै सुधारिएको गोठबारे ज्ञान तथा सीप आर्जन गरी केही सदस्यहरूले व्यवसायिक रूपमा अगाडि बढाउने प्रतिज्ञा पनि गरेका थिए । सोही योजना अनुसार ५ महिनापछि नेइम मिशन विभाग, कृषि बिकास कार्यक्रम तथा मेरी गुरूआमा स्मृति प्रतिष्ठानको संयोजकत्वमा तालीम पाएका सदस्यहरूका लागि १ दिने अनुगमन तालीमको आयोजना गरिएको थियो । २३ जेठ ०६९ तदअनुसार ५ जुन, २०१२ मा सो तालीम सम्मपन्न भएको थियो । कृषि विकास कार्यक्रम मकवानपुरका कर्मचारीद्वारा सबै सहभागीहरूलाई बिज बिजन लगेर प्रयोगमा ल्याएको वा नल्याएको भन्ने बारेमा प्रश्न गरिएको थियो । सहभागीहरूको उत्तरमा सबै सहभागीहरूले व्यक्तिगत तरकारी लगाएको, ८ जनाले तरकारी उत्पादन गरी समुदायमा बेचेको । सुधारिएको गोठ १ जनाले बनाएको, ७ जनाले तरकारी खेतीका लागि टनेल बनाएको, मण्डलीको १ सदस्यले मौरी पालन गरी मह उत्पादनको तयारीमा रहेको र माछा पालन गर्न सबै कुरा तयार गरिएको । साथै तालिममा नबुझिएको विषयहरू के-के छन् भनी सोधिएको प्रश्नहरूमा, १ जना सदस्यले मौरी पालनमा, केहीले मलखादको विषयमा, केहीले बेर्नाबारे सोधेका थिए । सबै सोधिएको प्रश्नहरूको उत्तर दिइएको थियो । यसका साथै कार्यन्वयनको समयमा कृषि विकास कार्यक्रमका कर्मचारी सरुवा हुँदा अप्ठ्यारो भएको विचार पनि व्यक्त गरिएको थियो । तालीमको अन्तमा सहभागीको तर्फबाट धन्यवाद ज्ञापन गरिएको थियो ।

उक्त कृषि तालिमबाट धेरै कृषिजन्य ज्ञान र उत्पादनमा आउने समस्याहरूको समाधान पाएको र नेइम भालटार मण्डलीले मण्डलीको आम्दानीको लागि मण्डलीकै समूहद्वारा सुरुमा पाँच घारबाट मौरी पालन व्यवसाय सुरु गरेका छन् । हालसम्म पनि यो व्यवसाय निकै राम्रो भएको र उत्पादित महलाई पनि राम्रोसँग बजार व्यवस्थापन गर्ने काममा समूह लागि परेको कुरा यस मण्डलीको अगुवा बिर बहादुर सिन्तानले बताएका छन् । माथि उल्लेखित तालिमबाट नै उत्प्रेरित भएर २०६९-०३-०१ गतेबाट भालटार मण्डलीको समूहले टनेल हाउसमा गोलभेडा खेती सुरु गरेको छन् । गोलभेडा उत्पादन राम्रै भइरहेको भालटार मण्डलीको अगुवाले बताएका छन् । त्यही मण्डलीकी डिकनेस्द्वारा च्याउ खेती सुरु गरिएको तर हाल त्यो खेतीलाई बढाउन नसकेको



वर्षा याममा प्लास्टिक पोखरीमा पानी जम्मा गरेको (१८ भाद्र,२०६९ सानो पोखरी)



मह उत्पादनका लागि मौरी पालन



सामुहिक तरकारी खेति (१८ भाद्र,२०६९ सुकु भज्याङ)

कुरा त्यस समूहको सदस्य विर बहादुर सिन्तानले बताउनु भयो । यसको साथसाथै गोठ सुधारको काम पनि गरेको र हालै ६ गड्डमा माछा पालन सुरु गरेका छन् । तीन घर मिलेर सियोन कृषि समूहबाट २ विगा जमिनमा सामूहिक मकै खेती गरेका छन् भने सियोन कृषि समूहबाट नै ४ वटा टनेल हाउसको निर्माण पनि भएका छन् । त्यसरी नै कागती खेती, कफी खेती लगायत लिच्चीको पनि खेती सुरु गरेका छन् । यस काममा त्यहाँको कृषि कार्यलयले पनि सहयोग गरेको र यसै वर्ष ७ लाख सिचाई कार्यक्रम सम्पन्न भएको छ ।

# "स्वास्थ्य नै जीवनको अमूल्य धन हो ।"

लामो समयको अनुभव र पूर्ण दक्ष कुकहरूको छनौट गरी संचालन गरिएको बागबजारको अति प्रचलित स्थानमा अवस्थित यस विमला स्वीट्स यहाँहरूको सेवामा सदैव तत्पर छ ।



प्रो. पास्टर प्रेम श्रेष्ठ










यहाँ सबै प्रकारका मिठाईहरू तथा पूर्ण शाकाहारी नास्ताहरू पाइन्छ । साथै विभीन्न सभा-सेमीनार तथा गोष्ठीहरूको लागि शाकाहारी लन्च बक्सहरू डेलिभरीको पनि व्यवस्था छ ।

पवित्र विवाह, जन्मोत्सव, पिकनिक, सभा–सम्मेलन आदिमा मिठाई तथा नमकिनहरू प्याकेटको लागि हामीलाई सम्झनुहोला ।

Regd. No. 13270

## Agape Adventures P. (Ltd.)

Bhainse Pati, Lalitpur, Nepal, Estd. 2002

Agape Adventures has been providing services in trekking, hiking, documentary filming, medical camping, fishing and hunting for over ten years in Nepal. We also specialize in arranging various activities including rafting, wildlife safari, mountain biking, paragliding and bungee jumping.

*Please contact us for further information:*

**Leona Sada Rai 00-977-9801089950, Deepak Tamang 00-977-9841315879**
**Email:** agapeadventures2002@gmail.com
**Website:** agape-adventures.com, P.O.Box 11567, Kathmandu, Nepal

# नेड़म



महाकाली
सेती
कर्णाली
भेरी
राप्ती
धवलागिरि
लुम्बिनी
गण्ड
दार्चुला
बैतडी
डडेलधुरा
कञ्चनपुर
बझाङ
बाजुरा
डोटी
अछाम
कैलाली
हुम्ला
मुगु
जुम्ला
कालीकोट
डोल्पा
दैलेख
जाजरकोट
सुर्खेत
रुकुम
बर्दिया
बाँके
सल्यान
रोल्पा
प्यूठान
दाङ
मुस्ताङ
म्याग्दी
बागलुङ
पर्वत
कास्की
मना
गुल्मी
स्याङ्जा
अर्घाखाँची
पाल्पा
कपिलवस्तु
रुपन्देही
नवलपरासी


देशको निम्ति नि

# शाखा-आबद्ध मण्डलीहरू




रन्तर प्रार्थना गरौं

## सहकारीमा लगानी गरौं प्रतिफलको भागीदार हामी सब बनौं

बेथेल बचत तथा ऋण सहकारी संस्था लि. नेपाली इसाई मण्डलीका सदस्यहरूद्वारा संचालित विश्वासिलो र भरपर्दो सहकारी संस्था हो । कार्तिक २०६८ मा डिभिजन सहकारी कार्यालयमा दर्ताभएको यो संस्थाले एक वर्षको यात्रा सफलताका साथ पार गरेको छ ।

नेइमका सम्पूर्ण सदस्यज्यूहरूलाई यस बेथेल बचत तथा ऋण सहकारी संस्थाको सदस्य बन्न हामी सल्लाहकार र संचालक समिति तपाईंहरूलाई विनम्र अनुरोध गर्दछौं । बेथेल सहकारीलाई हामी सबैले हाम्रो आफ्नो सहकारी बनाऔं हामी आफै साथै मण्डलीलाई सम्पन्न बनाऔं ।

**बचत तथा ऋण सम्बन्धी जानकारी**

| बचत योजनाहरू | ब्याज दर | ऋण लगानी योजनाहरू | ब्याज दर |
|---|---|---|---|
| १. साधारण बचत खाता (दैनिक, साप्ताहिक, मासिक) | ९% | १. व्यवसायिक/व्यापार कर्जा | १८% |
| २. विशेष बचत खाता (न्यूनतम रू. ५,०००) | ९% | २. सामूहिक जमानी कर्जा | १८% |
| ३. महिला बचत खाता | १०% | ३. सवारी कर्जा | १८% |
| ४. बाल बचत खाता | १०% | ४. घर जग्गा कर्जा | १८% |
| ५. ज्येष्ठ नागरीक बचत खाता | १०% | ५. व्यक्तिगत कर्जा | १९% |
| ६. खुत्रुके बचत खाता | १०% | ६. शैक्षिक कर्जा | १८% |
| ७. मुद्दती बचत खाता | | ७. वैदेशिक रोजगार कर्जा | १८% |
| ७.क- ६ महिने | १०% | ८. औषधी उपचार कर्जा | १७% |
| ७.ख- १ वर्षे | १०.५% | | |
| ७.ग- २ वर्षे | १२% | | |
| ७.घ- ३ वर्षे | १३% | | |
| ७.ङ- ४ वर्षे | १४% | | |
| ७.च- ५ वर्षे | १५% | | |

**शेयर सदस्यताको लागि:** न्यूनतम रू. ५,००० (पाँच हजार) देखि अधिकतम रू. ५००,००० (पाँच लाख) सम्म ।

**बचत तथा ऋणसम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।**

**बेथेल बचत तथा ऋण सहकारी संस्था लि.**

नख्खुदोबाटो, बागडोल, ललितपुर, फोन नं. ५५२६३७७



## आउनुहोस ! आउनुहोस !! आउनुहोस !!!



क्रीष्टमस तथा नयाँ बर्षको उपलक्ष्यमा बेलेसिङ्ग ब्युटि सलोन ट्रेनिङ्ग इन्सिटिच्यूटले ग्राहक बर्गहरुमा छुट सहित,ल्याएको छ विषेश सिङ्गार योजना । साथै समूहमा पाल्नुहुनेलाई विषेश ग्राहयता दिइनेछ ।

- कपाल काट्ने ❖ कपाल सिङ्गारने
- अनुहार चाया पोतो, डण्डीफोर हटाउने
- अनुहार मेकअप-सिङ्गारने ।
- कपाल रङ्गयाउने ❖ कपाल डेडलक गर्ने
- नङ्ग सिङ्गारने र मेहन्दी लगाउने ।

**Director**
**Dibya Rai**
**Cell : 9841417709**

**Managing Director**
**Sanu Rai**
**Cell : 9849166808**

## Blessing Beauty Saloon & Training Institute
### Gongabu,Kathamandu

Specially Hair Cutting,Ladies & Gents Different Style,All types of Skin treatment & full face care,Special hair dreadlock,hair bride, hair extension,hair color,multi color,Nail Art & Mehendi. All types of Make-up,Specially Bridle make-up. (Home Service Available.)

पार्लर सम्बन्धी सबै प्रकारको सेवा तथा ट्रेनिङ्ग दिइन्छ । विषेश छुटका साथमा सामान सबै पार्लरमै उपलब्ध हुनेछ ।

# सामाजिक क्षेत्रमा नेइम

### पा. नरेन्द्र सिहं, (कोटद्वार संगति, गढ्वाल)

- हामीले यस क्षेत्रमा काम गरिरहेका नै छौं । त्यहाँका नेपाली प्रवासी कामदारहरूको ३८ जना नानीहरू, जसले राम्रोसँग पढ्न पाएका छैनन् र आमा-बुबासँग समय बिताउन पाउँदैनन् ती नानीहरूलाई हेरचाह गरिदिने ट्यूसन पढाउने र खाजा उपलब्ध गराउने काम पनि गरिराखेका छौं र प्रभुको वचनबाट पनि सिक्न पाएका छन् । त्यहाँका नानीहरूको जन्म दिन पनि मनाउने गरेका छौं जसको कारणले त्यहाँ आउने सबै नानीहरू निकै खुशी भएका छन् । यो काम सुरु गर्दा नानीहरूका अभिभावकहरूले त्यत्ति रुचाएका थिएनन्। उनीहरूले नानीहरूलाई पठाए भने उनीहरूलाई इसाई धर्मको बारेमा सिकाउँछन् भन्ने मनोशाय राखेका थिएँ तर हाम्रो यस क्षेत्रमा कार्यरत रहनुभएका एकजना शिक्षकले उहाँहरूलाई निकै राम्रोसँग बुझाइदिनुभयो र अहिले नानीहरूको संख्या बढेको छ साथै राम्रो प्रतिक्रिया पनि पाइरहेका छौं।

### पा. लाल बहादुर राना, कञ्चनपुर

- हुन त यस क्षेत्रमा हामी मण्डली मिलेर स्वास्थ चौकीमा वायेरिगंका कामहरू जस्तै- पंखा जडान र बाटो लगायत पूल निर्माणका कामहरू गरेका थियौं। हामीले यस सम्मेलनमा पनि डा. पा. राजेन्द्र कुमार रोगोंगद्वारा सुन्यौं की हामी चाहिँ आत्मिक क्षेत्रमा मात्रै नभएर सामाजिक क्षेत्रमा पनि बढ्नुपर्छ । यो कुराले सामाजिक क्षेत्रमा बढ्नु त्यत्ति आवश्यक छैन भन्ने हाम्रो मनोशायलाई परिवर्तन गरिदिएको छ। त्यसै ले हाम्रो मण्डलीलाई पनि अझै उत्साह दिएर यस कामको लागि तयार गर्ने निर्णय लिएको छु।

### पास्टर दत्त बहादुर महत्तरा (आशिष मण्डली, जुम्ला)

सुरुवात हामीले गरेका थियौं। जसमा जुम्ला बजारमा सरसफाई कार्यक्रम गर्ने मौका पनि प्रभुले हामीलाई दिनुभयो। भविष्यमा पनि अझै यस क्षेत्रमा लागिपर्ने छौं।

### पा.उद्धव गिरी (नेइम बिर्तामोड चर्च, झापा)

- ३ महिना अगाडि भुट्निज सणार्थीहरूलाई सहायता र उनीहरूलाई बाइबल पनि उपलब्ध गराएका थियौं । अन्य कामहरू पनि संस्थाहरूसँग मिलेर काम गरिरहेका छौं र प्रार्थनासहित सामाजिक क्षेत्रमा निरन्तर रूपमा लागिपर्नेछौं । यो कुरा हामीले प्रभुको हातमा राखेका छौं र प्रभुले हामीलाई कसरी डोर्‍याउनुहुन्छ त्यही अनुसार चल्ने साथसाथै यही वर्ष पूल निमार्णको कार्य हामीले गरेका थियौं। धेरै सकारात्मक प्रतिक्रिया मानिसहरूले देखाएका थिए। प्रार्थनासहित अझै यस क्षेत्रमा हामी प्रभुले देखाउनु भए अनुसार निरन्तर लागिपर्ने छौं।

### एलिया थामी (नेइम तिखताल, दोलखा)

- यस क्षेत्रमा हामी अलि कम नै लागि परेका थियौं। सुसमाचारमा मात्रै केन्द्रित रहेर लागिपरेका थियौं। अब यस विषयलाई पनि प्राथमिक्ता दिने कुरामा लागिपर्नेछौं।

### पा. दिल बहादुर लामा (हेटौंडा ख्रीष्टिय चर्च, मकवानपुर)

- गएको वर्ष हाम्रो मण्डलीले स्कूलहरूमा विद्यार्थीहरूलाई स्कूल ड्रेसहरू उपलब्ध गरेर सहायता गरेका थियौं र हामी मण्डली मिलेर अस्पतालमा संयम सेवकहरू पठाएर सहायता गर्ने लगायत सरसफाईका कामहरू गर्ने जस्ता सामाजिक काममा अझै लागिपर्ने योजना बनाएका छौं। यो काम गर्नको लागि हामीले यस सम्मेलनबाट चुनौती पाएका छौं।

### पदम तामाङ (नेइम घोर्थली, सिन्धुपाल्चोक)

- सामाजिक क्षेत्रमा त्यति लागि परेका त छैनौ तर भविष्यमा भने यो क्षेत्रमा प्रार्थनासहित मण्डलीलाई पनि जोड दिने योजना बनाएको छु ।

### सल्मोन तामाङ (धादिङ मण्डली, धादिङ)

- अहिलेसम्ममा मण्डलीले सामाजिक क्षेत्रमा निरन्तर रूपमा हात बढाएको त छैन तर कहिलेकाही गाउँ घरमा सरसफाईको कामहरू हामीले गरेका छौं र अब त्यसलाई निरन्तरता दिनेछौं ।

### इसाहाक खालिङ (सियोन मण्डली, काँकू - सोलुखुम्बु)

- त्यस विषयमा पहिले देखि नै हामी मण्डलीले सामाजिक क्षेत्रमा काम गर्दै आएका हौं। अहिले हामीले स्कूलमा सहायता, बाटोघाटोको निमार्ण प्रक्रिया, वृक्षारोपण, आदि कामहरूमा गर्दै आएका छौं । नयाँ कामहरू प्रार्थनासहित सुरु गर्ने र भविष्यमा यस काममा लागिपर्ने योजना बनाएका छौं । यस काम मार्फत मानिसहरूले हाम्रो मण्डलीको एकता देख्नुभयो । सुसमाचारको काम पनि त्यहाँ भयो र कतिजनाले त प्रभुलाई पाएका पनि छन्। यही कामबाट नै काँकूमा अहिले ५ बटा मण्डलीहरू स्थापना भएका छन् ।

### गिदोन खालिङ (सोलुखुम्बु)

- म सुरुबाटै सामाजिक क्षेत्रमा नै थिएँ । स्कूलमा अध्यक्ष बनेर खडा भएको थिएँ । त्यो पानी चुहिने विद्यालयको भवनको निमार्ण गर्ने काममा परमेश्वरले हामीलाई सहायता गर्नुभयो यसको साथसाथै प्रा.वि बाट नि.मा.वि मा परिणत गरिदिनुभयो । त्यो लगतै त्यस विद्यालयमा शिक्षकहरूको संख्या पनि बढाउने काम भयो । यी कुराले हामीलाई सामाजिक क्षेत्रमा उत्साह मिलेको पनि छ । यो कामलाई देखेर त्यहाँका बासिन्दाहरू पनि निकै खुशी भएका थिए । यस क्षेत्रमा हामी मण्डली मिलेर निरन्तर रूपमा लागिपर्ने छौं ।

### तुलवीर धरला (नेइम डोल्पा हिमालयन मण्डली, डोल्पा)

- हामीले पहिले देखि नै हाम्रो मण्डलीबाट सामाजिक कामहरू गर्दै आइरहेका छौं । हामीले समाजमा धेरै ठूलो काम गर्न नसके पनि हामीले बाटो सफा गर्ने, भत्केको बाटो बनाउने, खाने पानीको पाइप मिलेर बनाउने कामहरू गरिरहेका छौं । आउने भविष्यमा पनि अझै ठूल-ठूला कामहरू गर्ने हामीले योजना बनाएका छौं । हामी यस कामको लागि प्रार्थना गर्दैछौं । हामी मण्डलीबाट असहाय बालबालिकाहरूलाई सहायता गर्ने जस्ता कामहरूमा लागिपर्ने योजनाको लागि प्रार्थना गर्दैछौं ।

### लोक गुरुङ

- सामाजको विभिन्न वर्गहरूलाई (हामी जो विशेष गरीकन प्रभुका जनहरू भएर) हामीले वास्ता पुर्‍याउनुपर्छ भन्ने कुरा सिक्ने मौका पायौं। हामी अब समाजमा पनि लागिपर्ने योजनाहरू बनाउने काम गर्नेछौं। हालसम्म समाजमा त्यस्तो ठूलो काम गर्न सकिराखेका छैनौं तर हामीले मण्डली मार्फत समाजमा रहेका असहाय मानिसहरूलाई हाम्रो भेटीबाट २०% छुट्याउने गरेका छौं।

# मिसनरी गतिविधि

## श्री जेम्स नेपाली, मुम्बई, भारत



हाल रेड लाईटभित्र २ वटा चर्चहरू रहेका छन् । तुर्बा भन्ने ठाउँमा आइतबार आराधना हुन्छ र त्यस ठाउँमा ५०-५५ जनाको संख्यामा विश्वासीहरूको सहभागिता रहेको छ । आत्मिक उन्नतिको लागि हामीले बिहीबार त्यस ठाउँमा बिहानको प्रार्थना संचालन गरेका छौं र त्यहाँ २०-३० जनाको संख्या रहेको छ । त्यसरी नै सोलापुरमा पनि मंगलबार सेवा र सोमबार बिहान प्रार्थना संचालन भइरहेको छ । प्रार्थनामा २५ भन्दा बढी र सेवामा करिब ५० भन्दा बढीको संख्यामा विश्वासीहरूको सहभागिता रहेको छ ।

तुर्बामा सेवा सकिएपछि डाक्टरहरूद्वारा ५०-६० जनालाई औषधीहरू उपलब्ध पनि गराउँदै आएका छौं । हामी त्यहाँ रहेर सेवा गरिरहेका जम्मा ३ जना छौं । त्यहाँको संगतिलाई बलियो बनाउन र वृद्धि ल्याउनलाई आवश्यक रहेको मुख्य विषयवस्तु नै प्रौढ शिक्षा हो । यसलाई प्राथमिकता बनाई लैजानेछौं । यसको कारणले गर्दा त्यहाँका विश्वासीहरूले पनि बाइबल पढी धेरै आत्मिक लाभहरू उठाउन सक्नेछन् ।

प्रभुको सहायताले रेड लाइटभित्र रहेका दिदीबहिनीहरूलाई उद्धार गरी सेवा संगति प्रदान गर्दै आउन र निरन्तरता दिइरहेका छौं ।

त्यहाँका मानिसहरूले यो काम रुचाएका छैनन् । धेरै बाधाहरू भएता पनि प्रभुले हामीलाई विजय दिइराख्नुभएको छ । त्यहाँका सबै सेवा संगतिहरूको लागि निरन्तर प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं । हामीहरू सुसमाचार मात्रै सुनाउने होइन तर परमेश्वरको प्रेम बाड्ने कुरामा पनि अघि बढ्न चाहन्छौं ।

हामीले जे यहाँ र बम्बई टीन च्यालेन्जमा सिकेका छौं त्यसलाई व्यवहारिक रूपमा लागु गर्दै जानेछौं । निरन्तर रूपमा मण्डलीले हामीलाई प्रार्थनामा सम्झिदिनुहोला भनेर हामी अनुरोध पनि गर्दछौं ।

## पास्टर नरेन्द्र सिंह, कोटद्वार, भारत

हाम्रो परिवार आजभन्दा ८ वर्ष अगाडि प्रभुको वचन लिएर गढवाल गएका थियौं । आजसम्म परमेश्वरले हाम्रो सुरक्षा र सेवकाइमा सहायता गर्दै आउनुभएको छ । हामीले सेवकाइ गर्दै आएको ठाउँलाई मिसनरीहरूको कबरस्थान पनि भनिन्छ । तर परमेश्वरले त हामीलाई शैतानको कबर बनाउनको लागि कबरबाट उठाएर जिउँदो बनाउनु भएको छ । यसको लागि परमेश्वरलाई धेरै धेरै धन्यवाद ।

अहिले त्यस ठाउँमा १५ वटा घरेलु संगति संचालन भइरहेका छन् भने शुक्रबार उपवास प्रार्थना चलिरहेको छ । त्यहाँका नेपाली प्रवसीहरूले आफ्ना नानीहरूलाई त्यति शिक्षामा ध्यान पुऱ्याउन सकेका छैनन् । त्यसैले हामीले उनीहरूको सिक्ने समयलाई खेर जान नदिएर उनीहरूका लागि गत २ वर्षदेखि ट्यूशन पढाउँदै आइरहेका छौं । यसको साथसाथै यो वर्षदेखि हामीले बाइबल पढ्न नजानेकाहरूको लागि पनि प्रौढ शिक्षा उपलब्ध गराउँदै आएका छौं ।



यो नयाँ वर्षमा पश्चिम नेपालको १ परिवारले पानीको बप्तिस्मा लिएका छन् । यस परिवारको दिदी शैतानको बन्धनमा परेको थियो । जब उहाँले प्रभुलाई विश्वास गर्नुभयो तब उहाँ ठीक हुनुभयो र पुन संसारमा फर्केर जानुभयो त्यसपछि उहाँको स्थिति पहिलेको भन्दा नराम्रो भयो । त्यो दिदीको घरको नजिकै हाम्रो संगति हुने गर्दथ्यो । त्यहाँ गाएको भजन सुनेर उहाँलाई त्यस ठाउँमा आउन मन लाग्यो । जब त्यस ठाउँमा त्यो दिदी आउनुभयो उहाँको रूप निकै डर लाग्दो थियो । जब हामीले येशूको नाउँमा त्यस शैतानलाई डाट्यौं र प्रभुको बारेमा सुनायौं तब त्यो दिदीले विश्वास गर्नुभयो । आज त्यस ठाउँमा धेरैले सुसमाचार सुन्ने गरेका छन् ।

हामीले तपाईंहरूलाई अघि नै जानकारी गरायौं, त्यस ठाउँलाई मिसनरीहरूको कबरस्थान भनिन्छ । तर हालसम्म पनि हामीलाई परमेश्वरले सुरक्षित राख्नुभएको छ र त्यस ठाउँमा शैतानको नै कबर बनाउन सकेका छौं ।

त्यस ठाउँमा बेलाबेलामा निरीक्षण सहितको भ्रमण गरीदिनु भएर हामीलाई उत्साह दिनु हुन मिसन विभाग लगायत पाष्टरहरूलाई पनि विनम्र अनुरोध गर्दछौं ।

## पास्टर प्रदीप बज्राचार्य, पुना, भारत



म र मेरो परिवारलाई परमेश्वरको इच्छा बमोजिम २००५ मा पुनामा रहेका नेपालीहरूको बीचमा सेवकाइ गर्न लैजानुभयो । हाल मण्डलीमा आइतबार र सोमबार गरेर नियमित रूपमा २ वटा संगति भइरहेका छन् । संख्या वृद्धि भएको कारणले गर्दा होइन तर त्यहाँ रेष्टुरेन्टमा कार्यरत रहेका भाइबहिनीहरू पनि हुनुहुन्छ । उहाँहरू लगायत काम वा व्यापारमा संलग्न रहेकाहरू आइतबारको संगतिमा आउन सक्नु हुन्न त्यसैले हामीले उहाँहरूको लागि सोमबार ८:३० मा पनि संगति संचालन गरिरहेका छौं । १२ ठाउँमा घरेलु संगति चलिरहेका छन् । यस वर्ष केही बप्तिस्माको काम पनि भयो । गएको वर्ष चाहिँ धेरैजनाको बप्तिस्मा भएका थिए ।

यस वर्ष हामीले बप्तिस्मा काँटछाँट गर्ने निर्णय गऱ्यौं । धेरै जनाले बप्तिस्मा लिने र अरु मण्डलीमा जाने गरेको पाएकोले सेवा संगतिमा नियमित छ वा छैन र उनीहरूको जीवनलाई हामीले अवलोकन गरी नियमित तयारीको कक्षामा राखेर मात्रै बप्तिस्मा दिने निर्णय गरेका हौँ । त्यसको साथसाथै बाइबलीय तालिममा आइ टीनको भरपूर जीवन, भरपूर आशिष नामक पुस्तक हामीले घरेलु संगतिमा चालाइरहेका छौं । यो आधारभूत पुस्तक भएकोले सबै जनालाई उपयुक्त भएको छ । भाइबहिनीहरूले नै घरेलु संगति चलाउँदै हुनुहुन्छ, यो चाहिँ खुशीको विषय हो । भाइबहिनीहरू प्रभुको अनुग्रहमा घरेलु संगति लगायत सेवकाइको निम्ति तयार भएका छन् । यसको लागि म प्रभु प्रति धन्यवादी छु । आइतबार सेवाभन्दा अगाडि १ घण्टा नियमित रूपमा आमा दिदीबहिनीहरूको संगति भइरहेको छ । यो गर्नुको उद्देश्य पनि व्यवसायमा संलग्न रहनु भएकाहरूलाई सेवा संगति पुऱ्याउनु हो । हालैदेखि हामीले बाल संगतिलाई पनि मण्डलीको रूपरेखामा समावेश गरेका छौं । उनीहरूले भविष्यमा मण्डलीलाई अगाडि बढाउने काम गर्ने भएकोले, उनीहरूको बीचमा परमेश्वरको वचन प्रचार गर्ने र परमेश्वरकै वचन अनुसार उनीहरू हुर्कन सकून् । उनीहरूको बीचमा हामीले पवित्र आत्माको भरपूरीको विषयमा जोड दिएका छौं । अनि पवित्र आत्माको काम पनि हामीले उनीहरूको व्यवहारमा देख्न पाएका छौं । हामीले मण्डलीमा प्रौढ शिक्षाको कक्षा संचालन गऱ्यौं जसको फलस्वरूप हाम्रो मण्डलीमा बाइबल पढ्न नजान्नेहरू अहिले निकै राम्रोसँग बाइबल अध्ययन गर्न सक्छन् । यसको पाठ्यक्रम पनि प्रार्थना र छलफल भएको हुनाले उनीहरूबाट पछि गएर प्रभुलाई जीवन दिने निर्णय भइरहेको छ । मण्डलीमा हामीले "कृपा मिनिस्ट्री" गर्दै आएका छौं र यसबाट कमसेकम ३६ परिवारले सेवा पाउँदै आएका छन् । यस अर्न्तगत हामीले होलसेलबाट रासन किनी उनीहरूलाई आधा दाममा उपलब्ध गराउँदै आएका छौं । यो कुराद्वारा हामी उनीहरूलाई बचेको आधा पैसाले नानीहरूलाई स्कूल पठाउनुहोस् भनी उत्साह दिने काम गर्दै आएका छौं ।



प्रौढ शिक्षाबाट पनि मानिसहरूले बाइबल पढ्ेर उत्साह प्राप्त गर्ने काम र प्रभुलाई ग्रहण गर्ने काम भइरहेको छ । हाल नानीहरूको बीचमा पनि प्रभुले काम गरिरहनु भएको छ । उनीहरूले वचनलाई राम्रोसँग बुझ्न सकेका छन् । रेड लाइटमा बेचिएका दिदीबहिनी र उनीहरूका नानीहरूको बीचमा पनि कामहरू भइरहेका छन् । लाइट हाउस मिनिस्ट्रीमा हप्ताको ४ दिन सोमबार, मंगलबार, बुधबार र विहीबार साँझ २–३ घण्टासम्म उनीहरूको बीचमा ट्यूशन मिनिस्ट्री गर्दै आएका छौं । जस अर्न्तगत हामी उनीहरूको बीचमा प्रार्थना,

आराधना र अंग्रेजी भाषामा बातचित जस्ता क्रियाकलाप राखेका छौं । पवित्र आत्माको अनुग्रहमा यो काम निकै प्रभावकारी रूपमा चलिरहेको छ । त्यहाँका नानीहरू आराधना गर्न थालेका छन् । यस ठनउँमा पनि प्रभुलाई ग्रहण गर्ने काम भइरहेको छ । डे केयर सेन्टरको माध्यमबाट हामी नानीहरूद्वारा अभिभावकहरू सम्म पुग्ने योजना बनाएका छौं । यही जुन महिनादेखि हामीले डे केयर सेन्टर पनि खोल्न लागेका छौं । यसको लागि प्रार्थना गरिदिनु हुन अनुरोध गर्दछौं ।

### पास्टर लोक गुरुङ्ग, सिलिगुढी, भारत



सेवकाइ एक्दमै राम्रो भइरहेको छ । अहिले हाम्रो काम विहार लगायत विभिन्न ठाउँहरूमा भइरहेको छ । आसामको जोयरामपुरमा नेपालीहरूको माझमा सेवकाइ हुँदैछ । साथै यही वर्षको सुरुवातमा नै सिलुगुडीमा पनि एउटा चर्च सुरुवात भएको छ । अहिले हामी सबैजना गरेर लगभग २०० को हाराहारीमा छौं । हाल हाम्रो रेखदेखमा विहारमा तीनवटा मण्डलीहरू, आसाममा एउटा र सिलिगुडीमा एउटा गरी पाँचवटा मण्डलीहरू रहेका छन् ।

### पास्टर तिमोथी थापा, बैङ्गलोर भारत

२००४ जुलाई १५ तारिख जब हामी काठमाडौंबाट बैगंलोरमा गयौं । कहिल्यै नगएको ठाउँ भएकोले धेरै गाह्रो थियो । २००५ फेब्रुअरी १४ मा ४ जना मिलेर मण्डली सुरु गऱ्यौं । अहिले ४ ठाउँमा हाम्रो प्रमुख मण्डलीहरू छन् । महेशूर, इन्द्रनगर र जयनगर (यहाँ नेपाली लगायत हिन्दी भाषामा संगतिहरू हुने गरेका छन्) रहेका छन् । आइतबारको दिन ५ ठाउँमा संगतिहरू चलिरहेका छन् । ६ वटा सेवा संगतिहरू चलिरहेका छन् । हालसम्म हाम्रो मण्डलीमा पुरुष संगति, महिला संगति, दाम्पत्य संगति, जवान संगति, बाल संगति, जवान केटीहरूको संगति लगायत घरेलु संगति चलिरहेको छ । सेवकाइहरूमा आउटरिच सेवकाइ, रेलवे सेवकाइ, अस्पताल सेवकाइ तथा खेलकुद सेवकाइ रहेका छन् । विद्यार्थी संगति हालसम्म राम्रो भएको संगति हो । जसमा करिब ८० प्रतिशत विद्यार्थीहरूको सहभागिता रहेको



छ । हालै २४ तारिखका दिनमा हामीले काठमाडौंको चाबेल, कालीमाटी र कलंकीका ३ जना दिदी बहिनीलाई पानीको बप्तिस्मा दियौं । यसरी थुप्रै विद्यार्थीका आत्माहरू बाँचिरहेका छन् । परमेश्वरको अनुग्रहले हामीले त्यहाँ रहेका दाजुभाइ दिदीबहिनीलाई जन्मदिनको कार्डहरू वितरण गरी वास्ता पुऱ्याउने काममा लागि परेका छौं । भाषाको कारणले गर्दा त्यहाँको तालिमहरू त्यति प्रभावशाली हुदैंनन् । हाम्रो आराधना टोलीमाथि परमेश्वरको विशेष अनुग्रह रहेको होस् ।



BETHESDA PHARMACY CLINIC

(Infront of Fruit shop)
Jawalkhel, Lalitpur
Mob: 9841274179, 9841193022

Robert Sada
Senior Paramedical
Patan Hospital

नाक, कान, घाँटी, छाती विशेषज्ञ तथा स्त्रीरोग, बालरोग र हाडजोर्नी विशेषज्ञहरूको सेवाको लागि हामीलाई सम्झनुहोस्

WE SERVE JESUS HEALS






















**Our Wings:**

Mercy Children Home
Mercy Widows Home
Mercy Bible Training
Outreach & Church planting
Mercy Bakery Taining



Contact :
MERCY MISSION HIMALAYAS NEPAL(MMHN)
Lalitpur Nepal
GPO # 8975, EPC# 2666
Phone: 01-5535907, 5541340
Email: mmhn008@gmail.com, info@mercymissionnepal.org.np
www.mercymissionnepal.org.np

# शाखा-आबद्ध मण्डली गतिविधि

### झापामा रहेका मण्डलीहरूको विवरण:

प्रमुख मण्डलीको रूपमा बिर्तामोड मण्डली रहेको छ र यस अन्तर्गत ४ वटा छोरी मण्डली रहेका छन् ।

संगतिहरू - हल्दीबारी ४ ठाउँमा, खोपाडी ३ ठाउँमा, सालबारी ३ ठाउँमा, लक्ष्मीपुर ५ ठाउँमा लगायत बिर्तामोड ३ ठाउँमा घरेलु संगति भइरहेका छन् । यो संगति हप्ताको आइतबारबाहेक सोमबारदेखि शुक्रबारसम्म चलिरहेका छन्। मण्डलीमा विश्वासीहरूको संख्या वृद्धि भइरहेको छ। हालसालै मण्डलीमा ९ जनाले बप्तिस्मा लिएका छन् ।



हाम्रो मण्डलीमा विशेष मजदुरहरू नै सदस्यको रूपमा रहेका छन् । उनीहरूको बीचमा सीप लगायत रोजगारीको अवसर कम रहेको छ । त्यसैले सीपमूलक तालिमहरूको सुविधा मिलाउनुपरेको छ । आत्मिक क्षेत्रमा उनीहरूको जीवनमा आशिष आएको छ साथसाथै भौतिक क्षेत्रमा पनि आशिष आउन सकेको होस् भनेर प्रार्थना गरिदिनुहोला ।

-प्रस्तुति पास्टर उद्धव गिरी

### मोरङ्ग तथा सुनसरीमा रहेका मण्डलीहरूको विवरण:

यस मण्डली अन्तर्गत अहिले ३ वटा शाखा मण्डलीहरू छन्। जसमा पचिरा, आमझोक्की र कन्डेलीबारी पर्दछन्। हालसालै यसै मण्डली अन्तर्गत नयाँ मण्डली सुरु भएको छ। यस विषयको लागि प्रभुलाई धेरै धेरै धन्यवाद।

गिधनीयामा अहिले १४ वटा, पचिरामा ७ वटा, आमझोक्कीमा ३ वटा र कन्डेलीबारीमा २ वटा घरेलु संगति चलिरहेका छन् । हाम्रो सेवा शनिबार ११ बजे नियमित रूपमा २ वटा ठाउँमा भइरहेको छ । एक ठाउँमा आइतबार ११ बजे सेवा संचालन भइरहेको छ । गएको वर्ष खीष्टमसपछि १९ जनाको बप्तिस्मा भयो । हालै स्थापना भएको मण्डलीमा पनि आइतबार ११ बजे सेवा संचालन भएको छ।

जवान अगुवापनको तालिम, मण्डली व्यवस्थापनको तालिम लगायत मण्डली वृद्धिमा सीमित नहोस् तर असल नेतृत्व गर्न सक्ने येशू प्रभुका सच्चा सेवकहरू खडा गर्न सकोस्। नयाँ मण्डली बढेर गएको होस् भनेर प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं।



गएको वैशाख १८-२१ गतेसम्म भएका मण्डली व्यवस्थापन तालिमबाट पनि हामीले धेरै आशिष पायौं । त्यसरी नै नेइम मिसनले यस्तै जवान संगतिको बारेमा, पवित्र आत्माको सेवाकाइको बारेमा, अगुवा नेतृत्वको बारेमा आदि जस्ता आवश्यक तालिमहरू उपलब्ध गराई हाम्रो सेवकाइमा अझै टेवा पुऱ्याउनेछ भन्ने आशा राखेका छौं ।

-प्रस्तुति पास्टर विनोद चौधरी

### सर्लाही, महोत्तरी र रौतहटमा रहेका मण्डलीहरूको विवरण:

हामीले विश्वाससाथ सर्लाहीमा संगति सुरु गऱ्यौं र त्यस ठाउँमा प्रभुले हामीलाई आशिष पनि दिनुभयो । हामीले रौतहट लगायत खयरमारा पनि रेखदेख गर्दै आएका छौं ।

अहिले हामी साथीभाइहरूसँग मिलेर हाम्रो मण्डलीभन्दा दक्षिणतिर गैर भन्ने ठाउँमा नयाँ संगति सुरु भएको होस् भनेर प्रार्थना गरिरहेका छौं । मण्डलीको सेवा समय १०-१२ रहेको छ । रौतहटमा १२-०२ सम्म हुने गरेको छ । यसरी नै हाम्रो संगतिहरू नियमित रूपमा चलिरहेका छन् । सर्लाही, रौतहट र खयरमारा गरेर हाम्रो ३ ठाउँमा आफ्नै मण्डली भवन रहेको छ ।

जगतपुरमा मण्डली भवनको आवश्यकता छ त्यसको लागि

पनि प्रार्थना गरिदिनुहोला । अहिले हाम्रो मण्डलीमा जवानहरूको संख्या घटेको छ । यस विषयको लागि हामी प्रभुसँग प्रार्थना गरिरहेका छौं । सुसमाचारको काममा जोडतोड प्रार्थनासाथ वरपर लागिपर्ने काम त्यति हुन



सकेको छैन । रौतहटमा नयाँ संगति सुरू हुन सकोस् भनेर प्रार्थना गरिदिनुहन अनुरोध गर्दछौं ।

-प्रस्तुति पास्टर अच्यूत मैनाली

### दोलखा तथा रामेछापमा रहेका मण्डलीहरूको विवरणः

यस मण्डली अन्तर्गत ९ वटा मण्डली स्थापना भएका छन्। हाम्रो मण्डलीमा ५०-६० को संख्यामा छौं । यस मण्डलीमा ४ वटा घरेलु संगतिहरू भइरहेका छन् । मलेपुमा पनि संगति भइरहेको छ । त्यस ठाउँमा २०-२५ जनाको संख्यामा विश्वासीहरू छन् । नामदूमा पनि ५०-६० जनाको बीचमा सेवा संगति र घरेलु संगति चलिरहेको छ । भीरकोटमा नयाँ मण्डली भवन निर्माण भएको छ र यही महिनामा नै उद्घाटन गर्ने योजना बनाएका छौं । त्यस ठाउँमा पनि ६०-७० जनाको संख्यामा संगति भइरहेको छ । रामेछापमा पनि एउटा मण्डली छ जहाँ ५०-६० जनाको संख्यामा संगति भइरहेको छ। दोलखा र रामेछापको सदरमुकाममा हामीले नयाँ संगति सुरू गरेका छौं। दूम्बामा पनि सेवा



संगति चलिरहेको छ। दूम्बाकाट १ घण्टा पर पनि एउटा संगति छ। यो ठाउँबाट ३ घण्टाको बाटोपछि आउने ठाउँमा पनि नयाँ संगति सुरू भएको छ। त्यस ठाउँमा १० जना जतिले पानीको बप्तिस्माको लागि तयार भएका छन्। भेडुपुमा पनि संगति चलिरहेको छ।

त्यहाँका विश्वासीहरूलाई प्रभुले निको पार्ने काम पनि गरिरहनुभएको छ । ३ वर्षसम्म कुँजो भएको दिदी अहिले निको भएर हिंड्न लाग्नुभएको छ । दोलखा र रामेछापको सदरमुकाममा ५ जनाले प्रभुलाई ग्रहण गरेका छन् । मण्डलीमा प्रभुको काम बढेर गएको छ। भेडुपुमा बाहिरको मान्छेहरू आएर विभाजन गरेका छन् । यस संगतिका आधा विश्वासीहरूलाई विभाजन गरी लैजाने काम पनि भयो । मण्डलीको वृद्धि र मजबूतीको निम्ति प्रार्थना गरिदिनुहुन हामी अनुरोध गर्छौं ।

-प्रस्तुति अगुवा एलिया थामी

### पूर्वी मकवानपुरमा रहेका मण्डलीहरूको विवरणः

हाम्रो पूर्वी मकवानपुरमा संगति सुरू भएको २० वर्ष भइसकेको छ। त्यहाँ ५ वटा मण्डलीहरू रहेका छन्। यी पाँचैवटा मण्डलीहरूमा १९ वटा घरेलु संगतिहरू चलिरहेका छन्। विभिन्न ठाउँमा सुसमाचारको काम पनि तिब्र गतिमा भइरहेको छ । ३० जना बप्तिस्माको लागि तयार भएका छन् । पूर्वी मकवानपुरमा अवस्थित पाँचै मण्डलीको एउटा समिति बनाएका छौं ।

डाडागाउँको तामाङ्ग बस्तीमा संगति संचालन भइरहेको १ वर्ष भइसकेको छ । यस ठाउँको संगतिलाई मण्डलीको रूपमा स्थापित गर्ने र त्यहाँको संगति शुक्रबार हुने गर्दथ्यो तर अब हामीले त्यस ठाउँको संगतिलाई शनिबार संचालन गर्ने भएका छौं र महिनामा एकचोटि भेटघाट, प्रार्थना र विभिन्न समस्याहरूको छलफल गर्ने गर्छौं । मन्थली, थली र राजदेवी गरी ३ वटा नयाँ ठाउँमा संगति चलाउने योजना छ । डाडा गाउँको संगतिमा स्थानीय अगुवा प्रभुको निगाहमा जुटेको होस् भनेर सधैं प्रार्थनामा सम्झिदिनुहोला । यस पूर्वी मकवानपुरका मण्डलीहरूमा संगीत तालिमको अत्यन्तै आवश्यक्ता रहेकोले यस्ता तालिमहरू मिसनले उपलब्ध गरि दिनुहुन अनुरोध गर्दछौं ।

अन्य गतिविधि

हाम्रो पूर्वी मकवानपुरको केही जानकारीहरू तपाईंलाई जानकारी गराउन लागिरहेको छु । मिति २०६८-१०-१५ देखि १०-२० गतेसम्म १ हप्ते सुसमाचार प्रचार कार्यक्रम नेइम गोठडाडाको आयोजनामा सम्पन्न भयो । यस

कार्यक्रममा १५ जनाको सहभागिता थियो । यस दौरान मकवानपुरको शिखरपुर, फापरबारी, बेतिनी, मन्थली र ललितपुरको गिम्दी गा.वि.समा सुसमाचार प्रचार गरियो । बेतिनी र मन्थलीमा ३ जनाले विश्वास गरे । समग्रमा यो कार्यक्रम आशिषित भयो ।

त्यस्तै २०६८-११-१४ देखि २०६८-११-१९ सम्म फिलीम सेवकाइको साथमा मिली मकवानपुरको पूर्वी गा.वि.स फापरबारी, राई गाउँमा फिल्म देखाउने साथसाथै पर्चा वितरण गरी सुसमाचार प्रचार गर्ने काम पनि गऱ्यौं ।

यही २०६८-१०-२३ गते मकावनपुरको पूर्वी क्षेत्रमा रहेका नेइमको ५ शाखा मण्डलीको पा. अब्राहाम श्रेष्ठको अध्यक्षतामा ११ सदस्यहरूको समिति बनाइयो । यस समिति मासिक रूपमा ५ वटै मण्डली घुमी प्रार्थना संगति गर्ने र उत्साह



दिने काम गरीरहेका छौं । पूर्वी क्षेत्रका सबै मण्डलीमा राम्रै रूपमा सेवा संगति भइरहेको छ ।

गोठडाडामा भवन निर्माण पूरा हुनै लागेको छ। यसको साथ साथै हात्तीसुँडेमा पनि राम्रोसँग सेवा संचालन भइरहेको छ। तीनतल्लेमा भवन निर्माणको काम सम्पन्न भइसकेको छ त्यसैले त्यहाँको भवन सर्मपण गर्नुपर्ने भएको छ। फूर्केचौरमा नयाँ भवनको लागि काम सुरू गरिएको छ। ठूलो दमारमा सबै सेवा संगति राम्रो नै भइरहेको छ। तपाईंहरूको प्रार्थनाको अझै आवश्यकता छ।

-प्रस्तुति सुन्दर दाहाल

### मध्य मकवानपुर रहेका मण्डलीहरूको विवरण:

हेटौंडा ख्रीष्टिय मण्डली अन्तर्गत ९ वटा मण्डलीहरू छन् । यी ९ वटा मण्डलीहरूमा ३५ ठाउँमा घरेलु संगति भइरहेका छन् । भीमफेदी देखि करिब ४ घण्टाको बाटो पर हामीले एउटा नयाँ संगति सुरू गरेका छौं ।

प्रत्येक हप्ताको आइतबार सबै शाखा मण्डलीहरू भेटघाट गरी घरेलु संगतिको लागि पाठहरू अध्ययन गर्छौं। सोमबार र शुक्रबार निरन्तर रूपमा प्रार्थना संचालन भइरहेको छ । प्रत्येक महिनाको पहिलो हप्ता चाहिं प्रत्यक्षण प्रार्थना जस अन्तर्गत हामीले हेटौंडालाई प्रभुमा दाबी गरी प्रार्थना गर्ने गरेका छौं । जवान संगति, आमा-दिदीबहिनी संगति, बाल संगति, प्रार्थना संगति तथा घरेलु संगति निरन्तर रूपमा भइरहेका छन् ।

गएको चैत महिनाको अन्तिमतिर राखिएको रिट्रिटमा यहाँबाट पास्टर रोबर्ट कार्थक गुरुबा, पास्टरअशोक मुखिया आउनुभएको थियो । उहाँहरूसँग हामीहरूले केही समय बिताउने मौका पनि भयो । बिहीबार हामी सबै शाखा तथा छोरी मण्डलीहरू मिलेर सुसमाचारको काम पनि गरिरहेका नै छौं ।



हाम्रो ३ वटा मण्डली भवनहरूमा चाहिं आफ्नै मण्डली भवन छैन यसको लागि पनि निरन्तर रूपमा प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं । विभिन्न क्षेत्रहरूमा झुण्डहरू संचालन गर्ने योजना बनाएका छौं, यसको लागि पनि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

-प्रस्तुति एल्डर दिलीप थापा

### पश्चिमी मकवानपुर क्षेत्रमा रहेका मण्डलीहरूको विवरण:

प्रमुख मण्डलीको रूपमा भालटार मण्डली रहेको छ र जस अन्तर्गत ३ वटा मण्डलीहरू पर्दछन् । त्यसरी नै कालीटार गा.वि.स मा अवस्थित मण्डली पनि हामीसँग आबद्धतामा आउन सहमत भएको कुरा हामीले जानकारी पनि दिएका छौं।

म र मेरी श्रीमती दुवैजना मिलेर मण्डलीमा पूरा समय काम गरिरहेका छौं। मेरी श्रीमतीले क्लिनिक संचालन गर्छिन्। यसद्वारा पनि प्रभुको सुसमाचार प्रचार गर्ने कामहरू भइरहेको छ। हालसालै नेइम मण्डली अन्तर्गत मेरी गुरूआमा प्रतिस्थानबाट कृषि तालिम पनि आयोजना गरिएको थियो ।

यस तालिममा वरपरका मण्डलीहरूका पास्टर अगुवाहरूलाई सहभागी गराएका थियौं । यसको सँगसँगै हामीले प्रभुलाई नपाएकाहरूलाई पनि संलग्न गराएका थियौं । यस तालिममा ३१ जनाको संलग्नता थियो । मण्डलीको तलको जग्गामा हामीले गोलभेडाको खेती पनि गरेका छौं । त्यसरी नै माछा पालनको लागि पनि पोखरी खन्ने तयारी गरिरहेका छौं । कृषि उत्पादनमा त्यहाँका मानिसहरू निकै धनी पनि छन् र सबैजनाले दशांश दिने हो भने हाम्रो मण्डली पनि धनी हुन्छ।



अहिले हाम्रो मण्डलीमा नयाँ विश्वासीहरू थपिएको छ । मेरो परिवारले पनि प्रभुलाई चिनेका थिएनन् तर हालसालै प्रभुलाई ग्रहण गर्नुभएको छ ।

हाम्रो मण्डलीमा पाष्टरहरू छैनन् तर एल्डरहरू मात्र छन् । जवानहरूको बीचमा शिक्षा र परामर्श दिने व्यक्तिको पनि आवश्यक्ता छ । यसको लागि प्रार्थना गरिदिनुहोला । हाम्रो मण्डलीमा अभिषेक लिएका अगुवाहरू आर्थिक समस्याको कारणले गर्दा विदेश धाउने जस्ता समस्या हामीले खेप्दै आएका छौं । यी समस्याबाट हामीले मण्डलीमा अगुवाहरू छनौट गर्दा ध्यान पुऱ्याउने कुराहरू छन् ।

-प्रस्तुति बिर बहादुर सिन्तान

### सिन्धुली तथा रामेछाप क्षेत्रमा रहेका मण्डलीहरूको विवरणः

सिन्धुलीमा ५ वटा संगतिहरू छन्। नेइम बोहोरेटार, नेइम फुल्पा, नेइम दुम्जा, नेइम अर्चले र नेइम बेलघारी रहेका छन्। साप्ताहिक सेवकाइ आ-आफ्नो ठाउँमा नियमित रूपमा भइरहेको छ। त्यसरी नै संयुक्त सेवा नेइम बोहोरेटारमा यथावत रूपमा भइरहेको छ । यही समयमा नै म लगायत दल बहादुर श्रेष्ठ दाइ हामी दुवैजना पालैपालो गरी प्रभु-भोज दिने गरेका छौं। हाम्रो मण्डलीमा विश्वासीको संख्या लगभग २०० को हाराहारीमा रहेको छ।

हाम्रो मण्डलीमा नियमित रूपमा बालसंगति, जवान संगति, महिनामा एक पल्ट आमा दिदीबहिनीको संगति भइरहेको छ। महिनामा एकचोटी व्यवस्थापन समितिको बैठक हुने गरेको छ अनि त्यसैमा हामी मण्डलीको बारेमा छलफल र निर्णय पनि गर्ने गरेका छौं । यही वैशाख महिनामा मिसनबाट आउनुभएको टोलि मार्फत १९ जनाको बप्तिस्माको कार्यक्रम पनि सम्पन्न भयो । हाम्रो ६ वर्षको सेवकाइमा हामीले एकै पल्ट यसरी १९ जनालाई बप्तिस्मा दिएका थिएनौं । यसको लागि पनि हामीले उही महान् काम गर्नुहुने प्रभुलाई धन्यवाद निरन्तर रूपमा चढाई रह्यौं । हाम्रो पाँचै वटा सेवा संगतिमा सेवा र अवलोकन गर्ने काम पालैपालो गरी भइराखेको छ।



यो मण्डलीमा प्रभुले एउटा अच्चमको काम र जागृति ल्याउनुभएको छ । नेइम बोहोरेटारमा चाहिं केन्द्र विन्दु बनाई तालिमको, सेमिनार जस्ता कार्यक्रमहरू आयोजना गर्ने काम पनि गऱ्यौं । त्यहाँ हामीले ३ लाख हाराहारीको रकम हाम्रै मण्डलीबाट मुठ्ठी खोलेर यस कामको लागि दिएका छन् । हामीलाई धेरै खुशी लागेको छ की अब प्रभुले हाम्रो मण्डलीका विश्वासी दाजुभाइ दिदीबहिनीहरूलाई दिने कुरामा अगाडि बढाउँदै हुनुहुन्छ । प्रभुलाई धेरै धेरै धन्यवाद।

नेवार बारीमा हामीले नयाँ संगति सुरू गर्न लागेका छौं । त्यस ठाउँको लागि प्रार्थना गरिदिनुहुन अनुरोध गर्दछौं ।

-प्रस्तुति ए. कुमार श्रेष्ठ

### धादिङ्ग क्षेत्रमा रहेका मण्डलीहरूको विवरणः

आजभन्दा १८ वर्ष अगाडि हाम्रो मण्डली स्थापना भएको हो। अहिले हाम्रो मण्डलीमा सबै प्रकारका प्रार्थना सभा र सेवा संगतिहरू संचालन भइरहका छन् । घरेलु संगतिको लागि चाहिँ हामीहरूले विशेष दिनलाई तोकेर भन्दा पनि आवश्यक्ता अनुसार गरिराखेका छौं।

धेरै वर्ष अगाडिदेखि प्रभुसँग हामीले त्यस ठाउँबाट बाहिर

सुसमाचारको लागि निस्कने चाहानासहितको प्रार्थना चढाएका थियौं । किनकि पुरै गाउँले नै प्रभुलाई पाइसकेका थिए । प्रभुले हाम्रो प्रार्थना सुन्नुभयो । मण्डली १७ औं वर्षमा मात्रै हामीले एउटा सानो झुण्ड स्थापना गर्न सक्यौं । अनि हरेक हप्ता नेइम इबीमा र हाम्रै छिमेकी गुम्ती गा.वि.समा ७-१० जनाको बीचमा हामीले सेवा संगति दिने गरेका छौं।

हामीले जुन ठाउँमा सेवा दिइराखेका छौं । त्यो ठाउँका मानिसहरूले सुसमाचार सुन्छन्, कुनै सुसमाचार कार्यक्रम राख्यौं भनेदेखि त्यो कार्यक्रममा पनि उपस्थित हुन्छन् तर सुसमाचार सुनेपछि विश्वास गर्न मान्दैनन् । त्यसैले यो ठाउँको लागि प्रार्थनामा सम्झिदिनुहोला । मण्डलीमा धेरै जवानहरू छन् तर पहिलेको हाराहारीमा अहिलेको संगतिमा जवानहरूको उपस्थिति कम भएको छ । त्यसैले हाम्रो मण्डलीका जवानहरू सेवा संगतिमा आउन सकून् भनेर प्रार्थना गरिदिनुहोस् । मण्डलीमा परमेश्वरको वचनबाट सिकाउन सक्ने सुयोग्य अगुवाको लागि हामी प्रार्थना गर्दैछौं र तपाईंहरूले पनि प्रार्थना गरिदिनुहोला ।

-प्रस्तुति सल्मोन तामाङ्ग

### दाङ्गमा रहेको मण्डलीको विवरणः

२०६३ साल भदौ महिनामा ज्ञानेश्वर मण्डलीको सदस्य रमेश पाण्डेसँग मिलेर हामीले त्यस ठाउँमा मण्डली स्थापना गरेका थियौं । अहिले उहाँ हाम्रो माझमा हुनुहुन्न, प्रभुमा सुत्नु भयो । तर पनि हामीले त्यहाँको सेवा संगति चलाइरहेको छौं ।

हाम्रो घरेलु संगति १२ ठाउँमा यथावत नै छन् । विभिन्न ठाउँमा चलिरहेको घरेलु संगतिमा अवलोकन गर्नुका साथसाथै हामीहरूले समय निकालेर ती ठाउँहरूमा संगति दिइरहेका पनि छौं । शनिबार बिहान ९-१० बजेसम्म बाल संगति हुने गर्दछ । त्यसरी नै आमा-दिदीबहिनी संगति, पुरुष संगति लगायत अन्य संगतिहरू पनि यथावत रूपमा भइरहेका छन् ।

प्रभुले हामीलाई अहिले सम्म धेरै अनुग्रह गर्नुभएको छ। गएको केही महिना अघि हाम्रो मण्डलीमा नेइम मिसन विभागले मण्डली व्यवस्थापनको तालिमको आयोजना गरेको थियो र उक्त तालिमले हाम्रो मण्डलीमा धेरै जागृतिको काम गरेको छ । त्यसरी नै सुसमाचार प्रचारको लागि हामीले १२ जनाको झुण्ड तयार गरेका छौं अनि प्रत्येक महिनाको एक दिन हामीहरू ठाउँठाउँमा सुसमाचार प्रचारको लागि हिंड्ने काम गर्दै आएका छौं । यही क्रममा १२ वर्षको नानी जो आमाको गर्भदेखिनै दाहिने हात सुकेको थियो, त्यो नानीको बुबासँग हाम्रो भेट भयो र उहाँले हामीलाई उहाँको छोरी निको हुन्छ भने पुरै परिवार नै खीष्टमा आउने कुरा बताउनु भयो। हामीले प्रतिउत्तरमा खीष्टलाई विश्वास गर्नुहोस्, तपाईंको छोरीले चंगाई पाउनेछ भनेर बतायौं। प्रभुको अनुग्रहमा उहाँको छोरी अहिले निको भएर पढिरहेको छ र उहाँको पुरै परिवारले नै खीष्टलाई विश्वास गर्नुभएको छ ।




यही २०६९ सालमा हामीहरूले १०० जना आत्मा जित्ने लक्ष्य राखेका छौं । अझै मण्डलीमा मण्डली व्यवस्थापन तालिमको आयोजना मिसन विभागले गर्नुभयो भने मण्डली झन झनै व्यवस्थित हुंदै जाने थियो भन्ने हामीले आशा राखेका छौं । प्रार्थनामा निरन्तर सम्झिदिनु होला ।

-प्रस्तुति पास्टर दीपक जेसन

### सोलुखुम्बु जिल्लामा रहेका मण्डलीहरूको विवरणः

सोलुखुम्बुको मण्डली पन्चायतको कठिन अवस्थामा स्थापना भएको थियो र नेइम ज्ञानेश्वर मण्डलीसँग यस मण्डलीको पूरानो सम्बन्ध रहेको छ । सियोन अन्तर्गतका मण्डलीहरू जम्मा ११ वटा रहेका छन् भने ९ जना नयाँ पाष्टरहरू, ३५ जना एल्डरहरू, ४० जना डिकनहरू र २० जना डिकनेस्हरू रहेका छन् ।

सोलुको मूल मण्डलीको रूपमा काँकू खास्ताव मण्डली रहेको छ । यस मण्डलीमा महिनाको पहिलो हप्तामा ११ वटा मण्डलीहरूको संयुक्त सेवा र प्रभुभोज हुंदै आइरहेको छ । त्यसपछि हाम्रो ११ वटा मण्डलीका अगुवाहरूसंग बैठक हुने गरेको र जुन जुन निर्णय हामीले त्यस बैठकमा गर्छौं त्यसैलाई नै ११ वटा मण्डलीहरूमा उहाँहरूले जानकारी गर्ने काम पनि गरिरहनु भएको छ । हाम्रो सेवकाइ चाहिं ठीक १० बजे एउटै समयमा नै हुने गरेको छ । ११ वटा मण्डलीहरूमा हामीले अगुवाहरूको घुम्ती वचनको सेवकाइ पनि राखेका छौं । १० वटा मण्डलीमा प्रभुले हामीलाई पाष्टरहरू दिनुभएको छ । प्रभुले गर्नुभएको यो कामप्रति

हामी निकै खुशी छौं ।



प्रभुले सोलुमा धेरै कामहरू गरिरहनुभएको छ। त्यसको लागि प्रभुलाई धन्यवाद होस् । परार सालमा राप्चा भन्ने ठाउँमा नयाँ विश्वासीको घरमा एकजना बहिनीलाई दुष्टले जकडेको थियो। त्यस घरमा हामीले प्रार्थना गऱ्यौं र हामीले त्यहाँ प्रभुको उपस्थितिलाई शक्तिशाली रूपमा थाहा गऱ्यौं। प्रार्थनाको शक्तिले त्यहाँ तन्त्रमन्त्रको शक्तिलाई निष्क्रिय तुल्याइदिएको हामीले देख्यौं। अहिले त्यो बहिनी पूरा रूपमा निको हुनु भएको छ र उहाँको ७ जनाको परिवार प्रभुमा आउनुभएको छ। यसको साथसाथै कुष्ट रोग लागेकी एकजना आमालाई पनि निको पार्नुभएको छ।

-प्रस्तुति पास्टर इसहाक खालिङ

## जुम्ला जिल्लामा रहेका मण्डलीहरूको विवरणः

आशिष मण्डली जुम्लाको कालीकोट, उर्थु र जुम्ला गरी ३ वटा शाखा मण्डलीहरू छन् । मण्डलीमा पूर्णकालिन सेवकको रूपमा पास्टर दत्त बहादुर महत्तरा मात्रै हुनुहुन्छ । मण्डलीमा ३-४ जना अगुवाहरू हुनुहुन्छ ।अन्य मण्डलीहरूसँग हाम्रो मण्डलीको सम्बन्ध पनि निकै राम्रो रहेको छ ।

कालिकोट घरेलु संगति, उर्थु घरेलु संगति र जुम्ला घरेलु संगति गरी ३ वटा घरेलु संगति संचालन भइरहेका छन्। शुक्रबार ३ बजेदेखि ६ बजेसम्म जवान संगति भइरहेको छ। जुम्लामा विश्वासीहरू निकै टाँढा टाँढामा रहनु भएको हुनाले महिनाको पहिलो हप्तामा हामीले संयुक्त सेवा राख्ने गरेका छौं । उक्त सेवामा नै हामीहरूले प्रभु-भोजको सेवा पनि राखेका छौं। जुम्लामा रहेका धेरै परिवार विहिन नानीहरूको लागि अनाथ आश्रम खोल्ने योजना गरिरहेका छौं त्यसको लागि यहाँहरूको प्रार्थनाको अपेक्षा राखेका छौं । हाल साले हाम्रो मण्डलीमा १५ जनाले पानीको बप्तिस्मा लिएका छन् । ३ जनाले प्रभुलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गरेका छन्।

आशिष मण्डलीमा २५ वर्षसम्म पनि पास्टरअभिषेक हुन सकेको थिएन तर हालै २५ वर्षपछि प्रभुको अनुग्रहमा पास्टर दत्त बहादुर महत्तरालाई पाष्टर महेश थांजुले पास्टर अभिषेक गर्नुभएको छ । प्रभुले हाम्रो मण्डलीमा धेरै परिवर्तनहरू ल्याउनु भएको छ ।



मण्डलीमा कति विश्वासीहरू मण्डलीबाट हराएका छन् त्यसको साथसाथै धेरैजनाले मण्डलीका विश्वासीहरूलाई अन्य मण्डलीको संगतिमा लैजाने गरेकोले यी विषयहरूको लागि पनि प्रार्थना गरिदिनुहुन अनुरोध छ । जुम्ला बजारमा मात्र धेरै मण्डलीहरू भएको कारणले गर्दा सुसमाचारको लागि निकै कठिनाइ छ त्यसको लागि पनि प्रार्थना गरि दिनुहुन अनुरोध गर्दछौं ।

-प्रस्तुति नरेश नेपाली

## डोल्पा, रुकुम र जाजरकोटमा रहेका मण्डलीहरूको विवरणः

अहिले डोल्पामा प्रभुले धेरै राम्रो काम गरिरहनुभएको छ । यही २-३ वर्षभित्रमा हामीले धेरै आशिष पाएका छौं । पास्टर महेश थांजुले बताउनु भए अनुसार हामीले डाँडामा उक्लेर प्रार्थना गर्ने काम सुरू गऱ्यौं जसको फलस्वरूप हामीले हाम्रो मण्डलीमा वृद्धिको कामहरू देख्न सक्यौं । यसरी नै हामी डोल्पाबाट जाजरकोट र रूकुमसम्म पुग्न सफल भएका छौं । डोल्पा जिल्लामा हाम्रो नेइम बाहेक अरू कुनै मण्डलीहरू स्थापना भएका छैनन् साथसाथै त्यस ठाउँमा कुनै झुटा शिक्षाका कुराहरूले पाइले टेक्न सकेका छैनन् । यसको लागि हामी प्रभुलाई धन्यवाद दिन्छौं र त्यहाँ कहिल्यै पनि झुटा शिक्षाका कुराहरू नआएको होस् भनेर प्रार्थना गर्दै आएका छौं ।

हामीले ३ वटा जिल्लामा पाइला टेकेका छौं । हाल हामीले नेइम डोल्पा मण्डली अन्तर्गत ९ वटा ठाउँमा साप्ताहिक संगति गरिरहेका छौं । यी ९ वटै मण्डलीका विश्वासीहरूको संख्या ५०० सम्म रहेको तथ्याकं हामीले गएको फाल्गुन महिनाको सम्मेलनबाट प्राप्त गऱ्यौं । डोल्पामा अहिले ६

ठाउँमा साप्ताहिक संगतिहरू संचालन निरन्तर रूपमा भइरहेको छ । त्यहाँको संगतिमा २०-२५ जनाको संख्यामा विश्वासीहरूको सहभागिता रहेको हुन्छ भने मूल मण्डलीमा करिब १०० जनाको संख्यामा विश्वासीहरूको सहभागिता रहेको छ । हामीले मण्डलीबाट भाइबहिनीहरूलाई बाइबल स्कूल पठाउँदै आएका छौं र त्यसको लागि हामीले स्थानीय मण्डलीबाट नै खर्चहरू मिलाएका छौं ।



रूकुमको दामाचौरको संगतिमा यही महिनामा १२ जनाले प्रभुलाई ग्रहण गरेको कुरा त्यहाँको अगुवा हामीलाई जानकारी गराउनु भएको थियो । त्यस संगतिमा अहिले एकदमै वृद्धि भइरहेको छ र हालसालै हामीले २२ जनालाई पानीको बप्तिस्मा दिएका थियौं । साथसाथै गोतामकोट मण्डलीमा पनि वृद्धि आइरहेको छ । उता जाजरकोटको भेरे गाउँमा पनि वृद्धि आइरहेको छ । त्यहाँका मानिसहरू धेरै बन्धनमा रहेको र मण्डलीमा आउने क्रमको साथसाथै छुटकारा, आश्चर्यकम जस्ता प्रभुको शक्तिशाली काम पनि निकै बढेको छ ।

संगतिहरू निरन्तर रूपमा बढीरहेको छ तर त्यस संगतिलाई आत्मिक रूपमा बढाउन र हुर्काउन तालिम प्राप्त साथसाथै हृदयमा बोझ भएको अगुवाहरू खडा हुन सकेका छैनन् । दुर्गम गाउँ भएको कारणले कुनै यातायातको सुविधा छैन त्यसैले संगति दिनलाई कम्तिमा पनि ५ घण्टा देखि ३ दिनसम्मको बाटो हिंडेर जानुपर्ने भएकोले ४ महिनाको एकपल्ट ती ठाउँहरूका संगतिहरूमा पुग्ने कोसिश गरिरहेका छौं। यो विषयको लागि प्रार्थना गरिदिनुहोला। कर्णालीको पाँचै जिल्लामा संगति होस् भन्ने योजना हामीले बनाएका छौं।

डोल्पामा धेरै पहिले परमेश्वरको वचन पुगेता पनि मण्डली २०५४ सालमा तीन जनाबाट सुरू भएको हो । धेरै वर्षको उताव चढाव पछि मण्डली वृद्धि हुँदै गयो । २०५९ सालमा मण्डली भवन पनि निर्माण हुन सक्यो । ६३ सालपछि डोल्पाको सदरमुकाम दुनैमा मण्डली सुरू भयो हाल नियमित ४०-५० जना संगतिमा आउँदै हुनुहुन्छ । त्यहाँ आफ्नो भवन



नभएको र संगति गर्ने ठाउँ पनि प्रशस्त नभएकोले अलि कठीन भइरहेको छ । परमेश्वरको काम बढ्दै गयो र २०६६ सालबाट खलरूपी भन्ने ठाउँमा पनि संगति सुरू भयो हाल १५-२० जना संगतिमा आउनुहुन्छ । डोल्पा जिल्लालाई परमेश्वरले निकै आशिष दिनुभयो र छिमेकी जिल्ला रूकुम र जाजरकोटसम्म जान सक्यौ । रूकुम जिल्लाको दामचौर र गोतामकोटमा संगति सुरू भएको छ जहाँ ५०-६० जना आउनुहुन्छ । २०६७ मा जाजरकोटको ध्यारगाउँमा पनि १५-२९ जना को संगति सुरू भएको छ । कालापानीमा पनि हालै दुइ परिवार मिलेर संगति सुरू भएको छ । डोल्पाको सर्मी गाविसमा पनि दुइ वर्ष देखि संगति सुरू भएको छ । डोल्पा क्यै ल्याँ गाविसमा २०६८ देखि नयाँ संगति सुरु भएको छ जहाँ चार परिवार संगति गरिरहेका छन् । यहाँका जति पनि सेवा संगतिहरू छन् र ती सबै १-३ दिनको बाटोमा पर्छ। तर परमेश्वरले गएको २,३ वर्षभित्र धेरै आशिष दिनुभएको छ। फसल तयार छ खेतालाको आवश्यक छ। दुर्गम क्षेत्र भएकोले तालिम प्राप्त व्यक्तिको धेरै खाँचो छ। एक स्थानबाट अर्को स्थानमा संगति गर्न जाँदा कम्तिमा एक हप्ता चाहिन्छ र खर्च पनि ३-४ हजार लाग्छ । हाल साना ठूला गरी ११ वटा मण्डली झूण्ड डोल्पा मण्डलीसँग सम्बन्धित छन्। नियमित प्रार्थना गरिदिनुहोला। बिकट स्थान भएकोले यात्रा गर्न अप्ठेरो छ खर्च धेरै लाग्छ सबै कुरामा परमेश्वरले सहायता गरिदेउन् । यो वर्ष २०११ लाई विदा गरी २०१२ लाई स्वागत गर्ने समयमा परमेश्वरले यशैया ५४:२-४ र भजन २:८ पद आफ्नो प्रतिज्ञाको वचन दिनुभएको छ यो पूरा हुन सकोस् । प्रार्थनाको लागि सबैलाई धन्यवाद छ ।

-प्रस्तुति पास्टर तुलविर धरला

### सिन्धुपाल्चोक तथा दोलखा क्षेत्रमा रहेका मण्डलीहरू:

यस नेपाली ईसाई मण्डली घोर्थली चर्च २०६२/६ कार्तिक महिनाबाट स्थापना भएको हो। यो मण्डली स्थापना हुनुको कारण परमेश्वरले यस ठाउँमा भएका मानिसहरूको जीवनमा

भएको विभिन्न किसिमका रोग ब्यथाबाट छुट्कारा साथै भूतआत्माहरू बाट छुट्कारा पाएर र विभिन्न बन्धनहरूबाट स्वतन्त्र भइ यो मण्डली स्थापना भएको हो। यसरी हामीहरू २०६२ देखि २०६५ सालसम्म दु:खसँग गाईको गोठमा तीन वर्ष संगति गऱ्यौं। पहिलाको अवस्था यस्तो थियो ।

अहिले हामीहरू २०६५ देखि यता एक रोपनी क्षेत्रफल मण्डली आफ्नै जग्गामा ५२ फुट लम्बाई १८ फुट चौडाई भएको आफ्नै मण्डली भवन निर्माण गरी आफ्नै मण्डली भवनमा आराधना सेवा सञ्चालन भइरहेको छ। अहिले मण्डली वृद्धि भएर ६०-७० जनाको संख्यामा पुगेको छ। अहिले हाम्रो मण्डलीमा वृद्धि भएर थप तीन ठाउँमा संगति संचालन भइरहेको छ। नेइम घोर्थली मण्डली मूल मण्डलीको रूपमा रहेको छ। सिन्धुपाल्चोकको बुधेपामा सानो संगति सुरू भएको छ। त्यस ठाउँमा विश्वासीको संख्या ७ जना रहेको छ। हाम्रो घरेलु संगति आ-आफ्नै स्थानमा यथावत रूपमा भइरहेका छन्। बिगुमा २ ठाउँमा घरेलु संगति भइरहेका छन् भने उता केन्द्रमा ४ ठाउँमा घरेलु संगति भइरहेका छन् । हाम्रो मण्डलीमा तीनजना अगुवाहरू हुनुहुन्छ। यी सबै संगतिहरूलाई सेवा र संगति दिनलाई महिनामा १ वा २ पल्टसम्म जाने र त्यहाँको गतिविधि पनि बुझ्ने गरिरहेको छु।

दोलखाको सिमानामा रहेको गाउँमा हामीले संगति दिँदै आएका छौं । त्यहाँको एकजना दाइको खुट्टा राम्ररी चल्दैन थियो । प्रभुको अनुग्रहमा अहिले उहाँ निको हुनुभएको छ र उहाँले नै त्यहाँको संगति संचालन गर्दै आउनुभएको छ। यो आश्चर्यकर्मको साथसाथै प्रभुले त्यस ठाउँमा वृद्धि पनि ल्याउनु भएको छ । त्यस संगतिमा एकजनाको संख्याबाट ३० को संख्यामा पुऱ्याउनु भएको छ । यो ठाउँमा शेर्पा जातिहरू रहेका छन् र संगतिमा शेर्पाहरूको संख्या पनि बढिरहेको छ ।

त्यसैगरी यस नेपाली इसाई मण्डली घोर्थली चर्च अन्तर्गत स्थापना भएका झुण्डहरू यस प्रकार छन् नेइम बिग पहिलो झुण्ड दोलखा जिल्लामा पर्दछ। यस जिल्लामा हाल विश्वासीहरूको संख्या २६ जनाभन्दा बढी रहेका छन्। यो झुण्ड स्थापना भएको २०६५ सालमा हो। यस झुण्डलाई एक जना मात्र अगुवाले नेतृत्व गरिरहनु भएको छ। हालको साप्ताहिक सेवा व्यक्तिको घरमा भइरहेको छ मण्डली भवनको लागि जग्गाको पहल भइरहेको छ।

दोस्रो झुण्ड नेइम बुदेपा सिन्धुपाल्चोक घोर्थलीबाट २ घण्टाको यात्रा यो झुण्ड २०६७ सालबाट सुरू भएको हो। यहाँ विश्वासीहरूको संख्या हाल ७ जनामात्र रहेको छ। यो ठाउँ बजार क्षेत्रमा भएकोले कोठा भाडामा लिएर साप्ताहिक सेवा सञ्चालन गरिरहेका छौ ।

-प्रस्तुति पदम तामाङ्ग

सियोन ईन्टरप्राईजेज

परराष्ट्र मन्त्रालय (नारायण हिटी), आयुर्वेद हस्पिटल, कीर्तिपुर नेपाल शेयर मार्केट पुतलीसडक लगायत अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरूमा दक्ष सेवा पुऱ्याउँदै आइरहेको यो ईन्टरप्राईजेज यहाँहरूको सेवाको लागि पनि सदैव तत्पर छ।

हाम्रा सेवाहरू

सरसफाई, पियन, सुरक्षा गार्ड, माली, विविध निर्माण तथा सिसि टिभी जडान र नेटवर्क सम्बन्धी सम्पूर्ण कामहरू गरिन्छ ।

सम्पर्क: शुक्रराज देउला ९८४१७७४३२४

SIYON ENTERPRISES PRIVATE LIMITED
Bishnu VDC-2, Budhanilkantha, Kathmandu, Nepal

Chhatra B. Rai
Proprietor
9851000564

D.R. PEST CONTROL TRADE SERVICE
Gusingal, Kupondol, Lalitpur
P.O.Box: 1900, Kathmandu, Nepal
Tes.: 5529393, E-mail: drpc@ccsl.com.np

Remember us for

Prevents all kinds of Incesticides like bed bug, cockroach, snake, rat, wasp and so on for commercial, residential and office areas.

Specialized service against white ants especially found in construction areas.

A customized post-construction and pre-construction service too.

# जीवन गवाहीहरू

## सीता तामाङ्ग

मेरो नाउँ सिता तामाङ्ग हो। मलाई पक्षघातको रोग लाग्नुभन्दा अगाडि हलुका ज्वरो आउँथ्यो र हिँड्न खोज्दा लड्थे। यसरी म पक्षघातको रोगी बन्न पुगेँ। २०५४ साल असाढ २९ गते को दिन म हिँड्न खोज्दा मेरो घरको आँगनमा लडेको थिए। त्यस समयदेखि यो रोग मेरो शरीरमा प्रवेश गरेको हो। मेरा गाउँलेहरूले मलाई भूतप्रेत लागेको हो भनेर विभिन्न धामी झाँक्री, लामा लगाउने कार्यलाई अगि सार्न थाले। यता यस्तो कार्य गर्दै जाँदा धेरै पैसा खर्च भयो तर पनि म यो रोगबाट मुक्त हुन सकिन। यस्तो कार्य गर्दा कुखुरा र अण्डा अनगिन्ति खेर फालियो होला तर म अपाङ्ग सरह जीवन बिताउन बाध्य भएँ। म अपाङ्ग भएपछि मेरा इष्टमित्रहरूले हेरविचार गर्न छाडे। त्यो समयमा मैले मेरो परिवारको मात्र माया पाउन सकेँ।

यसरी घृणित भई बाँचिरहे। यही हेला र घृणामा बस्दा बस्दा २०६२ चैत्र २४ प्रभुको दर्शन र बोझ लिएर प्रभुको सेवा गरिराख्नुभएको दाइ पदम बहादुर तामाङ्गले मेरो घरमा आएर परमेश्वरको सुसमाचारसहित मेरो घर परिवार बीच कुराकानी गर्ने र सुन्ने मौका भयो। यसै कुराकानीमा प्रभुमा विश्वास गऱ्यो भने मुक्ति र उद्धार पाइन्छ रोगबाट चंगाइ पनि हुन्छ र आत्मा पनि बाँच्नेछ भनी सुनाउनुभयो। यही कुरामा मैले पूरा विश्वास राखें प्रभुमा विश्वास गरी नयाँ जीवन बिताउने निर्णय गरें। त्यस दिन नै मैले मेरो जीवन प्रभुमा समर्पण गरें। त्यसपछि मलाई पदम दाइले मेरो शरीर मा हात राखी प्रार्थना गरिदिनुभयो र संगतिमा पनि आउन भन्नुभयो तर के गर्ने मेरो शरीर चलाउन सक्ने स्थिति नै थिएन र पनि संगतिबाट नै एक दुइ जना दाजुभाइहरू आएर संगतिमा पुऱ्याउने काममा ठूलो सहयोग गर्नुभयो र विश्वासी दाजुभाइ दिदीबहिनीहरू मिलेर मेरो निम्ति प्रार्थना गरि दिनुभयो। यसरी प्रार्थना गरेपछि म बिस्तारै हिँड्न सक्ने भए र तीन दिन भित्रमा म आफै हिँडेर संगति जान सफल भएँ। म मेरो परमेश्वर पितालाई हृदयले पुज्दछु। अबदेखि उसो म उहाँलाई छाड्नेछैन भनी निर्णय गरेको छु। परमेश्वरले मलाई १० वर्षसम्म पक्षघात भएर ओछ्यानमा परिरहेको अवस्थाबाट उठाउनुभयो। परमेश्वरले मेरो जीवनमा गर्नुभएको आश्चर्य कामको विषयमा मानिसहरूको घर-घर मा गएर बाँड्न सक्ने परमेश्वरको छोरी म भएकी छु। अहिले म मेरो श्रीमान् गणेश बहादुर मगरसँग विवाह भइ एक छोरीकी आमा भई आशिषित भएकी छु।

## रामशरण मगर

मेरो नाम रामशरण मगर हो र मेरो जन्म बुवा श्री कर्ण बहादुर मगर र आमा मनमाया मगरको कोखबाट २०४४ सालमा भएको हो। म पढ्दा पढ्दै मेरो उमेर पनि बढ्दै गयो र मलाई ११ वर्षको उमेरमा घाउ खटिराले सताउन थाल्यो। मेरो रोगले मलाई झन् झन् च्याप्यो र अस्पतालमा उपचार र धाँमी झाक्री गर्दै गएँ। पछिबाट थाहा भयो त्यो रोग कुष्ठरोग पो रहेछ। म यो रोगले साह्रै थलिएको थिए त्यो समयमा मलाई एकजना सारा नाउँ भएकी परमेश्वरको जन, मेरो छिमेकी उहाँले येशूमा विश्वास गऱ्यौ भने रोग निको हुन्छ भन्नुभयो। उहाँको कुरा सुनेर मेरो हृदय खुसीले उफ्रियो। उहाँले मेरो लागि प्रार्थना गरिदिनुभयो। तीन दिनपछि शुक्रबारको दिन विम्थली भन्ने ठाउँमा नेइम को मिसनरी दाइ पदम बहादुर तामाङ्गले संगति गर्नुहुँदोरहेछ र म त्यो ठाउँमा बल्ल बल्ल पुग्न सकेँ।

कसै-कसैले चंगाई हुँदैन जस्तो छ ओढारमा बस्नुपर्ने अवस्था भइसकेछ पनि भने तर मलाई त पूरा विश्वास थियो निको हुन्छु भनेर। सुसमाचार सुनेर बुझेँपछि ग्रहण पनि गरे। परमेश्वरले मलाई बिस्तारै निको पार्दै लानुभयो। तीन चार हप्तापछि प्रभुले मलाई कुष्ठरोगबाट छुट्कारा दिनुभयो। म कुष्ठरोगबाट पूरा निको भएको छु। मेरो परिवारमा ५ जना जहान छौं र अहिले सबैले सृष्टिकर्ता परमेश्वरको कृपा अनुग्रह प्रेम र अनन्त जीवन पाएका छौं। मृत्युपछि स्वर्ग घरमा जाने बाटो पनि पाएका छौं। हालको मेरो नाम मेशक रजन मगर हो। अहिले म परमेश्वरले दिनुभएको मेरी पत्नी र छोरासँग छु।

## डिटी शेर्पा

मैले नयाँ बस्ती निसी चर्चमा विश्वास गरी चरीकोट यजन नदीमा बप्तिस्मा लिए। मेरो श्रीमान बुद्धिष्ट र उहाँको परिवारमा सबै जना बुद्धिष्ट र म मात्र विश्वासी भएकाले मेरो श्रीमानले मलाई यो धर्म छाड् भन्नुभयो। तर मैले उहालाई भने बरू म तपाईंलाई छाड्छु तर येशूलाई छाड्ने छैन भने। कसैले यस ठाउँमा येशूको नाउँ सुनेको थिएन संगति त वर्षदिन छ महिनामा काठमाडौं गएर पाउँदथे।

छिमेकीको नानीहरू बिरामी भएर अन्तिम भएपछि मकहाँ ल्याउँदथे प्रार्थना गर्नको लागि पछि ठूला मानिसहरू पनि बिरामी भएर डाक्टरलाई देखाउँदा धेरै पैसा लाग्ने हुँदा मकहाँ प्रार्थना गर्न आउँथे र म प्रार्थना गरिदिन्थे र उनीहरू निको हुन्थे र म सुसमाचार पनि सुनाउथे। एकदिन पदम दाजु सुसमाचारको लागि घोर्थली आउनुभयो उहाँसँग कुराकानी गरेपछि एकदुइजना बिरामीहरू प्रार्थनाको लागि आउन थाले र उनीहरू चंगाई भएपछि आज २०-२२ जनाको संगति सुरू

भएको छ । हामीलाई जग्गाको खाँचो छ जवान बाल संगति छैन प्रार्थना गरिदिनुहोला ।

## डिम बहादुर बुढाथोकी, बिगु दोलखा ।

मेरो आमा बिरामी भएर बौलाउने रोग लागेको थियो धाँमी झाँक्री, डाक्टर सबैलाई देखाउँदा पनि केही उपाय भएन । एक दिन राती निन्द्राबाट बिउँझिदा मेरो एउटा खुट्टाको गोलीगाँठो अति नै दुखिरहेको रहेछ । मैले धेरै धामी झाक्री देखाएँ तर पनि केही हुन सकेन अनि मलाई मर्न पाए पनि हुन्थ्यो म बाचेर केही कामै छैन जस्तै हुन्थ्यो । सानो चार वर्षको नानी मसँग ओछ्यानमा राखेर मेरो श्रीमती काममा जान्थीन् अनि मेरो मनमा अनेक विचार आउथ्यो नानीलाई हेर्थे र सोच्दथे यो बच्चालाई कसले पाल्छ । एकदिन मेरो श्रीमतीले आएर भनिन् येशू धर्ममा तीन पटक जानु पर्छ रे निको नभए नपस्दा पनि हुन्छ रे भनिन् । अनि म डिटी शेर्पाले गोठमा संगति चलाइरहेको छ भन्ने सुनेर आफूभन्दा ठूलो लौरोको सहायता लिएर बल्ल बल्ल त्यहा पुगेँ । त्यति बेला मलाई संगतिमा आउन साँढे दुइ घन्टा लाग्थ्यो तर अहिले मलाई आधा घण्टा मात्र लाग्छ । प्रार्थना गरेको दुइ हप्तामा केही निको भएको अनुभव मैले गरे । तेस्रो हप्तामा पदम दाइ र उहाँसँग दुइ जना आउनुभयो र उहाँले मलाई भाइ प्रभुलाई ग्रहण गरेपछि पुरै निको हुन्छ भन्नुभयो अनि मैले ६६ श्रावण १२ गते प्रभुलाई मुक्तिदाता भनी ग्रहण गरे र नभन्दै म जस्ताको तस्तै हुन सके पछि मेरो परिवारले पनि प्रभुलाई ग्रहण गर्नुभयो । अहिले बिगु झुण्डमा २२ जना जति मण्डली परिवार संगति गर्दै आइरहेका छौं । यहाँ प्रभुले अचम्मको काम गर्नुभएको छ ५० वर्ष सम्म धामी काम गरेको व्यक्तिले प्रभुलाई ग्रहण गर्नुभएको छ । अहिले म डिटी दिदीलाई सेवकाइमा सहायता गर्दैछु । प्रभुको वचनमा शक्ति छ निराश नहुनुहोस् । आमेन ।

## खड्ग श्रेष्ठ

मैले २०५३ सालमा ज्ञानेश्वर मण्डलीमा प्रवेश गरेको थिएँ र छ महिनासम्म मेरो घरमा शान्ति र आनन्दले प्रवेश गरेको थियो । तर म नेवार भएको कारणले मेरो दोलखा जिल्लाको मानिसहरूबाट सही नसक्नु बाधा विरोध आयो । पैसा खाएर ख्रीष्टियान भएको भन्दा पनि म वास्ता नगरी सेवा गर्दै गएँ । तर एकदिन सरद सम्मेलनको समयमा प्रेम गुरूबा मलेपु मण्डलीमा आउनुभएको थियो म मण्डली नगइ घरमै बसेको थिएँ । त्यहीँ दिनदेखि म प्रभुबाट टाढा भएँ । मैले टिका लगाएँ र काका बाबुको घरमा टिका लगाउन हिँडे तर काका बाबुलाई बाटैमा भेटे र उहाँले भन्नुभयो सहरमा ११ जनाको जूठो परेको छ तँ चाहिँ टिका लगाएर हिँड्दैछस् टिका पुछ् र म रूदैं घर फर्किए । त्यही दिनपछि मैले जाँड रक्सी लागु पदार्थ सबै कुरा खान थाले । प्रभुकहाँ जानुभन्दा १० वर्ष पहिला नै मैले चुरोट छोडेको थिए तर प्रभुलाई त्यागेपछि म खत्तम हुँदै जान थाले । मलाई कसैले पनि आएर प्रभुकहाँ जाउ भनेनन् र म आफैलाई पनि प्रभुमा फेरि फर्केर जानलाई लाज लाग्थ्यो । तर मलाई र मेरो परिवारलाई नयाँ जीवन दिन परमेश्वरले दिल थापा गुरूबालाई मलेपुमा पठाउनुभयो र उहाँले आफ्नो जीवन कहानी पनि मेरो जस्तै थियो भन्नुभयो र क्षमा माग्नुपर्छ भन्नुभयो । यसको साथसाथै सिमो न पाठक दाइले पनि मेरो परिवारलाई शैतानमाथि जय पाउने वचने सिकाउनुभयो । अहिले मेरो जीवनमा परिवर्तन आएको छ ।

## सावित्री राई, नेइम ललितपुर मण्डली

मेरो जन्म मक्वानपुर राई गाउँ गा.वि.स वाड नं. २ माझ गाउँमा भएको हो । हाम्रो परिवारमा म, आमा र बुबा गरी जम्मा ३ जना सदस्यहरू छौं । २०३०-२०३१ साल लगायत पन्चायत कालको कुरा हो, म सानै थिएँ र मेरो बुबाले बालकृष्ण राईद्वारा येशू प्रभुलाई प्रभु र मुक्तिदाता भनेर चिन्ने र त्यसको साथसाथै ग्रहण गर्ने मौका प्राप्त गर्नुभयो । पछि आमाले पनि प्रभुलाई ग्रहण गर्नुभयो । २०३१ साल कार्तिक महिनामा पोखरामा एउटा कन्फ्रेन्सको आयोजना गरिएको थियो । मेरो आमा र बुबाले पनि त्यस कन्फ्रेन्समा जाने मौका पाउनुभएको थियो । अनि उहाँहरूसंगसंगै म पनि त्यस कन्फ्रेन्समा गएँ । चार दिनको कन्फ्रेन्सपछि अन्तिम दिनमा बप्तिस्मा कार्यक्रम राखिएको थियो । बुबा र आमा दुवैजनाले दाऊदमसी अंकलबाट सेती नदीमा बप्तिस्मा लिनुभयो र हामी त्यहाँबाट फर्केर आयौं । त्यो समय दशैं र तिहारको बीचमा परेको थियो । दशैंको समयमा हामीहरू पोखरामा थियौं र गाउँमा आउँदा तिहार नजिकै थियो । बप्तिस्मा पछिको चुनौती चाहिँ तिहार मान्नुहुँदैन भन्ने कुरा थियो । जब हाम्रो घरमा तिहार मानिएन तब आफन्त, छरछिमेक र साथीभाइहरूबाट ठूलो सतावट आउन थाल्यो । घृणा, गिल्ला, अवहेलना जस्ता व्यवहारहरू उनीहरूले हामीलाई देखाउँथे । येशूलाई नछोडेमा पिट्ने, कुट्ने जस्ता अनेक धम्कीहरू आउन थाले । जसरी सतावट बढ्दै गयो त्यसरी नै त्यहाँ विश्वासीहरूको संख्या पनि बढ्दै गयो । यी कुराहरूले गाउँमा निकै हलचल ल्याएको थियो ।

सात गाउँका वडा अध्यक्ष, प्रधान पंच, सदस्य, मान्यजन (जातिको मालिक) जम्मा भएर सभा बोलाइयो । २०३१ साल मंसिर ५ गते सभामा येशू प्रभुलाई छोड्ने की गाउँ निकाला हुने भन्ने सर्त राखिएको थियो । सभामा सबै विश्वासीहरूलाई गाउँगाउँबाट बोलाइएको थियो । अनि एक एक गर्दै त्यहाँ आउनुभयो । मेरो बुबाले त्यहाँ जानु अगाडि आमा र मलाई तिमीहरूले प्रार्थना गर्नु है भन्नु भएको थियो । प्रार्थना गरेँ वा गरिन त्यो मलाई त्यत्ति याद भएन तर परमेश्वर साँच्चै हुनुहुन्छ भन्ने कुरा मलाई थाहा थियो र यो कुरा मलाई याद

पनि छ । जब मेरो बुबा पन्चायत सभामा जानुभयो । मेरो बुबाले के के नै जितेर आउनुहुन्छ जस्तै लागेर मैले मेरो साथीहरूलाई मेरो बुबाको पन्चायत हुँदैछ अनि उहाँलाई के के सोध्नुहुन्छ रे ! भनेर सुनाउँदै म घरतिर लागेँ । मलाई राम्रोसँग याद छ त्यो दिन म बुबा कतिखेर आउनुहुन्छ ? बुबालाई के भयो होला ? जस्ता खालका प्रश्नहरू मेरो मनमा खेलिरहेका थिए । मेरो आँखाले बुबा आउने बाटोमा नै हेरिरहेको थियो तर बुबा आउँदै आउनुभएन । धेरै बेरपछि करिब साँझ ६ बजेतिर बुबा घर फर्केर आउनुभयो । तब म हत्तार हत्तार बुबाको नजिकै गएर त्यहाँ के भयो भनेर सोधिहाले । बुबाले अब हामी यहाँ बस्न नपाउने र घर छोडेर जानुपर्ने कुरा बताउनुभयो । हाम्रो गाउँको सबै विश्वासीहरूले प्रभुलाई इन्कार गरेको, बुबा र पल्लो गाउँको एक परिवारले मात्र येशू प्रभुलाई इन्कार नगरेको कारण पानी नचल्ने भयौं र घरबार, जग्गा-जमिन, दाजुभाइ सबै कुरा छोडेर जानुपर्छ भनेर हामीलाई बताउनुभयो । त्यही समयमा हाम्रो छिमेकीले गोपाल बाजेले हामीलाई धेरै विरोध गर्दै बाइबललाई “बाइगोल” र बाइबल पढ्नेलाई “बाइगोले” भनेर खिसी गर्नुहुन्थ्यो, उहाँले नै हामीलाई साँझको समयमा नजानु, यही बस्नु तर भोलि बिहानै जानु भन्नुभयो । त्यसरी नै भोलिपल्ट बिहानै हामी त्यस गाउँबाट हिँड्यौं । हामी एउटा डाँडामा गयौं र त्यहाँ आमा लड्नुभयो । उहाँले त्यस ठाउँमा पानीको लागि निकै अप्ठ्यारो बाटो रहेको कुरा भन्नुभयो । त्यसपछि हामी फेरि बस्ने ठाउँ खोज्न फर्केर आयौं । त्यसैबेला गोपाल बाजेले जंगललाई देखाएर त्यस ठाउँमा कोही पनि नबसेको र त्यो पहिले हाम्रै बाजेले फाँडेको अनि त्यही नै जाऊ भन्नुभयो । हामीले त्यहाँको जंगल फाडेर झुप्रो बनाएर बस्यौं । स्याउलाको झुप्रो, परालको ओछ्यान थियो । मंसिर महिनाको समय भएको कारणले हाम्रो झुप्रोभित्र धेरै जाडो हुन्थ्यो । कसैलाई पनि हामीकहाँ आउन, बोल्न नपाउने गरी कडा नियम बनाइएको थियो । अनि जो हामीकहाँ आउँछ र बोल्छ उसलाई पनि हामीलाई जस्तै व्यवहार गर्ने चेतावनी दिएको थियो । त्यसैले हामीलाई कसैले पनि वास्ता गरेको थिएन । हाम्रो यस्तो अवस्थालाई काकाहरूले सहन सक्नुभएन र उहाँहरूले मलाई जति फकाए पनि मै मलाई जति फकाए पनि मैले प्रभुलाई नत्याग्ने जिदको कारणले नै मेरो आमा बुबाले पनि प्रभुलाई नत्याग्नुभएको अनि मलाई लैजान पाए त मेरो आमा र बुबा दुवैजना फर्केर आउनुहुन्छ भनेर सोच्नुभयो । तर उहाँहरूको यो प्रयास असफल भयो । यसरी नै समय धेरै बित्दै गयो र समय संगसंगै हामीले पनि धेरै कुराको सामना गर्दै गयौं । कुवामा पानी लिन जाँदा आमालाई सबैजनाले अछुत जस्तै व्यवहार गर्थ्यो र कुरा काट्ने जस्ता कुराहरूले उहाँलाई पानी लिन जान पनि निकै गाह्रो भयो । जब हामी गाउँबाट निकाला भयौं त्यस समयमा मैले हालै स्कूलमा भर्ना भएको थिएँ । अनि एक वर्ष पछि म कक्षा १ मा पुगेँ । जब म कक्षा २ मा पढ्दै थिएँ तब हेड सरले मलाई बाइबल पढ्छस् भने यो स्कूलमा पढ्न पाउँदैनस् भन्दै चिउँडो मा समातेर हप्काउने गर्थ्यो । अनि मैले मनमनै भने अब म स्कूल पढ्दिन भनेर एक साता त स्कूल पनि गइन । एक सातासम्म स्कूल नगएपछि अर्को सूर्य बहादुर सरले मलाई स्कूल नआउनुको कारण सोध्नुभयो र स्कूलमा भएको घटना थाहा पाउनुभए पछि स्कूलको शिक्षा सबैको लागि हो । अनि कसैलाई पनि त्यहाँ आउन देखि रोकथाम छैन त्यसैले भोलिदेखि स्कूल आउन र सरसँग कुराकानी गर्न भन्नुभयो ।

एकदिन स्कूलबाट आएर म नुहाउन खोलामा गएँ । कुवामा जान निषेध गरिएको थियो । त्यसैले कोही पनि नआउने ठाउँ भनेर खोलामा नुहाउँदै थिएँ । तब त्यो खोलाको तल अर्को किनारमा एकजना आन्टी हातखुट्टा धुँदै हुनुहुन्थ्यो, उहाँले मलाई देख्नुभयो र येशू धर्म मानेर पानी नचल्ने भएको मान्छेले माथि पानी छोएर म अशुद्ध भएँ भन्दै सराप्न लाग्नुभयो । म यी कुराहरूले गर्दा म रुँदै घरमा फर्के । येशू प्रभुलाई त मानिसहरूले बाँकी राखेन भने हामी को हौं र ! भनेर बुबाले मलाई सम्झाउनुभयो र आमासँग अर्को ठाउँमा नुहाउन पठाउनुभयो । त्यसरी नै भोलिपल्ट म बाटोमा हिँड्दै थिएँ । एकजना आन्टीले मलाई देख्नुभएपछि मलाई देखाउँदै हेर त येशूको छोरी हिँडेको येशूले नै नयाँ लुगा पनि दिएछ भन्दै मलाई खिसी गर्न लाग्नुभयो । सबैजनाले मलाई हेर्दै हाँस्न थाले । मलाई अप्ठ्यारो लागेर म झ्याङमा लुकेँ र उनीहरू गएपछि मात्र म बाहिर निक्लें । घरमा आमासँग यी विषयमा कुरा गरे र आमाले मलाई हामी प्रभुका छोरी हौं र उहाँले नै सबै कुरा जुटाइदिनुहुन्छ भनेर बताउनुभयो । यो सुनेर म ढुक्क भएँ ।

त्यस समयसम्म कोही पनि आवत जावत गर्दैनथ्यो अनि लुकेर संगति गर्न आउनेहरूको संख्या बढ्दै गयो । त्यसरी नै सतावट आएपछि संसारमा फर्कने क्रम पनि बढी नै हुन्थ्यो । त्यो सुरुको समयमा येशूलाई इन्कार गर्ने कोही पनि आजसम्म विजयी इसाई भएर जिउन सकेका छैनन् । त्यसकारण कुनै पनि परिस्थितिमा, समस्या आउँदा एकछिनको लागि भनेर सम्झौता गर्नु हुँदैन । यी कुराहरूले सधैं हामीलाई पछाडि तानिराखेको हुन्छ । हामी स्थिर रहन सक्यौं भने पछि पनि खडा भइरहन सक्छौं । त्यो समयमा हामीले केही नोक्सानी भोग्नुपरे तापनि अथवा केही कुरा गुमाउनु परे तापनि हामी खीष्टको निम्ति तयार रहनुपर्छ । त्यो नोक्सानी केही समयको लागि मात्र हो फेरि त्यो प्रभुले दिनुहुन्छ । यो कुराको उदाहरण मेरो बुबा हुनुहुन्छ । उहाँले गुमाएको घर, जग्गा-जमिन र गाईबस्तुहरू सबै फिर्ता पाउनुभयो । हामीले ६ वर्षसम्म सतावटहरू भोग्यौं । त्यसपछि प्रभुले अचम्मको काम गर्नुभयो र पूरै गाउँ नै परिवर्तन भयो । अहिले त्यो गाउँमा २ वटा मण्डली स्थापना भइसकेको छ । त्यो कठीन समयमा गाह्रो भयो तर अशान्ति भएन । कहिल्यै हामीलाई पछुतो लागेन । ती कुराहरू अहिले सम्झँदा ज्यादै आनन्द लाग्छ । जग बलियो भयो भने घर बलियो हुन्छ भन्ने भनाईलाई त्यो समयसँग तुलना गर्न सकिन्छ । हामीले धेरै अगाडि देखि नै

# प्रार्थनाबाट सुरु गरेको यात्रा ...



कुवापानीको लागि प्रार्थना गरिरहेका थियौं । हामीले प्रभुलाई विश्वास गर्दा त्यस ठाउँमा अरु कोही विश्वासीहरू थिएन । त्यसैले त्यस ठाउँमा धेरै विरोधका कुराहरू पनि आए । प्रभुलाई विश्वास गरेपछि हामीलाई घरभित्र पस्न मनाही गरियो र पिडीमा नै हाम्रो बास भयो । जब हामी विश्वास गरेर त्यस ठाउँमा गयौं, त्यहाँका मानिसहरूले हामीलाई त्यहाँबाट खेदेका थिए । खेदो भएको कारणले त्यस ठाउँमा फर्कने अनुमति थिएन । त्यसैले हामीले त्यस ठाउँको लागि धेरै प्रार्थना गर्न थाल्यौं । यदि त्यहाँका मानिसहरूले विश्वास गर्छन् र उनीहरूको आत्मा बाँच्छ भने हामी जे गर्न पनि तयार छौं भनेर हामीले प्रार्थना गऱ्यौं । यो प्रार्थना गरेको लगतै त उत्तर आएन तर ९-१० वर्षपछि त्यस ठाउँमा प्रभुको काम सुरु हुन थाल्यो । जुन व्यक्तिहरूले हामीलाई खेदो र विरोध गर्नुभएको थियो पछि गएर उहाँहरूले नै प्रभुलाई विश्वास गर्नुभयो । यो हाम्रो प्रार्थनाको पहिलो उत्तर थियो ।

हामीलाई विरोध र खेदो गर्नेहरूले काठमाडौंमा नै प्रभुलाई विश्वास गर्नुभयो तर गाउँमा जान मनाही भएको कारणले गर्दा उहाँहरू काठमाडौंमा नै बस्न थाल्नुभयो । त्यसरी नै केही जवानहरूले पनि प्रभुलाई काठमाडौंमा नै विश्वास गर्न थाले । यस्तो परिस्थितले गर्दा हामीले प्रभुलाई त्यहीको स्थानीय आमा दिदीबहिनीहरू दिनुहोस् भनी बिन्ती गर्न थाल्यौं । साँच्चै नै त्यहाँ ३ जना आमाहरूले प्रभुलाई विश्वास गर्नुभयो । आमाहरूले विश्वास गरिसक्नुभएपछि हामीले त्यहाँ संगति संचालन हुन सकोस् भनेर प्रार्थना गर्न थाल्यौं । हाम्रो प्रार्थना प्रभुले ग्रहण गर्नुभयो र त्यहाँ हाम्रो संगति पनि सुरु भयो । अनि संगति सुरु भएको दिनमा नै त्यहाँ एक जना जवान बहिनीले प्रभुलाई ग्रहण गर्नुभयो । जसरी यो सन् २०१० मा हाम्रो संगति सुरु भयो त्यसरी नै अब सन् २०११ मा मण्डली स्थापना हुनसकोस् भनेर हामीले फेरि प्रार्थना गर्न थाल्यौं । हामीले प्रभुलाई यो प्रार्थना त चढायौं तर त्यस ठाउँमा विश्वासीहरू त्यत्ति थिएनन् । प्रभुलाई विश्वास गर्नुभएको जवान बहिनी पनि काठमाडौंमा काम गरेर बस्न थाल्नुभएको थियो । फेरि त्यस ठाउँको संगतिमा ४ जना सदस्यहरूकबाट ३ जना आमाहरू मात्रै हुनुभयो । हामीले त्यस ठाउँमा बाबुदाजुभाइ पनि दिनुहोस् भनेर प्रार्थना गर्न थाल्यौं । त्यसको केही समयपछि त्यहाँको २ जना पाका मानिसहरूले प्रभुलाई विश्वास गर्नुभयो ।

हामीले २०११ मा मण्डलीको भवन निर्माणको दर्शन देखेका थियौं तर यसको लागि हामीसँग रकम पनि थिएन र यसको साथसाथै मानिसहरू पनि थिएनन् । तर पनि हामीले यही दर्शनलाई नै बोकेर बोझ सहित प्रार्थना गरिरह्यौं । २०६७ फाल्गुन १४ गते त्यहाँ बप्तिस्माको कार्यक्रमको लागि पा.बीर बहादुर खवास आउनुभयो र ३ जनाले पानीको बप्तिस्मा लिए ।

संगतिको एकजना दिदीले हामीलाई मण्डलीको लागि जमिन दिनुभएको थियो र त्यसपछि भवन निर्माणका लागि हामीले खार्ने काम पनि गर्न लागेका थियौं । यो खार्ने काममा मात्रै ६० हजार लाग्ने कुरा हामीले थाहा पायौं । तर हाम्रो हातमा भने जम्मा ४ हजार थियो । यी सबै कुराहरू पछि सबैजनाको सहमतिमा हामी आफै त्यो जमिन खार्ने निर्णय गऱ्यौं र कोदालो बोकेर खार्न सुरु गऱ्यौं । यसरी सन् २०११ मा मण्डली भवनको निर्माण पनि सम्पन्न भयो । भवन बनाउँदै गर्दा काम गर्न आउनुभएका साना-ठूला गरेर १० जनाले प्रभुलाई ग्रहण गर्नुभयो । त्यसरी नै प्रभुको कृपाले सन् २०११ मा यस मण्डलीका ६ जना सदस्यको बप्तिस्मा र ६ जना सदस्यको समर्पण पनि भइसकेको छ । यस मण्डलीमा हामी सबै सदस्यहरू गरेर जम्मा ३५-४० जना रहेका छौं । तर नियमित रूपमा संगतिमा आउनेहरू जम्मा १५-२० जना रहेका छन् । यही सन् २०११ मा नै १२ जनाले प्रभुलाई आफ्ना मुक्तिदाता र प्रभु भनी ग्रहण गरेका छन् ।

हामीले जवान बुहारीहरू, जवान छोराछोरीहरूले पनि प्रभुलाई विश्वास गर्न सकून् भनेर प्रार्थना गरेका थियौं र गर्दै आएका छौं । विगतलाई फर्केर हेर्दा हाम्रो मण्डलीमा जवानहरूको संख्या कम थियो । जवान संगतिको विषयमा मण्डलीका विश्वासीहरूले मलाई जवानहरू एकजना पनि नभएकोले यो संगति कसरी सुरु हुनसक्छ भनेर प्रश्न गर्नुहुन्थ्यो तर मैले उहाँहरूलाई प्रभुले हामीलाई सानो कुरा होइन तर ठूलो कुरा माग्नुपर्छ भन्नुभएको छ भन्ने कुरा बताउँथे । अहिले प्रभुले मण्डलीमा जवानहरूको संख्या थपिरहनुभएको छ । हुनत प्रभुले आशिष दिँदैहुनुहुन्छ साथै विरोध र खेदो पनि आइरहेको छ । जब हामी त्यहाँ गएका थिएनौं त्यत्ति सारो विरोध थिएन । तर अहिले त्यहाँ एक प्रकारको छुट्टै विरोधहरू भइरहेका छन् । अनि जहाँ विरोधहरू बढी हुन्छन् त्यहाँ नै प्रभुको काम पनि धेरै नै हुन्छ । हामीले विरोधको रूपमा कुटाई-पिटाई त खाएनौं तर थुकाई चाहिँ खाएका थियौं । तर अहिले गाउँका विश्वासीहरूले कुटाइ पनि खानुभयो । घरमा छोरा र बुहारीले प्रभुलाई विश्वास

गर्नुभएको कारण घरको बुवाले आएर मण्डली भित्र नै बुहारीमाथि हात पनि उठाउनुभयो र पनि बुहारीले सहनुभयो। सबै मण्डली परिवारलाई तनाव पनि भयो। तर पनि यो घटनाले विश्वासीहरू प्रभुबाट हट्ने काम भएन तर झनै प्रभुलाई पछ्याउने काम भइरहेको छ।

गाउँघरको मानिसहरूले पनि हामीलाई कुट्ने-पिट्ने धम्की पनि दिइरहेका थिए। अनि यसै बीचमा महभीर भन्ने गाउँको एकजना १५ वर्षदेखि भूतआत्मा लागेको व्यक्तिले प्रभुलाई विश्वास गर्नुभयो। त्यस ठाउँमा धेरै मानिसहरू भूतआत्माबाट पीडित छन्। त्यस गाउँमा हामीले सुसमाचार सुनाउनुका साथै आत्मिक युद्ध पनि लडिरहेका छौं।

जसरी वचनमा लेखिएको छ, "ममा आशा राख्नेले कहिल्यै पनि निराश हुनुपर्दैन।" जब हामी आशा राख्छौं र प्रभुमा भरोसा राख्छौं भनेदेखि हाम्रो अगाडि, पछाडि रहेर, हाम्रो साथमा रहेर काम गर्नुहुने चाहिँ प्रभु नै हुनुहुन्छ। जब हामी प्रभुमा भरोसा राख्छौं, हरेक कुरामा प्रभुले हामीलाई सहायता गर्नुहुन्छ। जसरी प्रभुले भन्नुभएको छ, "नडरा, निराश नहोऊ, किनकि म तेरा परमेश्वर हुँ। म तँलाई सम्हाल्नेछु र तेरो दाहिने हात समातेर डोऱ्याउनेछु।" साँच्चै जस्तो सुकै परिस्थितिबाट भएर जानु परेतापनि प्रभु हाम्रो साथमा हुनुहुन्छ। हामी संसारमा भएको कारणले यी कुराहरू आउनु स्वभाविक नै हो। तर पनि प्रभुले हामीलाई सम्हाल्नुहुन्छ र हामीलाई यस्ता खालका परिस्थितिमा डोऱ्याउनुहुन्छ।

मेरो व्यक्तिगत सोचाई भिन्दै थियो। त्यति पढाइ नभएको कारणले गर्दा म केही पनि गर्न सक्दिनँ भनेर सोच्ने गर्थें। आफ्नै काममा नै व्यस्त रहन्थें र जेठी छोरीलाई बिहान नौं बजे स्कूलमा छाडेर बेलुकी सात बजे लिन जान्थें। मैले धेरै काम गरे तापनि मलाई केही सफलता हुँदैन थियो। यो कुराको लागि मैले प्रभुसँग प्रार्थना गर्न थालें र प्रभुको इच्छा के छ सो बुझ्न खोजें। यस्तो प्रार्थनापछि म जाने संगतिको एकजना दिदीले मलाई संगति चलाउनुपर्छ भनी बताउनुभयो। यो कुरा सुनेर मलाई एकदमै डर लाग्यो र पछाडि फर्केर हेर्दा धेरै पूरानो र उमेरमा पनि धेरै जेठो विश्वासीहरू हुनुहुन्थ्यो। अनि कसरी मैले सिकाउने जब कि मेरो पढाई त्यति थिएन र उमेरमा पनि कान्छो भनेर सोच्न थालें। संगति चलाउने काम मबाट हुन सक्दैन भन्ने कुरा मेरो मनमा लाग्यो। तर दिदीले तिम्रो मनमा धेरै कुरा लाग्यो होला, यो पाठ लिएर पढेर सुनाउनु र छलफल गर्न लगाउनु भन्नुभयो। यो कुरा सुनेर मैले नाइँ भन्न सकिन। यसको लागि मैले धेरै प्रार्थना गरें। त्यसपछि आमा-दिदीबहिनीहरूको संगति चलाउने मौका पाएँ र संगति चलाउँदै गएँ। यसरी नै मैले घरेलु संगतिहरू पनि चलाउँदै गएँ। त्यसपछि उहाँहरूले मलाई मिसन समितिमा बस्नुपर्छ भन्ने कुरा बताउनु भयो। यो सुन्ने बित्तिकै म अलि हिच्किच्याएँ। त्यसको केही समयपछि उहाँहरूले म यहाँ बस्नलाई होइन तर मिसनमा जानको लागि हो भनेर बताउनुभयो। अनि यसको लगत्तै मैले प्रभुसँग म मिसनको लागि होइन म सक्षम छैनँ भनेर प्रार्थना गरें। न ममा पढाइ छ न ता ममा खुबी नै छ त्यसैले म मिसनको काम गर्न सक्दिन भनेर प्रार्थना चढाएँ। यही प्रार्थनाको क्रममा प्रभुले मलाई विगतका दिनहरूलाई नियाल्न लगाउनुभयो। साँच्चै नै ती दिनहरूमा प्रभुले मलाई लैजानुभएको ठाउँमा न ता धेरै पढेका मानिसहरू थिए न नै धेरै खुबी भएकाहरू थिए। यी कुराहरूको स्मरणपछि प्रभुलाई तपाईंको इच्छाअनुसार म गर्नेछु भनेर उत्तर जनाएँ। त्यसपछि शनिबारको दिन नेइम ललितपुरमा आराधना सेवाको लागि म मण्डलीमा गएको थिएँ, मण्डलीमा "जहाँ मलाई लानुहुन्छ त्यहीं जान तयार छु म" भन्ने भजन गाइरहेको थियो। त्यस भजनलाई मैले सन् २००९ को लागि मिसनको काममा जानको निम्ति प्रार्थना सहित आफ्नो बनाएर गाउन थालें।

त्यसरी नै ज्ञानेश्वर मण्डलीमा आयोजना गरिएको अगापे सम्मेलनमा ललितपुरको खाना बनाउने पालो थियो त्यसैले म भान्छामा काम गरिरहेको थिएँ। केही समयपछि मण्डली भवनभित्र आत्मिक सेवा सुरु भएको थियो। म हतारिदै भित्र गएँ। त्यही समयमा प्रभुले मलाई मिसनसम्बन्धी दर्शन दिनुभयो। उहाँले मलाई बताउनुभयो कि सेवकाइमा जाँदा धेरै गाह्रो कठिनाई हुन्छ र यसको लागि तयार हुनुपर्छ भनेर बताउनुभयो। मैले प्रभुलाई भने जान त जाने तर कहाँ जाने ? भनेर प्रश्न गरें र एउटै आवाज मेरो कानमा गुन्जियो "कुवापानी"। अन्तमा पास्टर गुरुबाको प्रार्थनापछि म घर तिर फर्कें। घरमा मैले वचनबाट हेर्दै थिएँ तर त्यो वचनलाई मैले राम्रोसँग बुझ्दै बुझिनँ। त्यो वचन बुझ्नको लागि सबैलाई सोधें तर जवाफमा मैले समय आएपछि तपाईंले बुझ्नुहुनेछ भनी उत्तर पाएँ। त्यसपछि मैले एकपटक कुवापानीमा संगति चलाएर आउँदा फेरि त्यही पद पल्टिरहेको देखें त्यहाँ लेखिएको थियो, "प्रभु गधाको बछेडामाथि आउनुहुन्छ" अनि मैले त त्यस पदलाई आफैले थपेर "ए छोरी ! परमेश्वर गधाको सवारीमा कुवापानी आउँदैहुनुहुन्छ।" भनेर लेखेको रहेछु। पहिले मैले नबुझेको पद पनि यही नै थियो। म छक्क परें र मैले कुन बेला यो लेखेको रहेछु भनेर सोच्न थालें। कतिपल्ट प्रभु हामीसँग यसरी बोल्नुहुन्छ अनि हामी ती कुराहरूलाई याद नै गर्दैनौं र बुझ्दैनौं पनि तर समय आएपछि हामीले ती कुराहरू बुझ्नेरहेछौं।

लक्ष्मी पाखिन, नुवाकोट, कुवापानी मण्डली

# ५ वर्ष सम्म मात्रै गाउँ घरमा आएर ...



नेपाली इसाई मण्डली सानो मुडेबास मण्डलीको स्थापना २०६६ साल चैत्र २४ गते को दिन विधिवत रूपमा काठमाडौंबाट आउनुभएको आदरणीय पास्टर डा. राजेन्द्र कुमार रोगोंग ज्यू, पास्टर अशोक मुखिया लगायत उहाँका भ्रुण्डद्वारा भवन उद्घाटन गरिएको थियो । आजको दिनसम्ममा मण्डलीको उद्घाटन भएको लगभग ३ वर्ष जति भयो । अहिले हाम्रो मण्डलीमा विश्वासीहरूको संख्या वृद्धि भइरहेको छ । पानीको बप्तिस्मा लिनेहरूको संख्या २५ जना पुगेको छ । सण्डे स्कूलका बालबालिकाहरू जम्मा गरेर १४-१५ जना छन् । यसको साथसाथै हामी अगुवाहरू निर्माण गर्दैछौं । यसरी नै भावी मण्डलीको योजनामा मण्डलीका अगुवा लगायत मण्डलीका सदस्यहरूलाई प्रभुको वचनमा परिपक्व पार्नलाई विभिन्न तालिम तथा सेमिनारहरूमा सहभागी गराउने रहेको छ । मण्डलीलाई विशेष तरिकाले अगाडि बढाउनको लागि विभिन्न ठाउँमा गएर तालिमहरूमा सहभागी गराउने काम पनि गराइरहेका छौं । धनकुटाको यो चौबिसे क्षेत्रमा एकिकृत इलाकासम्म छ र उहाँहरूसँग हातेमालो गर्दै प्रभुको काम अगाडि बढाइराखेका छौं । हाम्रो मण्डलीका भावी रणनीतिहरू अर्थात् योजनाहरू भनेको चाहिँ मण्डलीलाई अलिकति व्यवस्थित गर्नु छ अनि त्यसै गरी अरु भौतिक संरचनाहरूको अभाव छ त्यसलाई पनि पूरा गर्दै जाने, र भयो भने हाम्रो ३ घण्टा टाढादेखि संगतिको लागि आउनेहरूलाई संगति दिने योजनाहरू पनि छ । तर यो कामको लागि हामीसँग अहिले परिपक्व अगुवाहरूको अभाव भएको छ । मण्डलीलाई चाहिँ वृद्धि गर्दै लैजाने हाम्रो इच्छा र योजना रहेको छ ।



मेरो जन्मथलोमा आएर सेवकाइ सुरु गर्नुको पछाडि निकै रोचक कथा छ । म काठमाडौंको ज्ञानेश्वर मण्डलीको संगीत भ्रुण्डमा र साउन्ड सिस्टममा सेवकाइ गर्दैथिएँ । तर मेरो आमाको प्रार्थना चाहिँ सधैं आफू जन्मेको ठाउँ अर्थात आफ्नो जन्मथलो नै फर्कनुपर्छ भन्ने हुन्थ्यो । यो खालको प्रार्थना सुन्दा मलाई चाहिँ एक प्रकारले भ्रुर्को लाग्थ्यो । तर पनि आमाले यो प्रार्थना गर्न छोड्नुभएन । मेरो लागि काठमाडौंमा धेरै अवसरहरू पनि आएको थियो । तैपनि प्रभुको योजना मेरो जन्मथलोमा सेवकाइ गर्नु थियो त्यसैले अचानक मलाई मेरो जन्मथलोमा आउन प्रेरणा दिनुभयो । म काठमाडौंबाट २०६६ सालको फाल्गुनको अन्तिमतिर गाउँमा फर्के । त्यतिबेला मधेश आन्दोलन चर्किरहेको थियो । चितवनमा लगभग ६ दिन फसेँ । अनि त्यहाँका माडवारी समाजका दाजूभाइहरूले पहेलो दाल र भात खुवाएर ६ दिनसम्म बसाउनु भयो । यसरी म यहाँ धनकुटासम्म आइपुगें ।

यहाँ आइसकपछि अचम्म तरिकाले मण्डलीको स्थापना भयो । आमा र म मिलेर आफन्तको घर मा शरण लिएर बस्यौं । हामी दुवैजना मिलेर प्रार्थना गर्दै थियौं । अनि एकजना सिकिस्तसँग बिरामी भएको दाजूलाई मैले भेटेर प्रभुको बारेमा सुनाएँ र उहाँ प्रभुमा आउने इच्छा व्यक्त गर्नुभयो । यसको साथसाथै उहाँले तत्कालै उहाँले चंगाई पनि पाउनुभयो । जसको कारणले गर्दा उहाँ साक्षी हुनुभयो र त्यसपछि मण्डलीको स्वरूप लियो । केही समयपछि उहाँको बुहारीले प्रभुलाई चिन्नुभयो र त्यसै हुँदा-हुँदा मण्डली स्थापना भयो । मण्डलीले अहिले काठमाडौंमा हुने ज्ञानेश्वर मण्डली लगायत विभिन्न दाताहरूको पहलमा मण्डलीले अहिले एक रोपनी जग्गा खरिद गर्न सफल भयो । यसरी नै मण्डलीले अगाडि बढ्ने मौका पायो । यसरी नेइम सानो मुडेबास मण्डली प्रभुको अनुग्रह र कृपामा बढ्दै आयो र अझैं बढ्दै जाने नै छ ।

उत्साहको निम्ति म तपाईंहरू के भन्न चाहन्छु भने, अहिले सहर केन्द्रित सेवकाइहरू धेरै भएको छ । तर जब म काठमाडौंको १० वर्षको लामो सहरिया जीवनलाई छोडेर यो गाउँमा आएपछि थाहा पाएँ, कि मानिसहरूले प्रभुको बारेमा सुनेका छैनन् । येशूले निको पार्नुहुन्छ र उहाँमा मुक्ति छ भन्ने गाउँघरका मान्छेहरूलाई थाहा छैन । यसर्थ प्रभुको काम गर्न गाउँघरमा अवसर धेरै छ साथै चुनौती पनि छ । त्यसैले गर्दा सहरमा बसेर सेवकाइ गरिराख्नुभएका आदरणीय प्रभुका जनहरूलाई म भन्न चाहन्छु, कि एकचोटी गाउँमा आएर ५ वर्ष सम्म मात्रै मेहनत गर्नुभयो भने नेपालको हरेक गाउँमा प्रभुको मण्डली स्थापना हुनेछ अनि नेपाल देशलाई प्रभुमा जित्ने हाम्रो लक्ष्य पूरा हुनेका लागि पनि धेरै समय लाग्नेछैन। म अनुरोध गर्छु, एउटा बोझ र दर्शन लिएर गाउँघरमा फर्कनुहोस् । एकचोटी थोरै समय वा त पाँच वर्षसम्म तपाईंले आफू जन्मेको ठाउँमा बिताउने कोसिस गर्नुभयो भने नेपाल देशलाई अबको ५-१० वर्षभित्रमा प्रभुमा जित्न सक्नेछौं ।

- रोमी मगर (क्यानभास), धनकुटा

# चौतारी ग्रोसर



सबै किसिमका खाद्य सामग्रीहरू सुपथ तथा थोक मूल्यमा चाहिएमा,
चौतारी ग्रोसर मिनी मार्टलाई सम्झनुहोस्
हजुरहरुकै रोजाइका सामानहरू,
हजुरहरुकै घर आगनमा ल्याइपुऱ्याउने सुविधाको फाइदा लिनुहोस् ।

**चौतारी ग्रोसर मिनी मार्ट रातोपुल, ज्ञानेश्वर**
**सम्पर्क नं. ९८४१०१५०२४, ९८४१४२७५२३, ९८४१२०७७९७**

# Binay Embroidery

Manufacturer, Wholesaler & Retailer for all types of Plain, Embroidery and Print T-shirts & other Exclusive Garment Items











विभिन्न सम्मेलन, गोष्ठीहरुको निमित्त स्वयं सेवक टीसर्टहरु थोक मूल्यमा प्राप्त गर्नको निमित्त, इम्ब्रोइडरी सम्बन्धी सबै कार्यहरुका निमित्त साथै सबै प्रकारका सादा, प्रिन्ट र इम्ब्रोइडरी टीसर्ट तथा व्यागहरु चाहिएमा हामीलाई सम्झनुहोस् ।

विनय इम्ब्रोइडरी, ज्याठा, ठहिटी
फोन नं. ९८४१४४१६४४ इमेल: bishnukomail@gmail.com

## "स्वास्थ्य नै जीवनको अमूल्य धन हो ।"

लामो समयको अनुभव र पूर्ण दक्ष कुकहरूको छनौट गरी संचालन गरिएको बागबजारको अति प्रचलित स्थानमा अवस्थित यस महिमा म:म सेन्टर यहाँहरूको सेवामा सदैव तत्पर छ ।



**महिमा**
**म:म**
**सेन्टर**

यहाँ म:म तथा अन्य फाष्टफूड खानाहरु पाइन्छ साथै होम प्याकिङ्को पनि व्यवस्था छ ।

साथै विभीन्न सभा-सेमीनार तथा गोष्ठीहरूको लागि भेज तथा नन्-भेज लन्चबक्सहरु डेलिभरीको पनि व्यवस्था छ ।

# एस्तर शु सेन्टर

"ग्राहकको सेवा नै हाम्रो सन्तुष्टि हो"



**यहाँ गुणस्तरीय जुत्ता, चप्पल तथा ब्यागहरू शुपथ मूल्य पाइन्छ ।**

एस्तर शु सेन्टर, गौशाला, काठमाडौं
प्रो. शम्भु ढंगाल, फोन नं. ९८४१३१४५६२, ९८४११४३७०३

Regd. No. 083 / PAN No. 303012470

ग्लोबल रेकर्डिङ्गस् नेटवर्क नेपाल
Global Recordings Network Nepal

Bhanimandal, Lalitpur, Nepal. Phone: 01-5000637, E-mail Address: grnnepal@globalrecordings.net

तपाईको छिमेकी कुन भाषा बोल्नुहुन्छ ?
"सुसमाचार सबै भाषा र भाषिकाका लागि"



"विश्वास सुनाईबाट आँउछ" (रोमी १०:१७) भन्ने यथार्थता हामी सबैलाई थाहा छ । त्यसैले हरेक जाति, वर्ग र समुदायका सबैले आ-आफ्नो भाषामा सुसमाचार सुन्न पाउनुपर्छ भन्ने मान्यता राख्दै, विश्वव्यापीरूपमा करीब ७ दशक (७० वर्ष) को इतिहास बोकेको, ग्लोबल रेकर्डिङ्गस् नेटवर्कले नेपालमा पनि जि.आर.एन्. नेपालको नामबाट झण्डै ३ दशक (३० वर्ष) देखि १२० भन्दा बढी भाषा–भाषिकाहरूमा सुसमाचारीय चक्काहरू उत्पादन गरी सेवा पुऱ्याउदै आएको छ । जि.आर.एन्. नेपालको उत्पादनहरूको माध्यम बाट तपाईंहरूले विभिन्न भाषा–भाषिकाहरूमा आफ्नो गाउँ, टोल, छिमेकमा सुसमाचार पुऱ्याउन सक्नुहुन्छ । यसले तपाईको सेवकाईलाई अझ प्रभावकारी बनाउन सहयोग गर्नसक्छ । स्थानीय मण्डलीहरू तथा अन्य संघ–संस्थाहरूसंग हातेमालो गरी जि.आर. एन्.नेपालद्वारा उत्पादित सामग्रीहरू वितरण गर्ने हाम्रो उद्देश्य रहेको हुँदा, यस संस्थाद्वारा उत्पादित सामग्रीहरू तथा हातले घुमाई बजाउने यन्त्र स्थानीय मण्डलीहरू, प्रचारकहरू, संघ–संस्थाहरू, नेपाल बाहिरबाट छोटो तथा लामो अवधिका लागि आएका मिशनेरी-हरूले, यस संस्थाको आधारभूत शर्तहरू पूरा गरी, ती सुसमाचारीय सामग्रीहरू सहजै प्राप्त गर्न सक्नुहुनेछ ।

साथै, नेपाली भाषा लगाएत विभिन्न भाषा–भाषिकाहरूमा गुणस्तरीय सुसमाचारीय साम्रगीहरू, गीतहरू, बाइबलीय खण्डहरू, नाटकहरू, साक्षीहरू रेकर्ड गर्नुपरेमा तथा क्यासेट चक्का, सि.डी., भि.सि.डी., डि.भि.डी.हरू सस्तो र शुलभ मूल्यमा उत्पादन गर्नु-परेमा हामीलाई सम्झनुहोला ।

PAN No. : 600705374

Faith Works फैथ् वर्कस् कलेक्सन् Collection



स्वदेशी तथा विदेशी सबैलाई सुहाउने बिभिन्न डिजाईनका गुणस्तरीय Day Bag, Trekking Bag, School Bag साथै ऊनबाट बनेका टोपी, पञ्जा, खास्टो, तथा अन्य सामग्रीहरुका लागि हामीलाई सर्म्पक राख्नुहोला । यहाँ, सुपथ मूल्यमा अर्डर अनुसार गुणस्तरीय सामग्रीहरु पाईन्छ । साथै, धेरै मात्रामा अर्डर अनुसारको सामानहरु उत्पादन गर्नु परेमा पनि हामीलाई सर्म्पक गर्नुहोला ।

सम्पर्क ठेगाना :– फेथ् वर्कस् कलेक्सन्, जावलाखेल, ललितपुर, नेपाल ।

फोन :-०१-५५९११९९, मोबाइल : ९८४१२५८६९६

## विश्व प्रसिद्ध लेखक तथा क्यालभरी च्यापलका पास्टर डेविड गुजिकद्वारा लिखीत तथा आउटरिच नेपाल मिनिष्ट्रिजद्वारा प्रकाशित बाइबल सम्बन्धी टिप्पणीहरू

### प्रेरितहरूको काम तथा तिमोथीलाई पावलको पहिलो पत्र







**बाइबलका गहिरा रहस्यहरू उजागर गर्दै टिप्पणी गरिएका पुस्तकहरू आजै पढ्नुहोस् र आत्मिक लाभ उठाउनुहोस् !**

प्रकाशकः आउटरिच नेपाल मिनिष्ट्रिज, नेपाल